# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **रमेश तूफानको जीवनी, व्यक्तित्व र कवित्व** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ विषय परिचय

रमेश तूफानको जन्म २०११ साल जेठ २६ गते कोसी अञ्चलअर्न्तगत मोरङ्ग जिल्लाको विराटनगर वडा नं. १०, सरस्वती टोलमा भएको हो । उनका पिता गणेशबहादुर आचार्य र माता लक्ष्मीदेवी हुन् ।

सानै उमेरदेखि अध्ययनशील तूफानले सुरुमा फुटकर कविताका रूपमा साहित्य लेखन गरे पनि त्यसको प्रकाशित रूप फेला पार्न सकिएको छैन, तैपनि उनको पहिलो प्रकाशित कवितासङ्ग्रहका रूपमा **सिपाहीको चिठ्ठीबाट** (२०४४) रहेको छ । उनले कविता, पत्रपत्रिका र उपन्यास सम्पादन गर्ने जस्ता विविध विधामा कलम चलाएको पाइन्छ । उनले लेखेका साहित्यिक लेखहरूलाई यहाँ प्रस्तुत गर्न वाञ्छनीय हुने हुनाले तिनीहरूलाई क्रमशः प्रस्तुत गरिन्छ ।

**सिपाहीको चिठ्ठीबाट** (२०४४) उनको पहिलो कवितासङ्ग्रह हो । त्यसपछि **रमेश तूफान नाम हुनुलाई** (२०५३) शीर्षक कवितासङ्ग्रह प्रकाशित छन् । प्रायः छोटा आयाममा विस्तारित यिनका सबैजसो कविता प्रगीतात्मक संरचनामा उनिएका छन् । तूफान पत्रपत्रिकातर्फ निरन्तर रूपमा काम गर्दै हाल राष्ट्रिय समाचार समितिका प्रमुख समाचारदाता हुन् । उनी प्रतिभा पुरस्कार मोरङ्ग (२०५४) बाट सम्मानित भइसकेका छन् । उनले भारत, बङ्गलादेश, पाकिस्तान, इजरायल, फ्रान्स, चीन, तिब्बत र कङ्गो (अफ्रिका) को भ्रमण गरिसकेका छन् ।

## १.४ समस्याकथन

साहित्यिक विधाहरूमा कलम चलाउनुका साथै विभिन्न पत्रपत्रिकाको सम्पादन गरिरहेका तूफान एक प्रतिभाशाली व्यक्ति हुन् । उनले नेपाली समाजका विभिन्न क्षेत्रमा योगदान दिएका छन् । यस सन्दर्भमा उनले लेखेका विभिन्न साहित्यिक र साहित्येतर दुवै खालका कृतिहरू महत्त्वपूर्ण रहेका छन् । उनका कृतिहरूका बारेमा छिटफुट रूपमा अध्ययन विश्लेषण भए पनि समग्र रूपमा उनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

भएको पाइदैन । यही विषय नै यस शोधकार्यको मूल समस्या भएको शृङ्खलालाई यसरी प्रस्तुत गरिएको छ :

(१) रमेश तूफानको जीवनी केकस्तो छ ?

(२) रमेश तूफानको व्यक्तित्व केकस्तो छ ?

(३) रमेश तूफानको कृतित्व केकस्तो छ ?

## १.५ शोधकार्यका उद्देश्यहरू

विशेषतः शोधसमस्याका क्रममा देखिएका प्रश्नहरूको उत्तर वा समाधान खोज्नु नै शोधकार्यको मुख्य उद्देश्य रहने हुनाले प्रस्तुत शोधकार्यको समस्याको सुव्यवस्थित एवम् वैज्ञानिक ढङ्गले व्याख्या-विश्लेषण र समाधान के कसरी गर्ने, भन्ने कुरामा केन्द्रित रहेर अध्यन गर्न निम्नलिखित उद्देश्यहरू रहेका छन्:

(१) रमेश तूफानको जीवनीको अध्ययन गर्ने,

(२) रमेश तूफानको व्यक्तित्वको अध्ययन गर्ने,

(३) रमेश तूफानका कृतित्वको अध्ययन गर्ने,

## १.६ पूर्वकार्यको समीक्षा

रमेश तूफानको जीवनी, व्यक्तित्व र कवितासङ्ग्रहका बारेमा धेरै खोज एवम् अनुसन्धान हुन बाँकी नै रहेको देखिन्छ । उनको जीवनी, व्यक्तित्व कृतिहरूको प्रकाशन खासै भएको छैन । यसै क्रममा तूफानका बारेमा भएका पूर्वकार्यको विवरण तल प्रस्तुत गरिएको छ :

खगेन्द्रप्रसाद लुइटेलद्वारा प्रकाशित **कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (२०६०) नामक पुस्तकाकार कृतिमा रमेश तूफानलाई समसामयिक गद्यकविका रूपमा उल्लेख गरी उनका कृतिका बारेका सामान्य जानकारी दिइएको छ । उनका बारेमा यसबाहेक अरू अध्ययन भएको छैन । त्यसैले यो शोधकार्य गरिएको हो ।

## १.७ शोधकार्यको औचित्य

तूफानको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित भई उनका तिनै क्षेत्रको विस्तृत, वैज्ञानिक एवम् सुव्यवस्थित रूपमा विश्लेषण र मूल्याङ्कन यस शोधकार्यमा गरिएकाले आउने पिँढीलाई उनका बारेमा तथा उनका कृतित्वका बारेमा वस्तुगत एवम् प्रामाणिक जानकारी उपलब्ध हुनेछ । प्रस्तुत शोधपत्रको अध्ययनबाट उनका बारेमा जान्न इच्छुक व्यक्ति, सङ्घ-संस्थाहरूका लागि सैद्धान्तिक एवम् व्यावहारिक रूपमा तथ्य प्रस्तुत गरिएकाले अनुसन्धानका क्षेत्रमा यसको महत्त्व रहेको छ । यसरी नै नेपाली साहित्यको इतिहासलेखनका क्रममा तथा साहित्यिक गतिविधिको मूल्याङ्कन गर्ने क्रममा यस शोधपत्रले तूफानको स्थान निर्धारण गर्न पनि सहयोग पुऱ्याउनेछ । उपर्युक्त विविध दृष्टिकोणले प्रस्तुत शोधकार्य औचित्यपूर्ण रहेको छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

रमेश तूफानको जीवनी, व्यक्तित्व र कवित्वको सामान्य चर्चा गर्नु यस शोधकार्यको सीमा छ । साथै उनको साहित्यिक तथा सामाजिक व्यक्तित्वको पनि सामान्य चर्चा गरिएको छ ।

## १.९ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रमा विशेष गरी सामग्रीसङ्कलनका लागि पुस्तकालयीय पद्धतिको प्रयोग गरिएको छ । यसका साथै शोधनायकसँगको अन्तर्वार्ताको प्रयोग गरिएको छ । त्यसका साथै **सिपाहीको चिट्ठी** (२०४४) **रमेश तूफान नाम हुनुलाई** (२०५३) कवितासङ्ग्रह तथा **सम्वाद र सम्वाद** उपन्यास (२०५५) कृतित्व पक्षका साथै उनका प्रकाशित फुटकर लेखरचनाहरूको पनि अध्ययन गरिएको छ ।

## १.१० शोधविधि

प्रस्तुत शोधपत्रका लागि सङ्कलित सामग्रीलाई विशेष गरी परम्परित पद्धतिको प्रयोग गरी विश्लेषण गरिएको छ । यसका साथै सङ्कलित सामग्रीको अवस्था हेरेर ऐतिहासिक, वर्णनात्मक, तुलनात्मक, विश्लेषणात्मक आदि शोधविधिहरू यथोचित रूपमा प्रयोग गरिएको छ ।

## १.११ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुसङ्गठित र सु-व्यवस्थित रूपमा तयार पार्न निम्नलिखित परिच्छेदहरूमा वर्गीकरण गरी अध्ययन गरिएको छ साथै शोधपत्रको अन्तिम संरचना पनि निम्नलिखित परिच्छेदगत रूपमा विभाजन गरी सम्पन्न गरिएको छ ।

पहिलो परिच्छेद : शोधपरिचय
दोस्रो परिच्छेद : रमेश तूफानको जीवनी
तेस्रो परिच्छेद : रमेश तूफानको व्यक्तित्व
चौथो परिच्छेद : रमेश तूफानका कृतिहरूको विश्लेषण
पाँचौं परिच्छेद : उपसंहार
परिशिष्ट
सन्दर्भग्रन्थसूची

## दोस्रो परिच्छेद
# रमेश तूफानको जीवनी

## २.१ जन्म र जन्मस्थान

रमेश तूफानको जन्म २०११ साल जेठ २६ गते कोसी अञ्चलअन्तर्गत मोरङ्ग जिल्लाको विराटनगर वडा नं. १०, सरस्वती टोलमा भएको हो ।[ञ] उनका पिता गणेशबहादुर आचार्य र माता लक्ष्मीदेवी हुन् ।[द] उनको वास्तविक नाम रमेशकुमार क्षेत्री (आचार्य) हो । रमेश तूफान साहित्यिक र पत्रकारिता क्षेत्रको नाम हो ।[घ] तूफानका पिता वागमती अञ्चल, ललितपुर जिल्लास्थित विसङ्खुमा जन्मेका हुन् । उनको जागिरका सिलसिलामा विराटनगर आएपछि लक्ष्मीदेवीसँग उनको दोस्रो विवाह भएको हो । त्यतिवेला लक्ष्मीदेवी विधवा थिइन् र उनका साना दुई छोराछोरीको बिजोग देखेपछि आफन्तको सल्लाह र सुझाव अनुसार विवाह गरेका थिए । उक्त विवाहपछि गणेशबहादुर विराटनगरमा नै घरजम गरेर बसे ।[द्ध]लक्ष्मीदेवीबाट दुई छोरा जीतबहादुर भक्त ॐ र रमेश तूफान तथा चार छोरीहरू कुसुम, बसुधा, शकुन्तला, सुशीला जन्मिएका छन् । उनका पिता गणेशबहादुरकी पहिली पत्नी दण्डकुमारीबाट एक मात्र छोरी जन्मेकी थिइन् ।[छ] रमेश तूफानको न्वारनको नाम जीतबहादुर हो ।[ट]

## २.२ बाल्यकाल र स्वभाव

रमेश तूफानको बाल्यकाल मोरङ्ग जिल्लाको विराटनगर वडा नं. १० मा बितेको थियो । तूफान बाल्यकालमा मुख्यतः फुटबल र पौडी खेल्न मन पराउँथे ।[ठ] घर नजिकको सिङ्गिया नदीमा बाढी आयो भने उनी घर परिवारलाई थाहा नदिई लुकीलुकी पौडी खेल्न जान्थे । तूफान ४ वर्षका हुँदा ठूलो सङ्कटबाट बाँचेका थिए । टन्सिलले उनको घाँटी ठ्याप्पै थुनिएपछि सास फेर्न कठिन भयो र हिक्क हिक्क गरेर प्राण जाने अवस्थामा पुगेको कुरा उनी बताउँछन् । त्यति वेला घरपरिवारले समेत माया मारिसकेका थिए । प्राण जाने अन्तिम समय भनेर यिनलाई तुलसीको मोठमा सुताइसकिएको थियो तर माता लक्ष्मीदेवीको अदम्य साहस र बुद्धिमत्ताका कारण यिनी बाँचेका थिए । तूफान बालक छँदा पनि यस्तै एउटा

---

ञ. रमेश तूफानसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

२. ऐजन ।

३. ऐजन ।

द्ध. ऐजन ।

छ. ऐजन ।

ट. ऐजन ।

ठ. ऐजन ।

कालबाट बाँचेका थिए । आठ वर्षको उमेरमा स्कुलको पढाइ सकेर घरमा आई बारीको कुनामा दिसा गर्न गएको वेला उनलाई उनको पछाडि गोमन सर्प छ भनेर होस भएन, सर्पले आफ्नो फणा फिँजाइसकेको थियो र डस्ने क्रममा उनले देखी भागे र सर्पबाट बचेका थिए । युवा अवस्थामा मोटरसाइकल दुर्घटनाबाट बाँचेका थिए । उनी साथीको आग्रहलाई टार्न नसकेर साथीको मोटरसाइकलमा चढे, जुन भयानक दुर्घटनामा पर्‍यो तर यिनी बाँचे । मोटरसाइकल चालक साथी गम्भीर घाइते भए, जसको बोली अझै स्पष्ट हुन सकेको छैन भन्ने कुरा बताउँछन् । त्यतिवेला खाँ थरका एक जना डाक्टर थिए, उनले भने - यस्तो दुर्घटनामा मोटर साइकल पछाडि बस्नेको बाँच्ने सम्भावना कम हुन्छ । तूफान यस दुर्घटनाबाट बाँच्नुको श्रेय माता स्वास्थानीलाई दिन्छन् किनभने दुर्घटना हुँदा स्वस्थानी कथा वाचन चलिरहेको थियो र यिनले त्यस दिनको वाचन नसुने पनि प्रसाद खान आउने कुरा आफ्नी भाउजू विमलालाई भनेका थिए । उनी भन्दछन् त्यही प्रसाद खान आफू बाँचे ।[ड]

तूफान एकदमै मिलनसार र सहयोगी थिए । साथीभाइका कारण घरमा कतिपटक हप्काइ खाए पनि उनले सङ्गत भने छाडेनन् । आमाले बनाएर राखेका कतिपय खानेकुरा चोरेर यिनी साथीलाई खुवाउँथे । उनका दाजुले पनि उनलाई असाध्यै माया गर्थे । विभिन्न साथीभाइहरूका साथमा जन्मस्थानका प्राकृतिक वातावरणको रमाइलो संसारमा रमाउँदै उनको बाल्यकाल बितेको थियो ।[ढ]

## २.३ शिक्षादीक्षा

### २.३.१ अक्षरारम्भ र प्राथमिक शिक्षा

रमेश तूफानले आफ्नै आमाबाट ५ वर्षको उमेरमा अक्षरारम्भ गरेका थिए । पिताले जागिरका कारण घरमा धेरै समय दिन नपाएकाले आमाले पिताको त्यो अभिभारा पनि लिनु परेको थियो । त्यतिवेला उनका पिता सेनाको जागिरबाट अवकाश प्राप्त भई वन विभागमा काम गर्न थालेका थिए । सम्भवतः पूर्वसेनाका सिपाहीलाई वन रक्षकमा राख्ने तत्कालीन सरकारको नीति थियो । वन विभागको काममा प्रायः जसो वनमा नै बस्नु पर्ने भएकाले महिनामा सात आठ दिन मात्र घर आउने गर्थे । बिहान हुनासाथ आमाले फकाई फुलाई सिलेट, पेन्सिल लिएर बस्न लगाउँथिन् । आफ्नो हातले तूफानको हात समाएर लेख्न सिकाउने गर्थिन् । यसैगरी राति पनि सिकाउने गर्थिन । त्यतिवेला बिजुली बत्ती नभएकाले कुपी बालेर पढेका थिए । उनले बाल्यकालमा पढ्ने वेला बाल्ने गरेको पित्तलको कुपीलाई आजसम्म पनि सम्झने गरेका छन् । पढेपछि आमाले गाईको दूध दिन्थिन् र दूध खान पाइन्छ भनेर नै पढ्न मन लाग्थ्यो । आमाले यसरी पढ्नका लागि बानी बसाएकाले पछि

---

ड. ऐजन ।

ढ. ऐजन ।

यिनमा पढाइप्रति लगनशीलता बढ्न गयो । [ञण]उनको स्मरण शक्ति पनि निकै तिखो थियो । उनी कक्षा १ मा प्रथम भएपछि कक्षा २ मा जानु पर्नेमा एकैपटक कक्षा ३ मा लगेर राखियो । यो स्कुलबाट नै भएको थियो, पढाइमा उत्कृष्ट विद्यार्थीलाई यसरी पुरस्कृत गरिने त्यतिवेला चलन थियो । स्कुलको सो निर्णयप्रति दाजु जीतबहादुरले आपत्ति जनाएका थिए । स्कुलका प्रधानाध्यापक श्रीमती शारदा आचार्यले भने तूफानको पढाइको क्षमता अनुसार त्यसो गर्दा खराबी हुने दाबी गरेपछि उनका दाजुले कुनै प्रतिक्रिया जनाएनन् । यसरी उनले प्राथमिक शिक्षा (त्यतिवेला कक्षा १ देखि ५ सम्मलाई प्राथमिक शिक्षा मानिन्थ्यो) विराटनगरमा नै प्रप्त गरे ।[ञञ]

## २.३.२ माध्यमिक तहको शिक्षा

रमेश तूफानको माध्यमिक शिक्षा (कक्षा ६ देखि ८ सम्म) महेन्द्र विद्यालय विराटनगरमा सुरु भयो । यो स्कुल देवकोटा चोक नजिकै थियो । (हाल यहाँ कोसी अञ्चल अस्पतालका नर्सहरूको क्वार्टर छ) यो महेन्द्र विद्यालय पछि मधुमारामा सरेको छ । महेन्द्र विद्यालयमा कक्षा सातसम्म यिनको पढाइ राम्रो थियो । कक्षा आठमा पुगेपछि उनको पढाइ कमजोर हुन थाल्यो, जसले गर्दा कक्षा आठमा अनुत्तीर्ण भए । छोरो अनुत्तीर्ण भएकाले उनका पिता गणेशबहादुरलाई निकै दुःखी भए । उनी छोराको लापरवाहीका कारणले अनुत्तीर्ण भएको ठान्दथे । दुःख गरेर पढाएका कारण बुबाको यस्तो धारणा भएको अनुमान तूफानको छ । आमा लक्ष्मीदेवीको सोचाइ भने अलि बेग्लै भएकाले छोराले पढाइमा सुधार गर्ने कुरामा विश्वस्त थिइन् । तूफानका पिता झोँकी र हठी स्वभावका कारण आवेशमा आएर उनलाई पढाउन नसक्ने कुरा गरे । पिताको त्यस अभिव्यक्तिले तूफानमा गहिरो चोट पुग्यो र पढाइलाई ध्यान दिने, मेहनत गर्ने तर त्यसका लागि पितासँग एक पैसा नमाग्ने प्रण गरे । यसपछि उनी महेन्द्र विद्यालय छोडेर एक रात्री स्कुलमा भर्ना भए । यसो गर्नुको कारण थियो त्यस स्कुलमा उनका दाजु पढाउने गर्दथे । अन्ततः उनले माध्यमिक विद्यालय पूरा गरेर २०२९ सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरे ।[ञद] साथीभाइसँग अत्यन्त मिलनसार र सहयोगी भावना भएकाले उनलाई साथीभाइहरूले असाध्यै मन पराउँथे । उनीसँग बाल्यकालमा पढ्ने साथीहरूमध्ये कोही डाक्टर भए कोही आफ्नै व्यवसायमा र कोही उच्च पदमा रहेका छन् ।[ञघ]

---

ञण. ऐजन ।

ञञ. ऐजन ।

ञद. ऐजन ।

ञघ. ऐजन ।

### २.३.३ उच्चतहको शिक्षा

विराटनगरबाट २०२९ सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि उनमा उच्च शिक्षा कसरी गर्ने भनेर चिन्ता जाग्यो । तूफानको यस लगनशीलता र मेहनतका कारण प्राप्त सफलताबाट पिता गणेशबहादुरमा खुसी छायो तर आर्थिक अवस्था कमजोर र ठूलो परिवार चलाउनु पर्ने परिस्थितिको महसुस गरेर तूफानले फेरि पनि आफ्नो पढाइका लागि पितालाई भार हुन नदिने सोच बनाए । आफूसँगैका साथीहरू उच्च शिक्षा हासिल गरेर ठूला पदमा पुग्दा आफू तल भइन्छ भन्ने ठानेर उच्च शिक्षाका लागि मेहनत गर्ने विचार गरे । भर्खर नयाँ शिक्षा प्रणाली प्रारम्भ भएको र क्याम्पस बिहान र दिउँसो दुवै समय भएकाले उनलाई सजिलो भयो । तूफानले दिउँसो जागिर खाने र बिहान क्याम्पस पढ्ने सोच बनाए ।[ज्ञढ]

बिहानको क्याम्पसमा प्रमाणपत्र तह (आई.ए.) मा भर्ना भएपछि तूफानलाई केही समय समस्या भयो । यतिवेला उनका दाजु घरबाट अलग भइसकेका थिए । घरायसी कारणले अलग भए पनि त्यो समझदारीपूर्ण नै थियो । यस्तो अवस्थामा क्याम्पसको शुल्क तिर्नका लागि दाजुसँग पैसा माग्नु उचित ठानेनन् । अर्कातिर पितासँग खर्च नमाग्ने प्रणका कारण पैसा मागेनन् । उनकी आमाले पिताबाट घर खर्चका लागि प्राप्त गरेको रकमबाट केही बचाएर दिन्थिन् तर यसो गर्दा घर चलाउन निकै कठिन भयो । यो सोचेर तूफान जागिर खोज्नतिर लागे । यही क्रममा एक जना दाजुका चिनजानका व्यक्तिको प्रयासमा उनले सरकारी कार्यालयमा मुखिया पदमा अस्थायी जागिर पाए, यसले उनको पढाइमा निकै मद्दत गऱ्यो । क्याम्पसको शुल्क र पकेट खर्चलाई राखेर बाँकी रहेको पैसा उनी आमालाई दिन्थे । करिब २ वर्ष सरकारी जागिरमा काम गरेर छोडिदिए । त्यसपछि उनी राष्ट्र बैंकमा सहायक स्तरको काम गर्न थाले । जागिर खाँदै पढ्नु गाह्रो काम थियो । उनको पढाइमा भन्दा जागिरमा बढी मन जान थाल्यो । यसरी जागिरमा मन जानु उनले राम्रो मानेनन् । उनी यसको विकल्प सोच्न थाले । पढाइ र जागिरले गर्दा उनको प्रमाणपत्र तहको पढाइ समयमा सकिएन । पुनः परीक्षा दिनुपर्ने भएकाले समय लम्बिन थाल्यो । उनले २०३४ सालमा प्रमाणपत्र तह (आई.ए.) उत्तीर्ण गरे[ज्ञछ]

पढाइलाई निरन्तरता दिने तूफानको लक्ष्य भयो । यसका लागि उनले जागिरलाई समेत तिलाञ्जली दिने सोच बनाए । प्रमाणपत्र तहको पढाइ सकेपछि उनले स्नातक तहको अध्ययन प्रारम्भ गरे । विद्यार्थी राजनीतिमा प्रमाणपत्र तहदेखि नै लागे पनि स्नातक तहमा अझ सक्रियतापूर्वक लागि परे । हड्तालका लागि कक्षा बहिष्कार गर्नु, कक्षा पिच्छे भाषण गर्दै हिंड्नु र सरकारका कदम र तत्कालीन व्यवस्था (पञ्चायती) विरुद्ध भाषण गर्न थालेपछि उनीमाथि प्रशासनको नजर पर्न थाल्यो । राष्ट्र बैङ्कको जागिर खाएर यस्तो गर्नु

ज्ञढ. ऐजन ।

ज्ञछ. ऐजन ।

उनका लागि नैतिकताले नदिने ठानी उनले तत्काल राष्ट्र बैङ्कको जागिरबाट राजिनामा दिए । यसो गर्दा उनलाई पढाइ र राजनीतिमा सघाउ पुग्यो तर आर्थिक स्थितिले भने उनलाई गम्भीर बनायो । केही समय राष्ट्र बैङ्कबाट काटिएको सञ्चय कोषले पढाई खर्च त चलाए तर पछि भने समस्या पर्न थाल्यो । यसका लागि काठमाडौंको एक साप्ताहिकको प्रतिनिधि भएर केही मात्रामा आर्थिक अभाव टार्दै गए । उनले २०३८ सालमा बी.ए.उत्तीर्ण गरे र राजनीतिशास्त्र केन्द्रीय विभागबाट २०४४ सालमा द्वितीय श्रेणीमा एम.ए. उत्तीर्ण गरे ।[ज्ञट]

## २.४ व्रतबन्ध

तूफानको उपनयन संस्कार अलि ढिलै उमेरमा भएको थियो । उनको २० वर्षको उमेरमा व्रतबन्ध भएको थियो । उनलाई शास्त्रीय नियमानुसार एक जना पण्डित भट्टराई बाजेले मन्त्रदान दिएका थिए ।[ज्ञठ]

## २.५ विवाह र सन्तान

तूफानको २०३२ सालमा विराटनगर तीन टोलियाका, गोपाल गिरीको जेठी सुपुत्री चुन्नुसँग प्रेम विवाह भएको थियो । उनलाई सबै जात समान लाग्थ्यो । छोराले अन्तर्जातीय बिहे आफूखुसी गरेकाले उनका पिता निकै दुःखी भए, तर तूफानलाई आफ्नी आमाले असाध्यै माया गर्ने भएकाले उनले छोराको विवाहलाई स्वीकार गरिन् । उनकी आमा तूफानले जस्तोसुकै निर्णय गरे पनि छोराको निर्णय स्वीकार गर्थिन् । तूफानका बुबाको २०४५/११/२० मा र आमाको २०६४/८/११ मा निधन भयो ।[ज्ञड] तूफानकी श्रीमतीले कक्षा १० सम्मको अध्ययन पूरा गरेकी र उनी गृहिणी जीवन बिताइरहेकी छिन् । उनकी श्रीमती सानै उमेरदेखि सरल स्वभावकी , सहयोगी, दयालु भावकी नारी थिइन् । वर्तमानमा पनि उनको बानी, व्यवहार उस्तै रहेको पाइन्छ । उनकी श्रीमती चुन्नु कसैलाई सहयोग गर्न हातखुल्ला गरेर सकेसम्मको सहयोग गर्छिन् तर जस भने कमै पाउने गर्छिन् । चुन्नु लोग्नेका लागि अत्यन्त सहयोगी छिन् ।[ज्ञढ] रमेश र चुन्नुका सन्तानका रूपमा दुई छोरा र एक छोरी जन्मिएका छन् । उनको जेठो छोरा रवि २०३४/१/१० मा, छोरी रोजी २०३५ भदौ र कान्छो छोरा रमन २०३८/९/२९ मा जन्मेका हुन् । उनका जेठा छोरा बिरामी

---

ज्ञट. ऐजन ।

ज्ञठ. ऐजन ।

ज्ञड. ऐजन ।

ज्ञढ. ऐजन ।

भएका कारणले पढाइलाई कक्षा १० भन्दा माथि अघि बढाउन सकेनन् । उनका जेठा छोरा २ वर्ष अगाडि विदेश गएका छन् । तूफानका कान्छा छोरा कक्षा १२ को परीक्षा दिएर बसेका छन् । तूफानकी छोरीको एस.एल.सी. परीक्षा दिने समयमा विवाह भएकाले उनले पढाइलाई अघि बढाउन सकिनन् । हाल उनी गृहिणी छिन् ।[द्ण]

## २.६ आर्थिक अवस्था

रमेश तूफानको जन्म निम्नमध्यमस्तरीय परिवारमा भएको थियो । तूफानका बुबा वन कार्यालय विराटनगरमा जागिर भए पनि पैसाको अभाव हुन्थ्यो । बुबाले वन कार्यालयबाट जागिर छाडेपछि तूफानलाई पढ्न पाइने हो कि नपाइने भन्ने कुराले पिरोलिरहन्थ्यो ।[द्ज्ञ]

तूफानमा सानैदेखि दृढ सङ्कल्प थियो, जसरी भए पनि पढाइलाई पूरा गर्छु भन्ने एउटा अठोट लिएर उनी अघि बढ्न थाले । बुबालाई पढाउन बोझ नपरोस् भनेर उनले आफैं, पत्रपत्रिका प्रकाशन गर्ने, चलाउने र विज्ञापन सङ्कलन गर्ने गर्थे । उनलाई पत्रपत्रिकाबाट उनको आर्थिक सङ्कट केही हदसम्म टरेको थियो । उनले सानै उमेरदेखि धेरै सङ्घर्ष गर्नुपर्‍यो । घरबाट पढाउन नसक्ने स्थिति भएपछि उनी रातदिन लगनशील भएर पत्रिका प्रकाशन गर्ने, समाचार सङ्कलन गर्ने आदि गर्दथे । यसबीचमा उनले विराटनगरमा अस्थायी सरकारी जागिर पाएका थिए । त्यसपछि उनको आर्थिक अवस्थामा केही सुधार हुँदै गएको देखिन्छ तर त्यहाँबाट पनि उनले राजिनामा दिए । त्यसपछि राष्ट्र बैङ्कमा सहायक स्तरको पदमा आवेदन दिए र उनी वैकल्पिकमा परेकाले बहुत दुःखी भएका थिए र पछि राष्ट्र बैङ्कले जागिरका लागि बोलाएपछि उनी धेरै खुसी भएका थिए र पहिलेका तुलनामा उनको आर्थिक अवस्था समुन्नत बन्दै गएको देखिन्छ । उनले राष्ट्र बैङ्कमा काम गरेपछि आर्थिक अवस्था पूर्ण सुधार नभए पनि त्यसले टेवा दिएको थियो ।[द्द]

तूफानको आर्थिक अवस्था कमजोर भएका कारणले उनले जीवनमा सानै उमेरदेखि धेरै सङ्घर्ष गरेका थिए । उनकी आमा बढी साहसी थिइन् । तूफानको मामली खलक धनी भए पनि उनकी आमाले कहिल्यै माइतीका अगाडि हात पसारिनन् । तूफानलाई सानै उमेरदेखि जीवन नै सङ्घर्ष हो र लोभलालच गर्नुहुँदैन भन्ने कुराले प्रभाव पारेको थियो । तूफानले राष्ट्र बैङ्कको जागिर खाँदै पत्रपत्रिका चलाउँदै सजिलोसँग जीवनयापन गर्दै आए र उनी २०४६ साल चैत्रदेखि हालसम्म राष्ट्रिय समाचार समितिमा कार्यरत छन् । हाल उनी रा.स.स. को दसौं तह प्रमुख समाचारदाताका रूपमा कार्यरत छन् । अहिले उनको आर्थिक

---

द्ण. ऐजन ।

द्ज. ऐजन ।

द्द. ऐजन ।

अवस्था राम्रो भएको छ । उनको कमाइले घर खर्च गर्न आरामसाथ पुगेको छ । हाल काठमाडौं महानगरपालिका वडा नं. ६ बौद्ध महाँकालमा पक्की घर बनाएका छन् । घरमा कम्प्युटर, मोटरसाइकल उपकरणहरू छन् । यसरी तूफानले वर्तमानमा काठमाडौंजस्तो साधन सम्पन्न स्थानमा रहेर परिवारको गुजारा सजिलोसँग चलाएको देखिन्छ ।[द्घ]

## २.७ रुचि

रमेश तूफानको रुचिको मूलक्षेत्र पत्रकारिता, लेखन, सम्पादन, साहित्य र प्रशासन सेवा नै हुन् । साहित्यकारहरूका रचनाहरूको अध्ययन/विश्लेषण गर्ने र देश-विदेशका समसामयिक विषयहरूको मूल्याङ्कन र विश्लेषण गर्ने रुचि उनमा देखिन्छ ।[द्ढ]

उनी दर्शनशास्त्र, पुराना इतिहास तथा पत्रिका हेर्न बढी रुचि राख्दछन् । उनलाई साहित्यसम्बन्धी किताब पढ्दा रात बितेको पनि थाहा हुँदैनथ्यो । उनी जुनसुकै किताब भए पनि रुचिसाथ लगनशील भएर पढेर सिध्याउँथे । धर्मप्रति त्यति गहिरो आस्था नराख्ने तूफान सामान्य रूपमा भने धर्म मान्दछन् । उनी परम्परागत रूपमा कट्टरताका आधारमा धर्म नमानी, समसामयिक परिस्थिति अनुरूप मान्न रुचाउँछन् । सामाजिक क्षेत्रमा रहेका विभिन्न विसङ्गतिलाई व्याख्या-विश्लेषण गरेर जनमानसमा छर्लङ्ग्याउनु उनको रुचि रहेको पाइन्छ ।[द्छ]

युवा उमेरमा पिरो, अमिलो अचार खान मन पराउने तूफान वर्तमानमा भने साधारण खाना पनि रुचि मानेर खान मन पराउँछन् । युवा अवस्थामा खसीको भुँडी खान मन पराउँथे तर वर्तमान समयमा उनी शाकाहारी खानेकुरामा बढी जोड दिन्छन् । उनी भन्छन् माछा मासु छोडेपछि शरीरको आधा बिराम त्यसै घटेर जान्छ । उनी विशेष प्रकारको लुगाभन्दा प्रायः साधारण सामान्य खाले लुगाहरू लगाउन मन पराउँछन् कार्यालय जाँदा उनी सुट, पेन्ट र कहिले टिसर्ट लगाएर चिटिक्क भएर जान्छन् । देश विदेशका विभिन्न स्थानमा भ्रमण गर्न रुचि राख्ने तूफानमा भ्रमणका समयमा त्यहाँको सांस्कृतिक, ऐतिहासिक अध्ययन गर्नु उनको रुचि रहेको देखिन्छ ।[द्ट]

उनी साथीभाइसँग घुलमिल गर्न अति मनपराउँछन् । उनी बिहानै हिँड्डुल गर्ने चिया पसल जाने, साथी भाइसँग भेट गर्ने जस्ता कुरामा उनलाई अति नै रमाइलो महसुस हुन्छ । उनको विचारमा मानवले स्वतन्त्र भएर बाँच्नुपर्दछ । मानवले मानवको कर्तव्य पालना गर्नुपर्दछ । सादा जीवन र उच्च विचार लिएर जीवनयापन गर्नुपर्दछ र मानिसले आफ्नो भाग्य आफैं बनाउनुपर्दछ । उनी कर्म गर्दै जानुपर्छ फलको आस गर्नुहुँदैन भन्दछन् ।

---

द्घ. ऐजन ।

द्ढ. ऐजन ।

द्छ. ऐजन ।

द्ट. ऐजन ।

जागिरबाहेक लेखन पठनमै ज्यादा रुचि राख्दछन् । उनलाई पहेँलो रङ्ग मनपर्छ । खानपिनमा जुनसुकै कुरालाई मिठो मानेर खाने गर्दछन् । गीत, सङ्गीत, ब्याडमिन्टन खेल, मनोरञ्जन, अध्ययन, साहित्य, राजनीतिक र धार्मिक दर्शनका लेखन पढ्ने गर्दछन् । उनलाई नयाँ ठाउँ घुम्ने चाहना हुन्छ र प्रसिद्ध व्यक्तिको विचार सुन्ने गर्दछन् । जागिरको कामबाहेक लेखन पठनमा नै तूफानको ज्यादा रुचि देखिन्छ ।[द्ठ] तूफानलाई आफ्नै गोत्रकी युवती मनपरेको तर विवाह गर्न नमिलेपछि जात भन्ने कुरा केही होइन भन्ने लागेर २०३० सालदेखि तूफान लेख्न थाले ।[द्ड]

## २.८ कार्यक्षेत्र

### २.८.१ शैक्षिक सेवा

रमेश तूफानले केही समयमात्र शैक्षिक सेवा गरेको देखिन्छ । उनले वाल्मीकि क्याम्पसमा २०५५ साल कात्तिक महिनादेखि २०५८ पुस महिनासम्म ३ वर्ष राजनीतिशास्त्र अध्यापन गरी सो पेशा छाडिदिए ।[द्ढ]

### २.८.२ प्रशासनिक सेवा

रमेश तूफानले सरकारी कार्यालयमा केही समय काम गरे । त्यसपछि राष्ट्र बैङ्क विराटनगरमा केही समय काम गरे । त्यसपछि फेरि केही समय सरकारी कार्यालयको एउटा प्रोजेक्टमा काम गरे, त्यसलाई छाडे र एउटा फर्ममा सञ्चार सल्लाहकार रहेर काम गरे र २०४६ सालदेखि हालसम्म रा.स.स.मा कार्यरत छन् । उनी रा.स.स.का प्रमुख समाचारदाता रहेका छन् । जागिरबाट आर्थिक स्थितिमा सुधार ल्याउनुका साथै अध्ययनको लक्ष्य पूरा गरे पनि उनी जीवनको यस यात्राबाट पूर्ण सन्तुष्टि देखिँदैनन् । सम्भवतः अब जागिरे जीवनबाट अवकाश लिई अध्ययन र लेखपढमा व्यस्त रहने लक्ष्य राखेका छन् ।[घण]

## २.९ राजनीतिक संलग्नता

रमेश तूफान ग्रिसेली दार्शनिकको मानिस राजनीतिक प्राणी हो भन्ने कुरालाई यथार्थको कसीबाट हेर्दछन् । वर्तमान युगमा राजनीतिलाई अस्वीकार गर्नेले पनि कुनै न कुनै रूपमा वरण गरेकाले मानिस यसबाट टाढा रहन सक्दैन भन्ने ठान्दछन् । वास्तवमा राजनीति अबको समाजको निर्विकल्प आधार हो ।[घज्ञ]

---

द्ठ. ऐजन ।

द्ड. ऐजन ।

द्ढ. ऐजन ।

घण. ऐजन ।

घज्ञ. ऐजन ।

तूफान युवा अवस्थामा महेन्द्र मोरङ्ग आदर्श क्याम्पस विराटनगरमा प्रमाणपत्र तहको अध्ययनको अन्तिम समयदेखि २०३० सालदेखि विद्यार्थी राजनीतिमा लागे । उनले नेपाल विद्यार्थी संघबाट विद्यार्थी राजनीतिमा प्रवेश गरेका हुन् । प्रारम्भमा उनी त्यति सक्रिय नरहेपनि सोही क्याम्पसमा स्नातक तह (बी.ए.) मा भर्ना भएपछि निकै सक्रिय भएर लागे । उनले क्याम्पसमा नेतृत्व स्तरको राजनीति गरे । हड्ताल, जुलुसमा भाषण गर्ने र हरेक विरोधका कार्यक्रमलाई सफल तुल्याउन सक्रिय रहे । यसबाट उनी प्रहरी, प्रशासनको नजरमा पुग्न गए । उनले तत्कालीन व्यवस्था र सरकारका विरुद्ध खुलेर भाषण गर्ने गर्दथे । उनी भयरहित भई त्यसरी क्रियाशील रहे । चाहे लुकेर होस् या खुलस्त यिनी विरोधका कार्यक्रममा लागिपरे । २०३३ सालमा बी.पी. कोइरालालाई विराटनगर विमानस्थलमा ओर्लन नदिएपछि यिनले त्यतिवेला आफ्नो सङ्गठनको नेतृत्वकर्ताका हैसियतले तत्कालीन व्यवस्थाको अप्रजातान्त्रिक क्रियाकलापको विरोध मात्र गरेनन्, तत्कालीन राजा वीरेन्द्र विरुद्ध नै खुलेर नारा लगाए । यसबापत उनले लामो समय गुप्त रूपले राजनीतिक गर्नुपऱ्यो ।[घद्द]

२०३६ सालको जनमतसङ्ग्रहमा उनले बहुदलीय व्यवस्थाका पक्षमा निकै प्रचार-प्रसार गरे । गाउँ-गाउँमा गएर जनतालाई बहुदलीय व्यवस्थाको विशेषताका बारेमा भाषण गरेर हिँडे त्यसका लागि गाउँ-गाउँमा प्रचार-प्रसार समिति गठन गरे । उनको साहित्यप्रति रुचि भएकाले उनले २०३६ सालमा विराटनगरमा सडक कविता क्रान्ति थाले, पछि यो क्रान्ति लिएर झापाको भद्रपुर गए । जनमतसङ्ग्रहमा बहुदललाई विजय गराउन उनले निरन्तर रूपमा प्रचारात्मक रूपमा लागि परे, त्यसका लागि उनले एउटा **आन्दोलन** नामक बुलेटिन निकालेका थिए । तूफान हाल राष्ट्रिय समाचार समितिमा रहेर पत्रपत्रिकाको मूल्य मान्यता अनुरूपको कार्यमा स्वतन्त्र रूपमा क्रियाशील छन् ।[घघ]

## २.१० संस्थागत संलग्नता

रमेश तूफान अनेक क्षेत्रसँग सम्बन्ध र सरोकार राख्ने बहुआयामिक बौद्धिक व्यक्तित्व भएकाले सङ्घसंस्थासँग सम्बन्द्ध देखिन्छन् । उनी सम्पादक समाज नेपालका उपाध्यक्ष, राजनीतिशास्त्र सङ्घका महासचिव, नेपाल प्रेस युनियनका संस्थापक पूर्वकेन्द्रीय अध्यक्ष, नेपाल परिवार नियोजन सङ्घ, नेपाल रेडक्रस सोसाइटी (आजीवन सदस्य), नेपाल पत्रकार महासङ्घ पार्शद, विश्व दूत (साप्ताहिक) पूर्व कार्यकारी सम्पादक नव समानान्तर साप्ताहिकको प्रधान सम्पादक भएका थिए । यसका साथै उनले दुई साहित्यिक पत्रिका (समसामयिक सङ्कलन) **आन्दोलन** र **पुनस**को सम्पादक रही कार्य गरे । यसका साथै उनी

---

घद्द. ऐजन ।

घघ. ऐजन ।

विराटनगरबाट प्रकाशित हुने **सन्देश** पत्रिकाको सम्पादक भएका थिए । सरकारद्वारा प्रजातान्त्रिक कालमा गठित विभिन्न समितिमा नियुक्त भएका थिए ।[घढ]

## २.११ भ्रमण

रमेश तूफानले नेपाल अधिराज्यका विभिन्न स्थानहरूका साथै केही अन्य राष्ट्रहरूको भ्रमण गरेका छन् । सानैदेखि नयाँ नयाँ ठाउँ घुम्ने रहर उनमा रहेको थियो । उनले नेपालका ६१ जिल्लाको भ्रमण गरिसकेका छन् । उनले समाचार सङ्कलनका क्रममा प्रधानमन्त्रीसँग ती जिल्लाको भ्रमण गरेका थिए । उनले प्रधानमन्त्रीकै रिपोर्टिङ्गका लागि विदेश भ्रमण गर्ने अवसरहरू पाएका छन् । उनले सर्वप्रथम भारत, बंगलादेश, इजरायल, पाकिस्तान, फ्रान्स, चीन, तिब्बत र कङ्गोको (अफ्रिका) भ्रमण गरिसकेका छन् ।[घछ]

## २.१२ सम्मान तथा पुरस्कार

'सम्मान तथा पुरस्कार र पदक भन्ने कुरा धेरै ठूलो कुरा होइन । नपाएर पनि मलाई त्यस्तो लागेको हुनसक्छ । पाएको भए पनि यहाँ उल्लेख गरेर म मेरो महत्त्व देखाउन चाहन्न' भनेर तूफान भन्दछन् । उनले प्रतिभा पुरस्कार प्रतिष्ठानद्वारा स्थापित षडानन्द प्रतिभा पुरस्कार (२०५४) **रमेश तूफान नाम हुनुलाई** कवितासङ्ग्रहका लागि पाए । नेपाल पत्रकार महासङ्घ रा.स.स. शाखाद्वारा प्रदान गरिने पत्रकारिता पुरस्कारद्वारा उनी सम्मानित भएका थिए ।[घट]

## २.१३ धारणा/मान्यता

आफ्नै जीवनशैली, समाजसेवा, पत्रकारिता शिक्षा, संघसंस्थाजस्ता अनेक क्षेत्रमा क्रियाशील रमेश तूफान आफू सम्बद्ध हरेक क्षेत्रका बारेमा आफ्नै मौलिक धारणा वा मान्यता छन् । मानवले स्वतन्त्रतापूर्वक बाँच्न पाउनु पर्दछ । स्वतन्त्र वातावरण होस् । कसैको दास बन्न नपरोस्, मानव भएर मानवता गुमाउनु नपरोस् । जीवन एक प्रकारको सङ्घर्ष हो । मानवले आस नगरी कुनै क्षेत्रमा सङ्घर्ष गऱ्यो भने अवश्य आफ्नो लक्ष्यमा पुग्न ऊ सफल हुन्छ । जीवनमा लक्ष्य प्राप्तिका लागि जे जस्ता अप्ठ्यारा आइपर्दछन्, तिनीहरूको सामना गर्दै जानुपर्दछ । एक दिन अवश्य आफ्नो लक्ष्यमा पुग्न सफल भइन्छ भन्ने तूफानको मान्यता रहेको पाइन्छ ।[घठ]

'आदर्श स्वार्थरहित हुनुपर्दछ । साहित्यलाई वर्ग वा समुदायको स्वार्थका लागि प्रयोग गर्नु हुन्न, भाषा साहित्यको हतियार हो । जीवन भनेको उज्यालोको निर्माण हो । साहित्य चिन्तनयुक्त हुनुपर्दछ । यदि चिन्तनशील भइएन भने समाजको विश्लेषण गर्न सकिन्न ।

---

घढ. ऐजन ।

घछ. ऐजन ।

घट. ऐजन ।

घठ. ऐजन ।

सिर्जनामा लाग्नेले निरन्तर अध्ययन गरी आफूलाई अद्यावधिक राख्नुपर्दछ' भन्ने तूफानको धारणा रहेको छ ।[घड]

रमेश तूफान कला र साहित्यलाई उच्च स्थानमा राख्दछन् । साहित्यका माध्यमबाट समाजका कुसंस्कार र रूढ मान्यताको विरोध गरी सामाजिक न्यायका पक्षमा उभिनुपर्दछ भन्ने उनको साहित्यिक मान्यता छ । उनका कृतिहरूको अध्ययनबाट पनि सो कुरा अवगत हुन्छ । साहित्यबाट समाज सुधारको आह्वान गर्नु उनको साहित्यिक अवधारणा भए तापनि उनको साहित्यलेखनमा सौन्दर्य चेतनाको कमी कहीँ देखा पर्दैन । स्वतन्त्रता र राष्ट्रप्रेम तूफानको राजनीतिक अभीष्ट हो । साहित्यबाट देशको भविष्यको निर्माण हुने भएकाले यसलाई समाजसुधार, जनताका समस्याको समाधान र समग्र विकासको मार्ग बनाउनु पर्ने अवधारणा तूफानको साहित्यिक चिन्तनमा देखापर्दछ ।[घढ]

तूफान आजको विश्वग्रामको वातावरणमा नयाँ चिन्तन, नयाँ सोच, नयाँ विचार र नयाँ पुस्तालाई सही मार्ग निर्देशन दिन सधैं तल्लीन रहनु पर्दछ भन्दछन् । 'मानिस आफ्नो भाग्यको निर्माता आफैं हो' भन्ने सार्त्रको धारणाप्रति सहमति जनाउँदै तूफान मान्छेको अध्ययन उद्देश्यपूर्ण हुनुपर्दछ, लेखाई अर्थपूर्ण हुनुपर्दछ, सिर्जना र समालोचना दुवै कुरा उद्देश्यले निर्देशित हुनुपर्दछ  भन्दछन् ।

संस्कृतिलाई जीवनको परिवर्तनशील तत्त मान्ने तूफान आजको समय भनेको अनेक संस्कृति घुलमिल भएको समय हो । उनी भन्दछन्: एउटै तत्त्व, एउटै संस्कृति, एउटै संस्कारभन्दा अनेक तत्त्व, अनेक संस्कृति, विविध चिन्तन, दर्शन र संस्कारहरूलाई हामीले आत्मसात गरेर अघि बढ्नुपर्दछ । आजको मानिस आफूले नचाहँदा नचाहँदै पनि कुनै पनि कुराको निर्णय गर्न बाध्य बनेको छ । ती हरेक तत्त्वले मानिसलाई बाध्य बनाएको छ ।[द्धण]

आज नेपालको परिप्रेक्ष्यमा एकखाले विद्यार्थीहरूले विश्वको शिक्षाअनुरूप शिक्षा पाएका छैनन् भने अर्काखाले विद्यार्थी त्यस्तो शिक्षा लिन तल्लीन छन् । यस्तो व्यवस्थाको अन्त्य गरी शिक्षामा एकरूपता ल्याउनुपर्दछ भन्ने धारणा उनको रहेको पाइन्छ ।[द्धज्ञ]तूफान जीवनका अनेक पक्षमा आफ्ना मूल्य, मान्यता र अवधारणाहरू अघि सार्दै जीवनसङ्घर्ष क्रियाशील र परिवर्तनगामी हुनुपर्दछ भन्दछन् । उनी जीवन क्रियाशील रहनुपर्दछ एवम्

---

घड. ऐजन ।

घढ. ऐजन ।

द्धण. ऐजन ।

द्धज्ञ. ऐजन ।

अरूलाई सहयोग गर्नुपर्दछ र अरूबाट सहयोग पनि लिनुपर्दछ भन्दछन् । तूफान अशक्तलाई प्रोत्साहित गर्नुपर्दछ र जीवनका प्रयत्नहरू सार्थक हुनुपर्दछ भन्ने मान्यता राख्दछन् ।[द्धद्द]

समग्रमा उनको विचार जीवनसम्बन्धी सबै किसिमका दृष्टिकोण अटाउन सक्ने खालको देखिन्छ । उनी हरेक मान्छेलाई उसको मौलिक गुण र विशेषताका आधारमा चिन्नुपर्दछ भन्ने मान्यता राख्दछन् ।[द्धघ]

## २.१४ सुख-दुःखका क्षणहरू

सुखसँगै जीवन जिउँदै गरेका तूफान जीवन सुखमय नै बितिरहेको छ भन्दछन् । बाल्यकालमा आर्थिक स्थिति मजबुत नभएका कारण अध्ययन गर्नका निम्ति उनले धेरै सङ्घर्ष गर्नुपरेको देखिन्छ । जीवन सङ्घर्ष हो, कुनै कार्य गर्दा अविचलित भएर गर्नुपर्दछ, मानिस आफ्नो भाग्यको निर्माता आफैं हुनुपर्दछ । तूफानले जस्तासुकै दुःखद क्षणहरू जीवनमा आइपरे तापनि ती दुःखद क्षणहरूलाई आत्मसात् गर्दै जीवन अगाडि बढाएको पाइन्छ ।[द्धद्ध] उनी आफूलाई हात समातेर अक्षर चिनाएर पढ्नुपर्दछ भन्ने भावना जगाउने माता लक्ष्मीदेवीको २०६४ सालमा निधन हुँदा निकै दुःखित हुनुपरेको बताउँदछन् भने बुबाको २०४५ सालमा निधन हुँदा मानसिक आघात परेको बताउँदछन् ।[द्धछ]

जीवन चक्रमय हो, कहिले सुख त कहिले दुःख मानवले भोग्नुपर्दछ भन्ने तूफानले जीवनमा अनेक प्रकारका सुख दुःखका क्षणहरूलाई पार गर्दै दुःखका क्षणहरूसँग सङ्घर्ष गर्दै जीवन अगाडि बढाएका देखिन्छन् । आफ्ना पिता गणेशबहादुरको मृत्युले उनलाई निक्कै मर्माहत बनाएको उनी बताउँछन् । सबैका माता, पिता रहँदैनन्, यो संसारको नियम नै हो, तर पनि आफूले आमाबाट जीवनमा बाँच्ने अनेक कला र आदर्श सिकेकाले आमाको मृत्युले आफूलाई केही गुमाएको अनुभव आजसम्म पनि भइरहेको छ । आज पनि स्वमार्गमा अविचलित रहने प्रेरणा लिन्छु भन्ने तूफानलाई आमाको निधनले निकै मानसिक आघात पुऱ्याएको देखिन्छ ।[द्धट]

## २.१५ लेखन

### २.१५.१ लेखनको प्रेरणा र लेखनारम्भ

तूफानले सहित्यलेखन २०३० सालदेखि प्रारम्भ गरेका हुन् । उनलाई साहित्य लेखनको प्रेरणा आफ्नै दाजुबाट प्राप्त भएको थियो । उनका दाजु जीतबहादुर भक्त ॐ स्वयम् पनि साहित्यकार हुन् । भक्त ॐ का **माधुरी मोहन** खण्डकाव्य र **भोको मान्छे** कथा

---

द्धद्द. ऐजन ।

द्धघ. ऐजन ।

द्धद्ध. ऐजन ।

द्धछ. ऐजन ।

द्धट. ऐजन ।

सङ्ग्रह प्रकाशित भइसकेका कुरा तूफान बताउँछन् । यसका अतिरिक्त उनले कविताहरू पनि लेखेका छन् । दाजुले आफूलाई कविता लेख्न निकै प्रेरणा दिने गरेको तूफान बताउँछन् । उनले आफ्ना एक साथीका छोराको नाम उल्लेख गरेर ऊ जस्तो लेख्नुपर्छ भनेर जोड दिन्थे । त्यसका लागि ठूलाठूला कविका कविता पढ भन्ने गर्दथे । तूफानको दाजुको चाहना उनको भाइ पनि एउटा होनहार लेखक होस् भन्ने थियो र त्यसका लागि उनले तूफानलाई उत्प्रेरित गरिरहन्थे ।[द्धठ]

रमेश तूफानको सार्वजनिक लेखन भने प्रकाशनका दृष्टिले २०३० सालबाट भएको देखिन्छ । उनले २०३० सालमा विराटनगरको **ऐंसेलु** नामक पत्रिकामा **कवि र कविता** कविता प्रकाशित गराएर नेपाली साहित्यमा प्रवेश गरेको देखिन्छ । तूफानलाई साहित्य सिर्जनामा थप उर्जा प्रदान गर्नमा उनकी श्रीमती चुन्नु आचार्यको पनि भूमिका रहेको देखिन्छ ।[द्धड]

## २.१५.२ फुटकर लेखरचनाहरूको सूची

रमेश तूफानका फुटकर लेखरचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् । ती लेखरचनाहरूको सूची कालक्रमिक आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ :

| क.सं. | शीर्षक | विधा | प्रकाशनस्रोत |
|---|---|---|---|
| १. | हामी अत्याधुनिक | कविता | **गरिमा,** (वर्ष १, अङ्क ८, पृ. ३७, २०४०), साउन । |
| २. | सिपाहीको चिठ्ठी | कविता | **गरिमा**, (वर्ष २, अङ्क १०, पृ. ५२, २०४१), असोज । |
| ३. | प्रश्न चिन्ह मान्छे | कविता | **गरिमा**, (वर्ष ३, अङ्क १२, पृ. ७१, २०४२), मंसिर । |
| ४. | प्रुफ मिस्टेक म पढिरहेछु | कविता | **गरिमा**, (वर्ष ४, अङ्क १०, पृ. ३२, २०४३), असोज । |
| ५. | उकुसमुकुसबाट | कविता | **गरिमा**, (वर्ष ५, अङ्क १०, पृ. ३५, २०४४), असोज । |
| ६. | मोनिका देवी | लघुकथा | **मधुपर्क**, (वर्ष २०, अङ्क ९, पृ.३७, २०४४), माघ । |
| ७. | संभावनालाई कसेर | कविता | **मधुपर्क**, (वर्ष २२, अङ्क ४, पृ.४५, २०४६), भदौ । |
| ८. | राष्ट्रियता | कविता | **मधुपर्क**, (वर्ष २२, अङ्क ११, पृ.४९, २०४६), चैत्र। |
| ९. | वेश्यासँगको रात | कविता | **गरिमा**, (वर्ष १०, अङ्क ४, पृ. ७७, २०४८), चैत्र । |
| १०. | ओडारभित्रको कुरा | कविता | **गरिमा**, (वर्ष ११, अङ्क ६, पृ. ८२, २०५०), जेठ । |
| ११. | तिमीसँग त्यो कविता | कविता | **मधुपर्क**, (वर्ष २७, अङ्क ६, पृ.४२, २०५१) । |
| १२. | कोठाभित्र | लघुकथा | **मधुपर्क**, (वर्ष ३२, अङ्क २, पृ.५३, २०५६), वैशाख । |
| १३. | मेरो सिर्जनासँग गाँसिएको यात्रा | आत्मवृत्त | **अनुसन्धान,** पृ.३७, २०५६) । |
| १४. | अज्ञानता | कविता | **मधुपर्क**, (वर्ष ३३, अङ्क ५, पृ.१९, २०५७) । |
| १५. | गोमती | कथा | **मधुपर्क**, (वर्ष ३६, अङ्क ५, पृ.२२४, २०६०), भदौ । |
| १६. | हामीले छोडेको सभ्यता र वरणको | कविता | **मधुपर्क**, (वर्ष ३७, अङ्क ७, पृ.५८, २०६१), मंसिर । |

द्धठ. ऐजन ।

द्धड. ऐजन ।

## तेस्रो परिच्छेद

# रमेश तूफानको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

मान्छेको व्यक्तित्व उसका जीवनमा आइपर्ने विभिन्न आरोह-अवरोह, पीर-वेदना, हर्ष-खुसी तथा क्रिया-प्रतिक्रियाबाट निर्धारित भएको हुन्छ । साथै व्यक्तित्व निर्माणमा पारिवारिक सामाजिक सांस्कृतिक, शैक्षिक तथा वातावरणीय प्रभावले पनि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसरी निर्माण भएको व्यक्तित्व व्यक्तित्वका समस्त आर्जित विन्यास एवम् प्रवृत्तिहरूको समूह हो ।[द्धढ] यिनका अतिरिक्त शिक्षादीक्षा, रुचि, पेसा, साथसङ्गत र जीवनजगत्प्रतिको दृष्टिकोणले पनि व्यक्तित्व निर्माणमा उल्लेखनीय भूमिका निर्वाह गरेको हुन्छ । व्यक्तित्व बाह्य र आन्तरिक गरी दुई किसिमको हुन्छ । बाह्य व्यक्तित्व उसको रूप, रङ, बनौट अर्थात् शारीरिक व्यक्तित्वसँग सम्बद्ध हुन्छ भने आन्तरिक व्यक्तित्व उसका अन्तर्निहित गुण, स्वभाव र समग्रमा उसको जीवनमा गरेका महत्त्वपूर्ण कार्यहरूसँग सम्बद्ध हुन्छ ।[छण]

रमेश तूफानको व्यक्तित्व उपर्युक्त प्रक्रियाअनुसार नै निर्माण भएको देखिन्छ । उनको व्यक्तित्व निर्माणमा विशेषतः पारिवारिक, सामाजिक, आर्थिक तथा शैक्षिक पक्षले महत्त्वपूर्ण भूमिका खेलेका छन् ।[छञ]

तूफानले साहित्यिक वातावरण एवम् आफ्नो जीवनयात्राका सन्दर्भमा विभिन्न ठाउँका सामाजिक, राजनैतिक, आर्थिक सांस्कृतिक, भौगोलिक, साहित्यिक वातावरणका अतिरिक्त छरछिमेक, साथीभाइ, परिवार, इष्टमित्र आदिको प्रभाव र प्रेरणा ग्रहण गरेका छन् । उनले २०३० सालदेखि कविता लेखन आरम्भ गरेका हुन् । उनले २०३० सालमा **कवि र कविता** विराटनगरबाट **ऐंसेलु** नामक पत्रिकामा प्रकाशित गराएर नेपाली साहित्यमा प्रवेश गरेको देखिन्छ ।[छद्द] सोही सालको हाराहारीमा विराटनगरबाट प्रकाशित स्थानीय पत्रिका **वरगाछी** र धरानबाट प्रकाशित **कल्पना** पत्रिकामा कविता प्रकाशित गराएका थिए । प्रारम्भमा विराटनगरमा हुने विभिन्न सभा, समारोह तथा उत्सवहरूमा हुने कविता प्रतियोगितामा सहभागी हुने गरेको देखिन्छ ।[छघ]

रमेश तूफानको वास्तविक नाम रमेशकुमार क्षेत्री (आचार्य) हो । तूफानलाई युवा अवस्थामा आफ्नो सहगोत्री केटी मन पऱ्यो तर विवाह गर्न नमिल्ने भनिएपछि उनलाई

---

द्धढ. केशवप्रसाद उपाध्याय, **मोतीस्मृति ग्रन्थ,** (काठमाडौं : नेपाल शिक्षा परिषद्, २०३९) पृ. ३८।

छण. रामबहादुर बोगटी, **बल्लभमणि दाहालको जीवनी, व्यक्तित्व र कृतित्व,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, ने.के.वि. त्रि.वि. कीर्तिपुर, २०६२, पृ ४६ ।

छञ. रमेश तूफानसँग लिइएको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

छद्द. **ऐजन ।**

छघ. **ऐजन ।**

थरसँग रिस उठ्यो र त्यसपछि उनले अन्तर्जातीय विवाह गर्छु भन्ने प्रण लिए अनि उनले आफ्नो नामका पछाडि 'तूफान' जोड्न पुगे । सबै जात समान छन् भन्ने जात विरोधी उनले नाम पछाडि तूफान लेख्न थाले । रमेश तूफानले नेपाली साहित्य र पत्रपत्रिकाका लागि अथक मिहिनेत गरेका छन् । नेपाली राष्ट्र र राष्ट्रियताका लागि विभिन्न क्षेत्रमा विशिष्ट काम गरेका तूफानले आफ्नो ठाउँदेखि विदेशका विभिन्न क्षेत्रको समेत अनुभव गरेका त्यहाँको साहित्यिक वातावरण एवम् आफ्नो जीवनयात्राको सन्दर्भमा विभिन्न ठाउँको सामाजिक, राजनैतिक, आर्थिक, सांस्कृतिक, भौगोलिक, साहित्यिक वातावरणको अतिरिक्त छरछिमेक, साथीभाइ, घरपरिवार, इष्टमित्र पिता, माता आदिको प्रभाव र प्रेरणा ग्रहण गरेका छन् ।[छद्द]

प्रारम्भमा उनले तूफान टाइटलबाट नलेखी थरबाट लेख्ने गरेका थिए । २०३० सालदेखि तूफान उपनाम राखेर लेख्ने गरेका हुन् । उनको प्रथम प्रकाशित कवितासङ्ग्रह **सिपाहीको चिठ्ठीबाट** (२०४४) रूपायन प्रकाशनबाट प्रकाशित भएको हो । दोस्रो कवितासङ्ग्रह **रमेश तूफान नाम हुनुलाई** (२०५३) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित भएको हो र अन्य प्रकाशित कृतिमा **सम्वाद र सम्वाद** (२०५५) सालमा सम्पादन गरेका छन् । यो नेपालका चर्चित आठवटा उपन्यासमाथि चलाइएको परिसंवादहरूको सङ्ग्रह हो । तूफानले विराट कवि सम्मेलन विराटनगरबाट २०३९ सालमा अधिराज्यका कवि र भारतका विभिन्न प्रान्तका नेपालीभाषी कवि, साहित्यकारलाई सहभागी गराएका थिए । त्यसवेला सम्मेलनको लहर नै चलेको थियो । तीमध्ये धेरैजसो नेपालगञ्ज, स्याङ्जा, कास्की, झापा, सुनसरी, विरगञ्ज र पाल्पामा भएका थिए जसमा तूफान पनि सहभागी भएका थिए । शनिवार साहित्य समितिमा हरेक शनिवार शन्चारीमाई स्थानमा कवितावाचन हुने गर्दथ्यो त्यसमा तूफान पनि आफ्ना कविता वाचन गर्दथे । सो समूहका माध्यमबाट उनले विभिन्न साहित्यिक गतिविधि गरेका थिए । त्यही गतिविधि मध्येको एउटा कार्यक्रमका संयोजक भएका थिए ।[छछ]

विभिन्न गतिविधि, प्रभाव र प्रेरणाबाट निर्मित तूफानको व्यक्तित्वका पक्षहरूलाई निम्नानुसार चर्चा गरिएको छ :

## ३.२ शारीरिक व्यक्तित्व

रमेश तूफान करिब पाँच फुट चार इन्च उचाइ भएका शान्त प्रकृतिका व्यक्ति हुन् । गोरो वर्ण, हिस्सी परेको अनुहार, न मोटो न दुब्लो ठिक्कको शरीर, तालु अलिअलि खुइलिएको, कालो कपाल, ठूलो निधार, मिलेका दाँत, हँसिलो मुखाकृति, मिठो बोली सालाखालामा खाइलाग्दो चिटिक्क परेको निकै आकर्षक र प्रभावकारी व्यक्तित्वबाट रमेश

---

छद्द. ऐजन ।

छछ. ऐजन ।

तूफानको शारीरिक बनोट निर्माण भएको देखिन्छ । कुनै पनि व्यक्तिलाई सहज रूपमा आकर्षक गर्न सक्ने गुण उनको शारीरिक बनावटमा पाइन्छ । वर्तमान समयमा पनि तूफानको कपाल कालै देखिन्छ । उनका अनुहारमा एक किसिमको चमक देखिन्छ । जीवनको सञ्चालनमा वा दैनिक खानपिनमा विशेष ध्यान दिने तूफानलाई सामान्य रूपमा आइपर्ने ज्वरो, रुघा, खोकी आदि केही दिन लागे पनि कुनै गम्भीर रोग भने नलागेको पाइन्छ । उनी सरल, विनम्र, मिलनसार, हँसिलो, कुनै कुरा पनि झर्को नमानी भन्ने स्वभावका देखिन्छन् । उनी कुनै पनि काम गर्दा धैर्यका साथ कार्यप्रति लगनशील भएर गर्दछन् । आफ्नो हैसियतभन्दा माथिको काम नगर्ने तथा जिम्मेवारी पाएको काम लगनशील भएर पूरा गरेरै छाड्ने प्रवृत्ति उनमा रहेको देखिन्छ ।[छट]

## ३.३ व्यक्तित्वका विभिन्न पाटाहरू

विविध क्षेत्रमा गरेको भूमिका र योगदानका कारण उनको व्यक्तित्व बहुआयामिक हुन पुगेको छ । उनको व्यक्तित्व जुनजुन क्षेत्रमा संलग्न रहेको छ, ती क्षेत्रमा निर्वाह गरेका भूमिका र योगदानका आधारमा उनको व्यक्तित्व, महत्वपूर्ण देखिन्छ । रमेश तूफानको व्यक्तित्वलाई निम्नलिखित विभिन्न पाटाहरूमा विभाजन गरी अध्ययन गरिएको छ :

### ३.३.१ साहित्यिक व्यक्तित्व

रमेश तूफानले शिक्षा आर्जन गर्दागर्दै २०३० बाट साहित्यिक लेखन प्रारम्भ गरेका छन् । यिनको साहित्य व्यक्तित्व कविता विधामा बढी फैलिएको देखिन्छ ।

### १. कवि व्यक्तित्व

रमेश तूफानका दुईवटा मात्र कवितासङ्ग्रह प्रकाशित छन् । प्रथम कवितासङ्ग्रह **सिपाहीको चिठ्ठीबाट** (२०४४) रूपायन प्रकाशनद्वारा प्रकाशित र अर्को कवितासङ्ग्रह, **रमेश तूफान नाम हुनुलाई** (२०५३) नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित छन् । उनका दुईवटा कवितासङ्ग्रहमा जम्मा ६५ वटा कविता रहेका छन् ।

तूफानका कविता मुक्त (गद्य) लयढाँचामा लेखिएका छन् । उनका कवितामा लयबद्धता छैन । उनका कविता सहज, सुबोध र सर्वग्राह्य छन् । छोटाछोटा पदावलीयुक्त वाक्यीय ढाँचा प्रयोग गरिएको छ । उनका कवितामा समसामयिक विषयवस्तुमा जोड दिइएको छ । उनका कविता व्यङ्ग्यप्रधान छन् र आत्मपरक शैलीको प्रयोग गरिएको छ । अन्तरअनुप्रासीयताका कारण मुक्तछन्दमा संरचित यिनका गद्यकविताहरू प्रायः लयात्मक छन् ।[छठ]

छट. ऐजन ।

छठ. ऐजन ।

### २. सम्पादक व्यक्तित्व

रमेश तूफानको **सम्वाद र सम्वाद** (२०५५) नामक समीक्षात्मक कृति सम्पादन गरेका छन् । उनले सम्पादन गरेको उक्त कृतिमा आठवटा उपन्यासमाथिका विभिन्न विद्वान्हरूका दृष्टिकोण सङ्कलन गरी प्रस्तुत गरिएको छ ।

## ३.३.२ साहित्येतर व्यक्तित्व

जीवनमा अनेक क्षेत्रसँग सम्बद्ध र क्रियाशील रहेका रमेश तूफानको लेखन क्षेत्रबाहेक अन्य विविध व्यक्तित्व, उनको रुचि, पेसा विभिन्न क्षेत्रहरूमा सहभागिता तथा, उनको प्रतिभाका कारणले निर्माण भएको देखिन्छ । विभिन्न कार्य क्षेत्रहरूमा संलग्न तथा सक्रिय कार्यदक्षताले उनको व्यक्तित्व, कार्यप्रतिको लगनशीलता, कर्तव्यको कुशल निर्वाह, उच्च विद्वता आदिको निर्माण भएको देखिन्छ । रमेश तूफानको राष्ट्रिय व्यक्तित्वलाई निम्नलिखित प्रकारमा विभाजन गरी अध्ययन गरिएको छ ।

### १. प्राध्यापक व्यक्तित्व

रमेश तूफानले प्राध्यापन क्षेत्रमा थोरै समय गरे । उनले नेपाल वाल्मीकि क्याम्पसमा २०५५ साल कात्तिक महिनादेखि २०५८ पुस महिनासम्म ३ वर्ष राजनीतिशास्त्र अध्यापन गरी सो पेसा छोडिदिए ।[छड]

### २. प्रशासनिक व्यक्तित्व

रमेश तूफानले विभिन्न प्रशासनिक तहमा रहेर भूमिका निर्वाह गरेका छन् । सुरूमा विराटनगरमा सरकारी कार्यालयमा कार्यरत रहे । त्यसपछि नेपाल राष्ट्र बैङ्क, विराटनगरमा केही समय कार्यरत रहे । स्थानीय विकास मन्त्रालयको एउटा प्रोजेक्टमा केही समय काम गर्नुका साथै २०४६ साल चैत्रदेखि हालसम्म राष्ट्रिय समाचार समितिमा प्रमुख समाचारदातामा कार्यरत छन् । आफूले लिएको जिम्मेवारी कुशलताका साथ पूर्ण गरेका वा गर्दै रहेका तूफानको कुशल प्रशासनिक व्यक्तित्वले रा.स.स. लाभान्वित भएको देखिन्छ । रा.स.स.को विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने तूफानको प्रशासनिक व्यक्तित्व उच्च रहेको छ ।

### ३. सामाजिक व्यक्तित्व

रमेश तूफानको सामाजिक व्यक्तित्व पनि उच्च रहेको छ । उनी समाजसेवा गर्न मन पराउँछन् । उनमा समाजमा केही गर्नुपर्छ भन्ने भावना रहेको छ । तूफान रेडक्रस नेपालका आजीवन सदस्य, परिवार नियोजनका आजीवन सदस्य, राजनीतिशास्त्र सङ्घका महासचिव भइसकेका छन् । उनले रेडक्रसमार्फत समाजमा धेरै सामाजिक योगदान गरेको पाइन्छ । रेडक्रसमार्फत विभिन्न ठाउँमा गएर सामाजिक सेवा गरेका र आफ्नै टोलसमाजमा पनि

---

[छड] ऐजन ।

रेडक्रससमार्फत विभिन्न सहयोग पुऱ्याएका थिए । पत्रपत्रिकामार्फत सत्य, तथ्य घटनाहरू प्रकाशन गर्नुका साथै तत्कालीन व्यवस्था (पञ्चायती) विरोधी अभियानका लागि एउटा मिसनको रूपमा आफ्ना तर्फबाट योगदान पुऱ्याएका छन् । पत्रपत्रिकामार्फत सत्यतथ्य घटनाहरू प्रकाशन गर्नुले उनको सामाजिक व्यक्तित्व उच्च हुन गएको छ ।

### ३.३.३ जीवनी, व्यक्तित्व र कृतित्वबीच अन्तर्सम्बन्ध

रमेश तूफानले आफ्नो जीवनयात्रामा अनेक क्षेत्रमा संलग्न भई महत्त्वपूर्ण कार्यहरू गर्दै आइरहेका छन् । तिनै महत्त्वपूर्ण कार्यहरूले तूफानको जीवनी एक सामान्य व्यक्तिभन्दा भिन्न राष्ट्रिय व्यक्तित्वका रूपमा स्थापित हुन पुग्यो । उनले गरेका कार्यहरूबाट निर्मित उनको राष्ट्रिय व्यक्तित्व र उनीद्वारा लिखित कृतिहरूका बीच परस्पर निकटता र सम्बन्ध देखिन्छ ।

रमेश तूफानको पारिवारिक पृष्ठभूमि निम्नमध्यमस्तरीय भएकाले उनको बाल्यकाल दुःखपूर्वक बितेको पाइन्छ । साथै शिक्षा आर्जनका निम्ति निकै सङ्घर्ष गर्दै अध्ययन गरेका तूफानमा बाल्यकालका जीवनका घटनाहरू र दाजुको प्रभाव यिनका साहित्यिक लेखनमा पर्न गयो । साथै उनले गरेका स्वदेश तथा विदेशका भ्रमणका समयमा अनुभव गरेका र प्रत्यक्ष भोगेका घटनाहरूको प्रभाव पनि यिनको साहित्यिक लेखनमा पर्न गयो ।

तूफानको मूल कार्यक्षेत्र पत्रपत्रिका लेखन र प्रकाशन हो । प्रारम्भमा सहज सिर्जना क्षेत्रबाट बिस्तारै गहन क्षेत्रतिर उनको लेखनकार्य मोडिएको पाइन्छ । तूफानले विभिन्न कार्यहरू र भ्रमणका सिलसिलामा देश तथा विदेशका विभिन्न भागहरूका जातीय, सांस्कृतिक र भाषिक अध्ययन र दृश्यावलोकन गरेका थिए । त्यही भ्रमण समयमा गरेका अनुभव, दृश्यावलोकनका घटना तथा अनुभवबाट उनको साहित्यलेखनका लागि प्रभाव ग्रहण गरेका छन् । यसरी हेर्दा रमेश तूफानको समग्र जीवनका मूलभूत पक्षहरू, महत्त्वपूर्ण कार्यहरू र तिनबाट बनेको उनको उच्च व्यक्तित्व तथा तिनै जीवनीका विविध पक्षहरू र व्यक्तित्वको प्रभाव उनको कृतिलेखनमा परेको देखिन्छ । तिनमा पनि उनको पारिवारिक अवस्था, तत्कालीन समाजिक परिवेश, शिक्षा र पत्रपत्रिका लेखन र सम्पादन पेसाको परिणामस्वरूप उनले नेपाली भाषासाहित्यका क्षेत्रमा ठूलो योगदान दिएको देखिन्छ । यसरी हेर्दा अत्यन्त लगनशील, व्यस्त र गहन अध्ययन/अनुसन्धान गर्ने तूफानको जीवनी, व्यक्तित्व र कवित्वका बीच परस्पर अन्तर्सम्बन्ध स्थापित भएको पाइन्छ ।

# चौथो परिच्छेद

# रमेश तूफानका कृतिहरूको विश्लेषण

## ४.१ सिपाहीको चिट्ठीबाट कवितासङ्ग्रहको विश्लेषण

### ४.१.१ परिचय

**सिपाहीको चिट्ठीबाट** (२०४४) कवि रमेश तूफानको पहिलो कवितासङ्ग्रह हो । यस कवितासङ्ग्रहमा २०३० को दशकपछि तूफानले सिर्जना गरेका कविताहरू समेटिएका छन् । यी कविताहरूमा तत्कालीन समयको समकालीन विम्बचित्र उतारिएको छ । यो कवितासङ्ग्रह रूपायन प्रकाशनले २०४४ सालमा प्रकाशन गरेको हो । यस कवितासङ्ग्रहमा **मधुपर्क, गरिमा, अभिव्यक्ति, रचना, रूपरेखा, आन्दोलन, साङ्ग्रिला, डोली, कदर, सुरूचि, बगर, समीक्षा, राष्ट्रपुकार, आजकल, साप्ताहिक विमर्श** जस्ता पत्रिकाहरूमा छापिएका कविताहरू सङ्गृहीत छन् । यस कवितासङ्ग्रहमा ३५ वटा कविताहरू छन् । डिमाइ साइजको ६४ पृष्ठमा यस कवितासङ्ग्रहले आफ्नो आकार ग्रहण गरेको छ । कविले प्रकृतिको वर्णन गरेर मौलिक सिर्जना शक्तिमा कविताहरू रचना गरेका छन् । सिर्जनाको संसारलाई नवीन शैली, विम्ब र अलङ्कारले भर्ने काम यस सङ्ग्रहमा भएको छ । उनका कवितामा जीवनको गहिराइलाई नाप्ने काम गरिएको छ । यस कवितासङ्ग्रहमा सङ्गृहीत कविताहरूले समाजलाई परिष्कारतर्फ डोऱ्याउन र पाठकलाई आनन्दको अनुभूति गराउन कोसिस गरेका छन् । नेपाली साहित्यको कविता विधाका उदीयमान प्रतिभा रमेश तूफान समसामयिक कविता धाराका एक उज्ज्वल नक्षत्र हुन् । उनको लेखन २०३० सालबाट प्रारम्भ भएको हो । उनले २०३० सालमा **कवि र कविता ऐंसेलु** नामक पत्रिका विराटनगरबाट प्रकाशित गरेका छन् । समसामयिक विषयको भावभूमिमा अडेर यथार्थको अभिव्यक्ति गर्ने तूफान सामान्य भाषाभन्दा प्रतीकात्मक भाषालाई बढी अङ्गीकृत गर्दछन् । उनी थोरै लेखेर पनि धेरै विषयलाई समेट्न सक्ने एक कुशल कवि हुन् । उनको समष्टि लेखन यात्रामा हालसम्म जम्मा दुईवटा कवितासङ्ग्रह तथा **सम्वाद र सम्वाद** (२०५५) नामक समालोचकीय सङ्कलन प्रकाशित कृतिका रूपमा हामी सामुन्ने रहेका छन् । त्यसमध्येको प्रथम उत्कृष्ट कवितासङ्ग्रह हो - **सिपाहीको चिट्ठीबाट** ।

प्रस्तुत कवितासङ्ग्रहको शीर्षक **सिपाहीको चिट्ठीबाट** के स्पष्ट हुन्छ भने राष्ट्रको नाममा होमिएको एक सच्चा पहरेदार सिपाही आफ्नो आत्मकथाबाट सत्यताको वकालत गर्दै राष्ट्रलाई जुन भावमा चिट्ठी लेख्छ त्यसको प्रतिविम्बका साथमा यस सङ्ग्रहमा अन्तर्निहित प्रत्येक कविताहरूले बोलेको पाइन्छ । रमेश तूफानका ३५ वटा कविताहरूबाट यस कवितासङ्ग्रहको स्वरूप निर्माण भएको छ ।

## ४.१.२ विषयवस्तु वा भावभूमि

कविताको एउटा महत्त्वपूर्ण घटक वा तत्त्वका रूपमा रहेको भाव वा विचार प्रगीतात्मक आख्यानात्मक एवम् नाटकीय तीनै खाले संरचना भएका कवितामा कुनै न कुनै रूपमा आए पनि यसलाई मूलतः प्रगीतात्मक कविताको संरचक घटक मानिन्छ । आयाम लम्बिँदै गएपछि क्रमशः विकसित र विस्तारित हुँदै जाने भाव वा विचारको विकास र विस्तार प्रगीतात्मक कवितामा पनि आदि, मध्य र अन्त्यका रूपमा क्रमिक वा व्यतिक्रमिक ढङ्गले हुन्छ । यसको आदिमा मूलभावतर्फ अभिमुखीकृत गरी मूलभाव प्रस्तारित गरिन्छ भने मध्यम यसको विस्तार तथा अन्त्यमा बर्तुलित रूपले पुष्टिकरण एवम् निष्कर्षमा प्रस्तुत गरिन्छ । यी सबै दुष्टिबाट हेर्दा भाव वा विचार कविताको (विशेषतः प्रगीतात्मक) अनिवार्य संरचक घटक भएको तथ्य स्पष्ट हुन्छ ।[छढ] प्रस्तुत कवितासङ्ग्रहको विषयवस्तुमा हाम्रो समाज, प्रकृतिलाई समेटिएको छ । समाजका यावत् समस्याहरू र सामाजिक विसङ्गति र विकृतिमा रुमलिएको वर्तमान मान्छेको मलीन चित्र उतार्ने काम गरिएको छ । वर्तमान समयले मान्छेको जिन्दगीलाई कसरी लखेटेको छ भन्ने कुरालाई यस कवितासङ्ग्रहका कविताहरूले देखाउन खोजेका छन् भने प्रकृतिका नवीन चित्रहरू समेत प्रस्तुत कवितासङ्ग्रहमा देख्न पाइन्छ । विषयवस्तुका रूपमा मान्छे र उसको जिन्दगी, समाजमा उसको स्थिति र समयले पारेको प्रभावलाई मूल केन्द्र बनाई कविताहरूको सिर्जना गरिएको छ । यसबाट यस कवितासङ्ग्रहका कविताहरूको विषयवस्तु वर्तमान मानिस र उसको निरीह जीवनको चित्रणमा केन्द्रित रहेको छ ।

## ४.१.३ कविताको मूलभाव

मूलभाव विषयवस्तुको एउटा भाग हो र यो चरित्र, विम्ब, प्रतीक, शाब्दिक ढाँचा आदिमा आबद्ध हुन्छ । भाव कृतिको विषय मात्र नभएर त्यसलाई निर्माण गर्ने कथन पनि भएकाले व्यापक अर्थमा मूलभावले कृतिलाई एकान्वित तुल्याउन मद्दत पुऱ्याउँछ । असीमित रूपले प्रयोग गर्न सकिने कविताको वस्तुका रूपमा रहेको भाव वा विचार क्षणिक पनि हुन सक्छ र स्थायी पनि हुनसक्छ । यो क्षणिक वा स्थायी जे भए पनि कविताको जीवन्तता र प्रभावकारिता विषयवस्तुको समुचित चयन र प्रयोगमा निर्भर गर्दछ ।[टण] यस सङ्ग्रहभित्र सङ्गृहीत कविताको मूलभावलाई तालिकागत रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

---

छढ. खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६०), पृ.७८-७९ ।

टण. **ऐजन**, पृ.७८ ।

| शीर्षक | मूलभाव |
|---|---|
| १. प्रश्नः चिन्ह मान्छे हुनको अर्थमा | प्रस्तुत कवितामा वर्तमान युगमा बाँचेको मान्छेको निरर्थक जिन्दगीको चित्रण गरिएको छ । यस कवितामा 'म' पात्रले मान्छे हुनुको अर्थको खोजी समकालीन सन्दर्भबाट गर्न खोजेको छ र मान्छे भएर अनर्गल प्रचारका लागि अर्थहीन सन्दर्भबाट जीवन चलाउन खोजेको प्रसङ्गलाई प्रस्तुत कविताले देखाएको छ । शान्ति हराएर बुद्धत्वको रोदन, अर्थहीन अर्थ बोकेर निराधार दार्शनिक बनेको मान्छे, आस्था र अनास्थामा झुन्डिएको भेषभूषा हराएको इतिहासलाई आफ्नो मौलिकताको पहिचान बनाएर मान्छेको अर्थ खोज्नु निरर्थक छ भन्ने भाव यस कवितामा प्रस्तुत भएको छ । |
| २. खै के दिउँ यो जिन्दगीलाई | प्रस्तुत कवितामा अनवरत रूपमा परिश्रम गर्दा पनि अभावले भरिएको जिन्दगीमा, जिन्दगीलाई नै दिने कुनै पनि उपहार नभएको हुँदा सङ्कटमा परेको परिस्थितिको चित्रण गरिएको छ । अभाव-अभावैले भरिएको जिन्दगीलाई समवेदना र तिरस्कार वा राजीनामा र पुरस्कार के दिऊँ भन्ने सन्दर्भमा आफ्नै श्रीमतीलाई नग्न शरीर छोप्नका लागि एउटा सानो आस दिऊँ कि भन्ने प्रश्नात्मक भाव यस कवितामा प्रस्तुत भएको छ । यसले विषमता र गरिबीलाई मनोवैज्ञानिक रूपमा देखाएको छ । वर्तमान समयका मान्छेमा निहित अभाव र गरिबीलाई देखाउनु यस कविताको मूल भाव हो । |
| ३. निलम्बित एउटा बाँच्ने इच्छा | कवि तूफानले एउटा असफल जीवनलाई विषयवस्तु बनाएर कविता सिर्जना गरेका छन् । वर्तमान असफल भएको र अतीत पनि फक्रन नपाएको जीवनको चित्रण प्रस्तुत कवितामा पाइन्छ । हिमाल, पहाड, तराई जुनसुकै भूभागमा पुगे पनि एउटा असफल जिन्दगी बाँचिरहेको व्यक्ति कतै गएर पनि सफल भएर बाँच्न सकेको छैन । ऊ आफ्नो अभिशप्त जीवनप्रति खेद प्रकट गर्दै बिलौना गर्दछ । एउटा अविकसित मुलुकमा जन्मिएपछि अविकसित जीवन बाँच्नुपर्छ भन्ने कविको धारणा यस कवितामा रहेको पाइन्छ । |
| ४. पानीका थोपा कर्कलाका पातमा | प्रस्तुत कवितामा एउटा जिन्दगी बाँच्नुको कुनै पनि अर्थ छैन । यो जुनसुकै वेला पनि हराउन सक्छ । जसरी कर्कलाको पातमा रहेको पानीको थोपा हावाको एक सानो झोक्काले भुइँमा खसेर निरर्थक हुन्छ । त्यसै गरी मान्छेको जिन्दगी पनि वर्तमानमा निरर्थक छ, भन्ने विचारलाई प्रस्तुत कविताले विम्बात्मक रूपमा देखाएको छ । युगले |

| | |
|---|---|
| | घाउ परेका निको नहुने डामहरूमा जिन्दगी दिनानुदिन चहराइरहेछ र मान्छे मस्तसँग निदाउन सकेको छैन । शान्तिको सास फेर्न खोजे पनि निरङ्कुश समयले मान्छेलाई लखेटिरहेको छ । समयले पारेका घाउहरूलाई सुमसुम्याएर जिन्दगीलाई चलाइराख्नु व्यर्थ छ भन्ने कुरा यस कवितामा मुख्य भाव बनेर प्रस्तुत भएको छ । |
| ५. वेला भएको छ | प्रस्तुत कविता २०३६ सालको जनआन्दोलनको समीपमा अडेर लेखिएको कविता हो । यहाँ युद्धको चर्चा गर्दै नेपाली समाजलाई जुनसुकै खण्डमा पनि युद्ध गर्न तयार हौ भनिएको छ । नआतिई, नअल्मलिई यस समर मैदानमा फेरि यी मृत्युहरू नदोहिरिऊन्, बासी गीतहरू नदोहोरिऊन्, नगाइऊन् र बुद्धको यात्रामा युद्धले पुनः नपड्किऊन् भन्ने भाव कविले व्यक्त गरेका छन् । २०३६ सालपछि नै नेपाली जनतामा पञ्चायती पन्जाबाट स्वतन्त्रताको एक हिस्सा मिल्न पुग्छ । यही सुअवसरलाई नियाल्दै कविले पूर्ववत् राणाशासन र पञ्चायती कुव्यवस्थाजस्तो जीवन अब बाँच्न नपरोस् र नेपाली जनता सुखमय स्वतन्त्र जीवन जिउन पाऊन् भन्ने तथ्यको अभिव्यक्ति गरेका छन् । कवि अघि बढ्दै भन्छन्- सहर कर्फ्युले डुबेको हुन्छ, त्यहाँ सहरमा लासहरू अव्यवस्थित छरिएका हुन्छन्, यो चित्कार पुन-पुन नदोहिरियोस् भन्ने उनको अभिव्यक्ति रहेको छ । त्यसैले मान्छेलाई इतिहास लेख्ने वेला यही हो, स्वतन्त्रता खोज्ने वेला यही हो भनेका छन् । मानिसलाई पख-पख भन्दै हतार नगरिकन सुस्थिरले नगाइएका गीतहरू गाउन अनुरोध गरिएको छ र बुद्धको शान्ति ल्याउन हैजाहरूको अन्त्य गरी परम्परालाई निदाउन लगाई इतिहास लेख्न तयार होऊ, कलममा मसी भरेर बस त्यही समय उचित हुनेछ, गीत र इतिहास लेख्न भन्दै कविले वेला भएको छ, इतिहासमा परिवर्तन गर्न कवितामार्फत अभिव्यक्ति गरेका छन् । |
| ६.यो जिन्दगी तिम्रो लागि लिलामी छ | कविले आफ्नो जीवन एवम् सम्पूर्ण मानिस प्रेमी, प्रेमिका बनेको अवस्थाको समयलाई मध्यजनर गर्दै लेख्न पुगेको कविता हो । उमेर पुगेका युवा-युवती एक अर्काबीचमा आकर्षित बन्ने र आफ्नो असल जीवन साथीको खोजीमा अनगिन्ती मानिसहरूसँग हिंड्ने गरेको चर्चा कविले कविता मार्फत अभिव्यक्त गरेका छन् । अनेक फेसनहरू शरीरमा धारण गर्ने र कसैले हेरिदिन्छ कि, भनेर भौंतारिने त्यो तृष्णायुक्त शरीरलाई कविले यदि चाहन्छौ भने मेरो जीवन नै लिलाममा दिन तयार छु भनी अभिव्यक्त गरेका छन् । यो कविको निजी एकल अभिव्यक्ति भए पनि सम्पूर्ण मानवप्रेमी, प्रेमिकाबीचको अभिव्यक्तिका रूपमा रहन पुगेको छ । |

| | |
|---|---|
| ७. जिन्दगी एक कविता | प्रस्तुत कवितामा कविले जिन्दगीका अनेक पाटाहरूलाई भिन्नाभिन्नै ढङ्गमा चर्चा गर्दै अन्तत जीवन एक कविता हो भन्न पुगेका छन् । उनले एक दृष्टिबाट जिन्दगी औपचारिक सिर्जनाको फूल हो भन्दछन् । जुन एउटाले रोपेर जान्छ र अर्कोले हुर्काइदिन्छ । त्यही औपचारिक सिर्जित फूल एक दिन कुन महान् पुरुषले टिपेर भाग्छ, थाहा हुँदैन भन्ने अभिव्यक्ति गरेका छन् । यही जीवनलाई कवि बुझ्न नसकिने गन्जागोल शब्दहरूको खेल हो भन्दछन्, भने केही शब्द संयोजनको खेल हो भन्दछन् । यसरी यो उकाली र ओराली सहज र असहज परिस्थितिका बीचमा जिन्दगी बाँच्नु परेको छ भनी कवि भन्दछन् । कविले जिन्दगी बाँच्नुमा कैद नियति हो भनी मान्छेभित्रको आर्त खोल्ने प्रयास गरेका छन् । अझ अघि बढ्दै कवि भन्छन्- खै जीवन भोगेकोलाई भन्ने कि, रोजेकोलाई भनी विवादास्पद प्रश्न उठाउँछन् । यसरी अन्तिममा कविले जिन्दगीलाई बुझ्नै नसकिने भाषाको अभिव्यक्ति हो भन्दछन् । समग्रमा अनेक घुम्तीहरू पार गर्दै सहज र असहज परिस्थितिमा बाँच्नुपर्ने यो जिन्दगी बुझ्न नसकिने बनेको तथ्य कविताबाट अभिव्यक्त गरेका छन् । |
| ८. सिपाहीको चिट्ठीबाट | प्रस्तुत कवितामा कवि स्वयम् राष्ट्रको सिपाही भएका अभिव्यक्ति दिँदै यदि युद्धस्थलबाट आफ्ना थकित पाइलाहरू घिसार्दै कुनै सिपाही आएछ भने, प्रिय तिमी युद्धबाट आएका भनेर कहिल्यै नसोध्नु चाहे ऊ मरोस् । यसरी 'म' स्वयम् कविले आफ्नी प्रेमिकालाई सम्बोधन गर्दै युद्धमा होमिएको एक सिपाहीको उदाहरणबाट कविता सिर्जना गरिएको छ । सिपाहीलाई युद्धले डस्न सक्छ, ऊ समर मैदानमा आफ्ना अन्तिम सास फेर्न पुग्छ । यसरी उसको मृत्युमा मायालु तिम्रा आँखाबाट आँसु झरे पनि भक्कानो छाडेर नरुनु । यदि छोराले मध्यरातमा उठेर बाबा खोज्छ भने पापा लिन गएको छु भनिदिनु, नत्र कासाविएन्काको कथा सुनाइदिनु, प्रिय उसलाई नपिट्नु । जब युद्ध शान्ति भएर आउनेछ, त्यस वेला युद्ध हिरोसिमाको लाटो अभिव्यक्ति टोलाइरहेछ भन्ने सम्झनु तिम्रो प्रेमी बाँचिरहेछ । समग्रमा कविले युद्ध मैदानमा भएको युद्ध मैदानमा मरेको र आफ्नी प्रेमिका र छोराको हृदयाघातलाई सान्त्वना दिँदै राष्ट्रको उद्धारका निम्ति सिपाही बनेको तथ्यको अभिव्यक्ति गरेका छन् । |

| | |
|---|---|
| ९. प्रदीप | प्रस्तुत कवितामा उज्यालोको उपमामा रहेको 'प्रदीप' लाई संज्ञा दिँदै जीवनको वा अन्तर्मनको दीपका रूपमा चिनाउने प्रयत्न गरेका छन् । दीपलाई हरेक मानिसको विश्वास, आत्मीयता, अगाध प्रेम, सुन्दर परम्परा, इतिहास, सभ्यता अनुशासनको संज्ञाका रूपमा लिएका छन् । यदि इतिहास विश्वास सधैं निस्वार्थी र प्रदीप हुन्छ भने त्यो जीवन्त रहन्छ र त्यो नै जीवन र युगको सर्वोत्कृष्ट क्षण बन्नेछ भन्ने अभिव्यक्ति कविले गरेका छन्. । अझ अघि बढ्दै प्रदीपलाई प्रत्येक हृदयको अन्तर्मनको स्पर्श सम्झँदै सम्पूर्ण मानव र उसका कार्य क्षेत्रमा प्रदीपले छाओस् भन्ने चाहना प्रकट गरेका छन् । प्रदीप हेलचेक्र्याइँ होइन, यो त हामीमा प्रगाढ, आलिङ्गन गरेको निर्विकल्प महानताको सिङ्गो वस्तु हो, यसलाई भुलेर पनि नर्बिसन सम्पूर्ण मानव समाजलाई अखबारको रूपमा बाँचेका छन् । |
| १०. स्वीकारोक्ति | कविले यस कविताबाट मानिसमा दृढ उद्देश्य रहनुपर्ने फराकिलो अभिव्यक्ति एक छोटो कविताबाट राखेका छन् । यदि उद्देश्य दृढ नभई ढुलमुले हुन्छ भने मानिसका हिंड्ने पाइताला सडक नाप्नैका लागि भए पनि त्यो धेरै हुन्छ भनेका छन् । त्यस्तै गरी स्वर्णिम संसार हेर्ने यी आँखाहरू, रोग, भोग, पीडा र उत्पीडनमा सीमित र कुण्ठित हुन्छ भने यी आँखा धेरै हुने चर्चा गरेका छन् । समग्रमा कविले मानिसको जीवन एक उद्देश्यमय हुनुपर्छ र जहिले उज्ज्वल कार्यका निम्ति यो पाइला हिँड्नुपर्छ र यी स्वर्णिम आँखाले महान् कार्यलाई मात्र स्थिर रूपमा हेरेर अघि बढ्नुपर्छ । तब मात्र जीवनको लक्ष्य पूरा हुन्छ भन्ने अभिव्यक्ति गरेका छन् । |
| ११. भीम बहादुर मेरो नाम हो | यस कवितामा कविले युद्ध र शान्तिलाई आफ्नो कविताको विषय बनाएका छन् । बाबु र छोरीबीचको संवादात्मक शैलीका माध्यमले इतिहासका खलनायक जङ्गबहादुरको निरङ्कुशतातर्फ संकेत गर्दै र सपनामा तर्साउने प्रेतको रूपमा चित्रण गर्दै जङ्गबहादुरको परिचय गराएका छन् । त्यस्तै स्वतन्त्रताको युद्धमा आफ्नो नकारात्मक भूमिका देखाउँदै विश्वमा आतङ्क मच्चाउने नरपिशाचका रूपमा हिटलर र मुसोलिनीलाई चिनाएका छन् । बुद्ध शान्तिका प्रतीक हुन् । उनले पृथ्वीका मानिसहरूलाई आफ्नी आमाले स्तनपान गराएझैं शीतलता दिएका छन् भन्ने कुरा कविले स्पष्ट पारेका छन् । यसरी इतिहासका नायक र खलनायकलाई दुई ध्रुवमा राखेर युद्ध र शान्तिको विषयमा आफ्नो राय प्रकट गरेका छन् । |

| | |
|---|---|
| १२. एटम र उसको देश | मान्छेले आफ्नो इच्छा आकांक्षालाई दबाएर राख्नुपरेको छ । हाम्रो देशका मानिसहरू विदेशीका रिमोट कन्ट्रोलद्वारा चलेका छन्, विदेशीको इसारामा देश चल्न बाध्य भएको छ । शक्तिशाली देशको अधीनमा बाँच्नुपर्ने बाध्यात्मक विवशतालाई यस कवितामा व्यक्त गरिएको छ । |
| १३. आजका इन्द्रलाई | यस कवितामा भोलिका कुकृत्य मचाउँदै हिंड्ने व्यभिचारीहरूलाई इन्द्र भनेर सङ्केत गरिएको छ । हिन्दू धर्मका महान् देवता भनेर पूजा गरिने इन्द्र भगवान्को अहिल्यामाथि छलकपट गरी उनको पतिव्रता धर्म नष्ट गरेको र उनलाई त्यसको सजाय स्वरूप ढुङ्गा भएर बस्नुपरेको मिथकको उल्लेख गर्दै आजभोलिका प्रत्येक मानिसलाई त्यही इन्द्रका रूपमा मानेका छन् । यसरी एउटी पतिव्रता नारीमाथि छलकपट गर्ने मान्छे पृथ्वीका सबै प्राणीभन्दा डरलाग्दो र निकृष्ट रहेको कुरा कविले कवितामा स्पष्ट पारेका छन् । |
| १४. सडक मेरो अन्तरआत्माका देश | यस कवितामा कवि निम्नवर्गीय शोषित पक्षको भएर उपस्थित भएका छन् । उनले सडकलाई नै थातबास र भविष्यको आस ठानेका छन् । उनले सडकबाटै विकृति र विसङ्गतिको विरोध गरेका छन् । आफूले अन्याय र अत्याचारको विरोध सडकमै बसेर गर्ने गरेका छन् । अरू मान्छेले उनलाई बौलाहाको संज्ञा दिए पनि त्यसको प्रवाह नगर्ने कुरा स्पष्ट गरेका छन् । हिरोसिमा र नागासाकीमा गरिएको शक्तिको दुरुपयोगको विरोध गर्दै त्यस्तो घटनाले आफूलाई रातको निद्रामा समेत बिथोल्ने गरेको बताउँछन् । यस्तो किसिमको विश्वास र आस्था बोकेका कविले आफ्नो घर आँगनदेखि अन्तरात्मा नै त्यही सडकलाई ठानेका छन् । |
| १५. परेवा | प्रस्तुत कवितामा कविले सांकेतिक शीर्षक ‘परेवा’ राखेर युद्ध र शान्तिका बारेमा आफ्नो मत व्यक्त गरेका छन् । शान्तिको चाहना राख्ने कविले आफ्ना आँखा र ओठहरूले सधैं शान्ति कै कामना गर्ने भए पनि त्यसलाई स्पष्ट रूपले अवलम्बन गर्न सकेका छैनन् । उनलाई एउटा स्वच्छ नागरिक र स्वतन्त्र नागरिक भएर बाँच्न लामो समयदेखि पर्खेर बस्नु परिरहेको छ । युद्ध पिपासु मान्छेहरू हत्या, हिंसा, ईर्ष्या र घमण्डबाट नअघाएर त्यसैको पगरी गुत्थ्दै निरीह शान्तिमाथि तारो हानिरहेका छन् । उनीहरूलाई यसको नकारात्मक पक्षमाथि कुनै परबाह छैन । शान्तिक्षेत्र भनेर कहलिएको नेपालको इतिहास निमिट्यान्न पारेको उनीहरूलाई कति पनि थाहा छैन । गिद्ध |

| | |
|---|---|
| | र बाजहरू जस्तो हिम्स्रक र महिषासुरजस्तो नरभक्षी भएर टुहुरो भावना भएको असुरक्षित भविष्यको सिर्जना गर्न उद्यत भइरहेको छ । अरूमाथि हस्तक्षेप नगर्ने परेवाजस्तो निरीह शान्तिलाई खोरमा हमला गर्न युद्धका पक्षपातीहरू आइपुग्ने कुराको सङ्केत गर्दै त्यसबाट बच्नका लागि बिचरो शान्ति शान्ति नै जपिरहेको हुन्छ र उन्मुक्तता पर्खि रहेको हुन्छ भन्ने कुरा कविले यस कवितामा उल्लेख गरेका छन् । |
| १६. विकल्पको खोजी | शान्तिको पक्षमा वकालत गर्ने कवि यस कवितामा एउटा युगपुरुष पात्रको सिर्जना गरी युद्धको परिवेशको चित्रण गर्न पुगेका छन् । आफ्नो अन्तर्मनमा विभिन्न प्रश्नहरू उठ्ने गरेको तर ती प्रश्नको जवाफ युगपुरुषले कतैबाट नपाएको कुरा उल्लेख गरेका छन् । उनले युद्धको कोलाहल मच्चिरहेको ठाउँबाट आफ्नो प्रश्नको जवाफ आउने पर्खाइमा रहेको बताएका छन् । युगपुरुषले मान्छे मान्छेको घुइँचोबाट जोखिम उठाउँदै आफ्नो प्रश्नको प्रतिउत्तर खोजिरहेको कुरा यस कवितामा प्रस्ट गरेका छन् । |
| १७. इतिहास किंवदन्ती होइन | हाम्रा पुर्खाहरूले कोरेको इतिहासलाई महत्त्व दिँदै यस कवितामा कविले इतिहासको गुणगान गरेका छन् । इतिहास लेख्न साधारण कुरो होइन र हाम्रो पुर्खाको इतिहास लरतरो पनि छैन भन्ने कुरा कविले सिन्धुघाटी, मेसोपोटामिया र मिश्रका अघिका इतिहासहरूलाई गौरवकासाथ प्रस्तुत गरेका छन् । आधुनिक भनाउँदो मान्छेले, आफ्ना पुर्खाको इतिहासलाई बिर्सेर अहिले अर्काले बनाइदिएको सडकमा दौडिने बानी पारेको छ । पुर्खाले बनाएको इतिहासलाई हिटलर, मुसोलिनी र बोकासाले मानवतामाथि ताण्डव मच्चाएका छन् । कविले जमिन खोस्रने न्याउरी मुसालाई इतिहासको खोजी गर्ने साक्षीका रूपमा लिँदै यसले जमिन खोस्रिँदाखेरि कालो इतिहास भएकाहरू आफू सशङ्कित भएको स्पष्ट गरेका छन् । अत्याचारी र षड्यन्त्रकारी पुर्खाहरूलाई चिनेर लवकुशलेजस्तो लड्ने हिम्मत गर्न र शकुनीजस्तो षड्यन्त्रको तानाबाना बुन्ने मामासँग पाण्डवहरूले जस्तो मुकाबिला गर्न प्रेरणा दिएका छन् । मान्छेको इतिहासलाई मेटाएर आफ्नो वर्चस्व देखाई विश्व मानवसमुदायलाई कङ्कालरूपी बनाउन लागिपरेका कम्पुचिया इतिहासका खलनायकहरूलाई सम्बोधन गर्दै एउटा मुसाले पनि खोरभित्र थुनिएको अवस्थामा इतिहास बनाउन नसकेझैँ आफ्नो इतिहास बनाउन सक्दैन । कुरीति र कुसंस्कारहरूले ढाकेर हाम्रा पुर्खाका इतिहासलाई ढाक्नु हुँदैन भन्ने भाव कविले यस कवितामा व्यक्त गरेका छन् । |

| | |
|---|---|
| १८.एउटा अन्त पछिको अभ्युदयलाई | यस कवितामा कविले युद्धपछिको शान्तिको कामना गरेका छन् । युद्धपछि प्राप्त हुने शान्तिलाई 'सूर्योदय' भन्दै त्यो सूर्योदयको समयमा मानिसले हर्षोल्लास व्यक्त गर्दै समाहित भएर रमाउने आशय व्यक्त गरेका छन् । कविलाई यस्तो दिनको आस त छैन तर पनि लाटो कोसेराले दिउँसै आँखा देख्यो भन्दा पनि पत्याउनु पर्ने इतिहासको वास्तविकतालाई विवश भएर मान्नुपर्ने कुरा उल्लेख गर्छन् । उनी युद्धकामी बाजाहरूले युद्ध गर्न छाडिसकेको र शान्तिकामी सेता परेवाहरूले आकाश ढाकिएको कल्पनामा रमाउँछन् । त्यो दिनमा कविले आफ्ना मनका भावनाहरू निरर्थक भएर व्यक्त गर्न पाउने आशा व्यक्त गरेका छन् । लाखौं सहिदहरूले आफ्नो ज्यानको आहुती दिइसकेका छन् । उज्यालो दिन ल्याउनलाई ती सहिदहरूका आत्माले यहाँ स्वतन्त्रता छाएको दिन मात्र शान्ति पाउने यथार्थ कविले यहाँ व्यक्त गरेका छन् । |
| १९. म कविता बुबाको | यस कवितामा कविले पुर्खाको विद्रोही भावनालाई चिनाउँदै त्यसको वंशानुगत गुण आफूमा सरेको बताउँछन् । उनलाई कसैले 'प्रिय' भनेर आफ्नो मायाजालमा फसाउने र कसैले 'मित्र' भनेर स्वार्थ सिद्ध गर्ने भएको ठान्दै तिनीहरूले जेसुकै ठाने पनि आफू त्यसमा नफस्ने कुरा व्यक्त गरेका छन् । आफ्नी आमाको निस्कपटता र बुबाको विद्रोहीपनले आफूलाई पनि एउटा विद्रोही व्यक्तित्वको रूपमा स्थापित गरेको आफ्नै पुर्खाको सिर्जना हुँ भन्ने भाव यस कवितामा गरेका छन् । |
| २०. हामी अत्याधुनिक कला क्यानभासको | आधुनिक युगको मान्छे आफ्नो विगत बिर्सिएर अर्कैतिर मोडिएको छ । इतिहासका काला दिनहरूले उसलाई ढाकेको छ र अगाडि बढ्न नसकी विश्राम लिएर बसेको छ, मान्छे एक्लो भएको छ । उसले अरूको हाँसो देख्न नपाई हाँसो हेर्नका लागि ऐनाअगाडि आफैँले हासेर चित्त बुझाउनु परेको छ । नागासाकी र हिरोसिमा नरसंहार मच्चाएर निर्ममता देखाएको मान्छेले आफ्नै तिक्त इतिहासले तम्तमाएर बस्नु परेको छ । इतिहास हराउँदा आफैं हराएको ठानी आफूलाई 'क्लोज अप' मा खोजिरहेको छ । आफ्नै सभ्यता नङ्ग्याएको मान्छे आफ्नै इतिहास पल्टाएर हेरी वेश्याको रोदनझैं रोइरहेको छ । आफ्नो इतिहास वाटरकलरमा खोजिरहेको छ । सगरमाथा र कोसी गण्डकी उसका गौरव नभएर भारका रूपमा भोगिरहेको छ । किनभने उसले आफ्नो इतिहासलाई अरूका सामुन्ने देखाउने खालको बनाएको छैन । यसरी आधुनिक मान्छे अत्याधुनिक कलाको क्यानभासमा झैं अस्पष्ट र एब्स्ट्र्याक्ट बनेको छ । |

| | |
|---|---|
| २१. छोराको माग | यस कवितामा कविले वर्तमानमा मान्छे स्वतन्त्रताको खोजीमा लागेको कुरा व्यक्त गरेका छन् । कविले आजको मान्छेलाई के चाहिएको हो भनेर धेरै कुरा दिई उसका इच्छा आकाङ्क्षा पूरा गर्न एउटा बाबु छोराको चाहना पूरा गर्नका लागि भोटो , मोटर, रेल, जहाज, एक एक गर्दै ल्याइदिएको बताउँछन् । |
| २२. उपेक्षित जिन्दगी | कवि यस कवितामा आफ्नो जिन्दगीदेखि विरक्तिएर प्रकट भएका छन् । चुरोटको जिन्दगी सल्किनुमा रित्तिने भएकाले सलाई कोरेर चुरोटलाई सल्काई दिएझैं मिल्ने भए कवि आफ्नो जिन्दगीलाई पनि रित्याइदिन चाहन्छन् । जलेको चुरोटको ठुटाका अवस्थामा पुगी आराम पाउने अवस्थामा पनि त्यसलाई आराम नदिएर रक्सीमा चोपेर अचकल्टो बनाएझैं आफ्नो जिन्दगीलाई पीडा माथि पीडा दिन चाहन्छन् । |
| २३. गिद्धका ओठको समवेदना | आजभोलिको मान्छे कपटी र स्वार्थी छ । आफू युद्धकै पक्षपाती भएर वितन्डा मच्चाउँदै हिंसा हत्यामा लागे पनि आफ्नै कारण भएको मृत्युमा पनि आफैं समवेदना व्यक्त गर्न पुग्छ । यो आजको मान्छेको कुटनीति हो र उसले त्यति वेला अरूका अगाडि आफ्नो इमानदारिता, सच्चरित्रता र विश्वसनीयता देखाउनका लागि ढोँगी रूपमा प्रस्तुत भएको छ । मान्छेले आफ्नो मृत्यु कस्तो हुन्छ भन्ने बारेमा सोचेको छैन । आफू रद्दीको टोकरीमा फालिएका सामानजस्तो हुनुपर्ने हो कि भन्ने कुरामा कहिल्यै विचार गरिएको छैन । आफू हिंस्रक भएर तानातान र लुछालुछ गरेर हिंसा हत्या मच्चाउने भए पनि गिद्धको ओठको समवेदनाझैं कुटनीतिज्ञ बन्न पुगेको छ । |
| २४. काठमाडौं | कविले यस कवितामा सहरी विकृति विसङ्गतिको चर्चा गर्दै मान्छेका आडम्बरी प्रवृत्तिप्रति टिप्पणी गरेका छन् । मान्छेले खोक्रोपन बाहिरबाट ढाकछोप गरेर नक्कली अनुदित अनुहार लिएर हिँडिरहेको छ । सहरको परिवेशमा पोलिएको र पिल्सिएको अवस्थाको चित्रण कवितामा गरिएको छ । सहरमा मान्छेलाई बाँच्न पनि गाह्रो परिरहेको छ । काठमाडौं सहरमा जादु र चटक देखाउँदै हिंड्ने र ज्योतिषिको जाल बिछ्याएर हिँड्ने अनि टुँडिखेलमा नाटक देखाएर अरूलाई हँसाउने र आफूचाहिँ कुण्ठित मन लिएर सधैं रोइरहेको नियतिको चर्चा गरिएको छ । यस्तो परिस्थितिमा गुज्रिएको सहरिया मान्छे आफू आफैंभित्र अस्पष्ट छ । एकै छिनमा राजनीतिज्ञको भाषा बोल्ने र एकै छिनमा सहरको पेटीमा हात फैलाएर भीक्षा माग्नेमा परिणत हुन्छ । |

| | |
|---|---|
| | यस्तो जटिल संरचना भएको मान्छे भित्रबाट फाटेको गन्जी र कछी लगाएरै भए पनि अरूका अगाडि बाहिर भने सुटेड-बुटेड हुन्छ । यस्तैगरी सहरिया विसङ्गतिको चित्रण गर्दै बाहिर पेन्ट जुत्तामा सजिने मान्छे जुत्ता खोल्दा ठुस्स गनाउने मोजाको वास्तविकतामा परिवर्तित हुन्छ । यसरी आफ्नो परम्परा, संस्कृति, रीतिरिवाज बिर्सिएर विदेशीको नक्कल गर्नुपर्ने, आजको सहरिया मान्छे प्याजको डल्लाझैं भित्रभित्रै रागमा पिल्सिएको रूपमा चित्रित भएको छ । |
| २५. हामी रोग पिएर बाँचिरहेका छौं | आजभोलि मानिसहरू उकुसमुकुसको जिन्दगी जिएर निसासिएर जीवन भोगिरहेका छन् । सडकमा लमतन्न परेर सुतिरहेका छन् । अरूको आसमा परेर हात लम्काइरहेका छन् । सम्मान पाउने आसमा आफ्नै छाला काडेर अरूलाई ओडाउन पनि पछि परेका छैनन् तर त्यसबाट सम्मान पाउनुको सट्टा आफैं निर्लज भएको पत्तै पाएका छैनन् । पुर्खाको रगतलाई पानीले मेटाएर बहादुरीको इतिहासलाई पैतालामुनि छोपेर मान्छे, आफ्नो नियतिलाई धिक्कारिरहेको छ । क्रन्दनलाई सङ्गीत बनाई नाच्ने, डिस्को र क्याब्रे डान्समा रमाइरहेका छन् । यस्तो विसङ्गतिबाट आफ्नो भविष्यले कुन मोड लिने हो भन्ने विषयमा उसले कहिल्यै सोचेको छैन । विभिन्न किसिमका रोगहरू प्यारालाइसिस, कुष्ठरोग, ब्लडक्यान्सर, हट एटेकजस्ता रोगहरू बोकेर मान्छे जिन्दगी भोगिरहेको यथार्थ कविले यस कवितामा व्यक्त गरेका छन् । |
| २६. क्वाइन, वाइन, फाइन | कविले यस कवितामा मान्छेका आवश्यकता दिनानुदिन बढ्दै गएको चर्चा गरेका छन् । मान्छेको सबैभन्दा आवश्यक वस्तु क्वाइन अर्थात पैसा हो । पैसाको भरमा भोगविलासमा लागेको मान्छे सस्तो सभ्यताका नाउँमा मध्यपान सेवन गर्नुलाई आफ्नो आवश्यकताका रूपमा हेर्न थालेको छ । |
| २७. एपेन्डीक्स | यस कवितामा समाजमा सीधासाधा व्यक्तिले जिउन गाह्रो परिरहेको कुरा कविले व्यक्त गरेका छन्, लाटो व्यक्तिले जीवनलाई जटिल रूपमा भोगिरहेको हुन्छ । उसले बिना अर्थको अभिव्यक्ति र बिना सिद्धान्तको कदम बढाइरहेको हुन्छ । ऊ समाजका व्यक्तिहरूबीच एक्लो वृहस्पतिझैं एक्लिएको हुन्छ र ज्यालामा नमिलेको दमाईंझैं समाजबाट अलगिगएको हुन्छ । |

| | |
|---|---|
| २८. मैले पाउन नसकेको स्वतन्त्रता मेरी आमा | यस कवितामा कविले आमा र स्वतन्त्रतालाई पयार्यका रूपमा लिएका छन् । आफ्नो दासताले भरिएको र शोषण र उत्पीडनले पिल्सिएको अवस्थामा रहेर, मौनतापूर्वक स्वतन्त्रताको चाहना गरिरहेको तर कयौँ युग बितिसक्दा पनि स्वतन्त्रता नपाएको कुराको चर्चा कविले यहाँ व्यक्त गरेका छन् । आफ्ना पुर्खाहरूले आफूलाई स्वतन्त्रता दिलाउने आश्वासन दिएर हिंडेको तर जुगौं पर्खंदा पनि नफर्किएको भाव व्यक्त गर्दै कविले स्वतन्त्रतारूपी आमालाई दूधका लाम्टा चुस्न र 'भोक लाग्यो भोक लाग्यो' भनेर सताउन आमाको खोजी नगरेको चर्चा गरेका छन् । कविले स्वतन्त्रतारूपी आमालाई शिक्षाको अवसर प्राप्त गर्ने र आफ्ना पुर्खा चिनाउने उद्देश्यका लागि खोजी गरेको उल्लेख गरेका छन् । तर स्वतन्त्रतारूपी आमा ल्याउन युद्धमा गएका आफ्ना पुर्खाहरू उतै मरिसकेको शङ्का गर्दै आमा र स्वतन्त्रतालाई एउटै अर्थमा हेरेका छन् । |
| २९. सके उस जनममा हामी एउटै थियौँ | यस कवितामा कविले दुई भिन्न सम्प्रदायका भिन्नभिन्नै सोचाइ र धारणा भएका व्यक्तिहरूको चर्चा गरेका छन् । यसमा एक व्यक्तिको अभिव्यक्तिबाट अर्को व्यक्तिको मानसपटलमा केही कुरा आएको छ र उसभित्र विश्वासको एउटा बादल मडारिन पुगेको छ । उसको मनोकाङ्क्षाले पनि उनीहरू एकअर्काबीच फाटो आउने नियति बनेको छ । उनीहरूबीच भएका सङ्कीर्णताले गर्दा एक आपसबाट टाढा भई अलग रहेका थिए । पछि एउटै चेसबोर्डका गोटीहरू जस्ता एकले अर्कालाई हराउने खेलमा पनि सामेल भएका थिए । त्यही समयमा एक अर्काका सामु पर्दा वैरत्वभन्दा सामीप्य पलाउन थाल्यो र अन्त्यमा एकले अर्काको उस जन्ममा हामी एउटै थियौं भन्ने धारणालाई मान्न पुग्छ । यसरी कवितामा हाम्रा पूर्वज एउटै भएकाले एक आपसमा शत्रुता हुँदाहुदै पनि सामीप्य बढ्ने कुरा कविले कवितामा व्यक्त गरेका छन् । |
| ३०. राजनीति | यस कवितामा कविले फुटबल खेल र राजनीतिबीच समानता देखाउँदै यी दुई बीचको तुलना गरेका छन् । यहाँ फुटबल खेलमा जस्तै एकले अर्कालाई हराउने जालझेल राजनीतिमा पनि हरपल चलिरहन्छ । फुटबलमा क्याप्टेन भएझैं राजनीतिको अध्यक्ष गोलकी भएझैं मेनीफेस्टो खेलाडी भएझैं कार्यकर्ता लाइन्सम्यान भएझैं पत्रकार रेफ्री भएझैं चुनाव आयुक्त रहेका हुन्छन् । खेल जित्नेले सिल्ड हात पारेझैं राजनीतिमा जित हुनेले सत्ता हात पार्छन् । यस्तै राजनीतिमा र फुटबलमा दुवैमा खेल्नेलाई भन्दा हेर्नेलाई आनन्द हुने कुराको चर्चा कविले गरेका छन् । |

| | |
|---|---|
| ३१. तिनीहरूको फुलबारी | कविले यस कवितामा मनपरी तन्त्र गर्नेहरूमाथि आलोचनात्मक टिप्पणी गरेका छन् । अरूको मनोभावना बुझ्ने इच्छा छ छैन, स्वीकृत छ छैन, सो बुझ्ने कुनै मानसिकता नभएको चर्चा गरेका छन् । आफ्नो मनखुसी गर्ने र शक्तिको खेल खेल्नेमाथि आक्रोश व्यक्त गरेका छन् र यो तिनै मनपरी तन्त्र गर्नेहरूका पुर्खाहरूले बनाएको फूलबारी हो भन्ने व्यङ्ग्य प्रस्तुत गरेका छन् । |
| ३२. प्रुफ मिस्टेक म पढिरहेछु | यस कवितामा कविले मानिसहरूका आफ्ना कमजोरीहरू भए पनि ती कमजोरीहरूलाई लुकाउने काम गर्दछन् । मानिसले आफ्नो जीवन्त औचित्यहीन भए पनि बाँच्नुपर्ने विवशता छ । मान्छेमा हुनुपर्ने गुण हराइसकेको छ । मान्छे जन्मनु बेकार भएको छ । मुख्य मान्छेकै कमजोरीले गर्दा देशमा सबै कुरा गल्ती भएको छ तर पनि केही फरक नपरेको बाहिरी आवरण देखिन्छ । |
| ३३. नयाँ वर्ष | कविले यस कवितामा नयाँ वर्षको निरर्थकता जनाएका छन् । प्रत्येक नयाँ वर्षमा मानिसहरूले शुभकामना आदानप्रदान गरेर औपचारिकता मात्र पूरा गरेका छन्  तर नयाँ वर्षले कुनै नयाँ कुरा लिएर आएको छैन । कुनै पुरुषार्थले भरिएको गर्भाधान गर्न सकिएको छैन । सिफिलिसजस्तो गन्हाउने यौन रोग लागेर नयाँ वर्ष आउने गर्छ , पाइरिया लागेका गन्हाउने र पहेला दाँत ङिच्च देखाउँदै नयाँ वर्ष आउने कुरा कवि बताउँछन् । |
| ३४. वसन्त | कविले वसन्तलाई नयाँ जोस, जाँगर उमङ्ग र आसको केन्द्र मानेका छन् । प्रत्येक वर्ष आउने वसन्त हामी सबैको परिचित भएको र त्यसले नयाँ गर्भाधान गर्ने शक्ति लिएर आएको हुन्छ भनेका छन् यसलाई पर्खिरहेर बस्ने मान्छेहरूले युद्धका कुरा नगर्न अनुरोध गरेका छन् किनभने कोइलीलाई युद्धका कुरा मन पर्दैन । कविले आफूलाई जन्म दिने आमालाई नआत्तिन र पोल्टो थाप्दै चारैतिर नभौँतिरिन सन्देश दिँदै उनका सम्पूर्ण इच्छा आकाङ्क्षाहरू पूरा गरिदिने आश्वासन दिएका छन् । |
| ३५. आफूलाई म | प्रस्तुत कवितामा पहिचान हराइसकेपछि पनि आफ्नो अस्तित्व खोजी गर्ने वर्तमान मान्छेको विम्ब उतारिएको छ । अन्तिम भेटपछि एकले अर्कालाई नचिन्ने र फेरि कहिल्यै भेट पनि नहुने आफ्नोपनको खोजीमा लागेको वर्तमान मान्छेको घुइँचोमा निरर्थक जिन्दगी व्यतीत गरेका मान्छेहरूलाई अस्तित्ववान् नबनाई आफ्नो अस्तित्वको खोजी गर्नु नै यस कविताको मुख्य विषय हो । आफैँभित्र हराएको मान्छेले अरूसँग तुलना नगरी आफ्नो अस्तित्वको खोजी आफैँले गरेको अस्तित्ववादी दृष्टिकोण यस कवितामा प्रस्तुत भएको छ । हरेक व्यक्तिले आफूलाई प्रभावशाली र अस्तित्ववान् ठान्दछ भन्ने कुरा 'आफूलाई म' कवितामा मूल भावका रूपमा प्रस्तुत भएको छ । |

### ४.१.४ विषयवस्तु

माथि चर्चा गरिएका कविताको भावभूमिलाई हेर्दा रमेश तूफानका कवितामा निम्नलिखित विषयवस्तु वा भावभूमिको प्रयोग देखिन्छ :

#### ४.१.४.१. सामाजिकता

राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय समसामयिक समाजको यथार्थ घटनालाई विषवस्तु बनाएर उनका अधिकांश कविताहरू लेखिएका छन् । समाजका दुष्प्रवृत्ति, निराशा, आशा, आकाङ्क्षाजस्ता पक्षहरूलाई एक-एक गरी केलाउने प्रयास उनका कवितामा भएको छ । जस्तै :

मान्छेपिच्छेका आ-आफ्ना परिभाषा
जसले कहिल्यै प्रभावित पनि जानेन
खोइ केलाई पो भन्ने
भागेकोलाई भन्ने हो कि
रोजेकोलाई भन्ने हो
विवादास्पद यो जिन्दगी

(जिन्दगी एक कविता, पृ. ९)

यसरी आजको समाज एक्लिँदै गएको र मानिसले समाजका मूल्य, मान्यतालाई बिस्तारै बिस्तारै त्याग्दै गएको स्थितिको यथार्थ चित्रण कवितामा पाइन्छ । समाजमा नराम्रा राम्रा घटनाहरू घट्ने र एकले अर्कालाई नचिन्ने अवस्था भएको तथ्य कवितामा चित्रित भएको पाइन्छ ।

#### ४.१.४.२. प्रेममूलकता

प्रस्तुत कवितासङ्ग्रहमा राष्ट्रियता जातित्व एवम् मातापिताको प्रेमको अभिव्यक्ति सफल ढङ्गमा गरिएको छ साथै मानिसको जीवनका प्रेमसम्बन्धी अभिव्यक्ति पनि उनका कवितामा पाइन्छ । मायावी (युवा, युवती) प्रेमभन्दा पनि मातृभूमिप्रतिको प्रेम प्रगाढ रूपमा पाइन्छ । जस्तै :

कसैले मलाई प्रिये भन्लान्
कसैले मित्र भन्लान्
जसले जे सुकै भनून्
तर म आमाको सादा कागजमा
बुबाको विद्रोही कमलले कोरिएको
एउटा कविता हुँ ।

(म कविता बुबाको पृ. २५)

### ४.१.४.३ समसामायिकता

प्रस्तुत कवितासङ्ग्रहमा पौराणिक एवम् ऐतिहासिक विषयवस्तुभन्दा समसामयिक विषयवस्तुलाई सरल रूपमा देखाउन खोजिएको छ । एक्काइसौं शताब्दीका मानिस र यस पूर्वका मानिसको अन्तर्सम्बन्ध देखाउने प्रयत्न कवितामार्फत गरिएको पाइन्छ । मानिसले स्वतन्त्र भएर जिउनुपर्छ । कसैको हक अधिकारमा बाँधिनै पर्छ भन्ने मान्यतालाई उनी आत्मसात गर्दैनन् । जस्तैः

केवल
मेरा हात समाएर
वर्णमाला सिकाउने
त्यो हात मागेको हुँ मैले
केवल स्वतन्त्र रमाउनका लागि
त्यो काख मागेको हुँ मैले
मेरा आँखा उघ्रिने बित्तिकै
मलाई बुबा चिनाउने
त्यो औला मागेको हुँ ताती गर्न मैले
(मैले पाउन नसकेको स्वतन्त्रता मेरी आमा, पृ. ३८)

यसरी समसामयिक समाजको कोलाहलपूर्ण स्थिति र समय परिवेशको चर्चा यस कवितासङ्ग्रहका कवितामा पाइन्छ ।

### ४.१.४.४ राजनैतिक

उनका कवितामा राजनैतिक विषयवस्तुले पनि उतिकै महत्त्व पाएको देखिन्छ । जस्तै बुबा, जंगबहादुर भनेको को हो, अनि मुसोलिनी र हिटलर भनेको कुन राक्षसको नाम हो ? (भीमबहादुर मेरो नाम हो पृ.१५)

समग्रमा यस कवितासङ्ग्रहमा राष्ट्रिय, अन्तर्राष्ट्रिय, इतिहास, प्रकृति आदि विषयस्तुको भावभूमिमा रहेर कविता सिर्जना गरिएको पाइन्छ ।

### ४.१.५ सहभागी

सहभागी भन्नाले कृतिमा कार्यव्यापार सञ्चालन गरी त्यसलाई गतिशील तुल्याउने पात्र वा चरित्रलाई बुझिन्छ । हरेक कृतिमा सहभागीहरूको सङ्ख्या घटीबढी भए पनि तिनको उपस्थितिचाहिँ अनिवार्य रहन्छ ।[टज्ञ] यस कवितासङ्ग्रहमा मानव/मानवेतर पात्रहरू एवम् अतिमानवीय राक्षस पात्रहरूको प्रयोग भएको पाइन्छ । जस्तैः अतिमानवीय पात्रका रूपमा, बुद्ध, ईश्वर, ब्रह्मा एवम् इन्द्रजस्ता पात्रहरू रहेका छन् । मानवीय पात्रका रूपमा,

---

टज्ञ. खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, (काठमाडौं: विद्यार्थी पुस्तक भण्डार, २०६२), पृ. ३०९

बौलाहेको मान्छे, लङ्गडो, हिटलर, जङ्गबहादुर, भीमबहादुर, कौरव, टुहुरो, पाण्डव, लवकुश, शकुनी, बोकासो, वेश्या आदि मानवीय पात्रका रूपमा रहेका छन् । यसैगरी मानवेतर पात्रका रूपमा कुकुर, सुँगा, परेवा गिद्ध, बाज, न्याउरीमुसो, पिउवा आदिजस्ता पात्रहरूको समष्टि प्रयोग यस कवितासङ्ग्रहमा पाइन्छ ।

यसरी प्रस्तुत कवितासङ्ग्रहमा मानवीय, अतिमानवीय र मानवेत्तर पात्रहरूको प्रयोग कविता रचनाकै क्रममा प्रतीक तथा विम्ब बनेर प्रयोग भएका पाइन्छन् । यिनीहरूकै प्रयोगमा कविताको संरचनात्मक स्वरूप निर्माण भएको छ ।

## ४.१.६ परिवेश

कृतिमा वर्णित स्थान, समय र वातावरण नै परिवेश हो । कृतिभित्र प्रस्तुत घटना घटित हुने परिवेशसूचक स्थान, समय र वातावरणमध्ये सबै वा कुनैको अभिव्यक्ति विभिन्न ढङ्गले गरिन्छ ।[टद] प्रस्तुत कवितासङ्ग्रहमा भौगोलिक एवम् मानसिक दुवै परिवेशको चित्रण गरेर कविता सिर्जना गरिएका छन् । भौगोलिक परिवेश अन्तर्गत राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा देखिने परिवेशको चित्रण पाइन्छ । जसमा युद्ध विभीषिका, हिरोसिमा र नागासाकी, मन्दिर, सूर्योदय, मेरो सगरमाथा, मेरो देश, पहाड, पखेरा, लेक, समुद्र, भूमध्यरेखा, सहर, गाउँ, सडक, चोक, चिहान, मध्यरात, प्रभात, सन्ध्या जस्ता भौगोलिक र बाह्य परिवेशको कवितामा चित्रण गरिएको पाइन्छ ।

यसरी आन्तरिक एवम् बाह्य, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय परिवेशको चित्रण उनका कवितामा गरिएको पाइन्छ । साथै मानिसभित्रका पीडा, अशान्ति, रोग, भोग, उकुसमुकुसजस्ता मानवीय आन्तरिक परिवेश पनि यस कवितासङ्ग्रहमा प्रयोग गरिएको छ । जस्तैः प्रत्येक पिउवाहरू पहाड, पखेरा र लेकहरू नाप्दै तराईका प्रत्येक फाँट छाम्दै, यो मध्यरात बाँच्नुको अभिशाप बोकेर (निलम्बित एउटा बाँच्ने इच्छा, पृ.४), बसन्त अवश्य आउनेछ । आउँने तरखर गर्दैछ । (वेला भएको छ, पृ.७) आदि जस्ता राष्ट्रिय अन्तर्राष्ट्रिय परिवेश एवम् मानिसभित्र देखा पर्ने हाँसो, रोदन, पीडाको चित्रण गर्दै प्रस्तुत कवितासङ्ग्रह सिर्जना भएको छ ।

## ४.१.७ उद्देश्य

कृतिमा अभिव्यक्त गर्न खोजिएको प्रयोजन नै उद्देश्य हो । हरेक कृतिको रचना प्रयोजनमूलक ढङ्गले गरिएको हुन्छ । मनोरञ्जन, शिक्षा, आनन्द, लोककल्याण, यथार्थको प्रकटीकरण आदिलाई कृतिलेखनको प्रमुख उद्देश्य मानिन्छ ।[टघ] यस कवितासङ्ग्रहका कविताहरूको उद्देश्य समसामयिक विषयवस्तुका पृष्ठभूमिमा अडेर राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा दृश्य एवम् अदृक्य, वर्तमान, भूत र भविष्य आदि विषयवस्तुलाई

---

टद. ऐजन ।

टघ. ऐजन ।

चिनाउनु रहेको छ । विश्वमा भइरहेको अमानवीय घटना उच्च र निचको विषमता, मानिसमा भएको अराजकता, अमानवीयताजस्ता पक्षको चित्रण गर्ने उद्देश्य यस कवितासङ्ग्रहमा लिइएको छ । अनेक विम्बहरू प्रयोग गरेर समसामयिक जनजीवनमा भैपरी आउने तिता घटनाहरूलाई समेट्न सक्नु र त्यसका विषयमा कविता सिर्जना गर्नु कविको मूल उद्देश्य हो । यिनै दृश्य एवम् अदृश्य घटनाहरूलाई लिएर नराम्रा पक्षको समापन र सत्य पक्षको उदघाटन गर्न सक्नु नै यस कवितासङ्ग्रहका कविताहरूको उद्देश्य रहेको छ ।

### ४.१.८ दृष्टिबिन्दु

कृतिलाई पाठकसमक्ष उपस्थित गर्ने तरिका दृष्टिबिन्दु हो । यसकै माध्यमबाट लेखकीय विचारधारा पनि प्रस्तुत गरिन्छ ।[टढ] कविता मूलतः प्रथम र तृतीय पुरुष दृष्टिविन्दुमा सिर्जना गरिन्छ । प्रस्तुत कविताहरू मूलतः यही दृष्टिबिन्दुको सीमामा रहेर सिर्जना गरिएको पाइन्छ । कतिपय स्थानमा आत्मलापीय एवम् एकालापीय ढङ्गमा कविताको सर्सती वर्णन गरिएको पाइन्छ भने कतिपय स्थानमा कवि पात्रद्वारा कवितावाचन गरिएको पाइन्छ । जस्तै : मेरो देश तिमी कहाँ छौ ? (आफूलाई म, पृ.५०), अचेल म आफ्नै देशमा शरणार्थी बाँचेको छु, (एटम र उसको देश पृ. १४) यसरी सम्पूर्ण कविता म, हामी आफू जस्ता प्रथम पुरुष एवम् तँ, तिमी, तिमीहरू जस्ता द्वितीय पुरुष र तिनीहरू जस्ता तृतीय पुरुष प्रयोग गरी समष्टिगत कविताहरू रचना गरिएको हुँदा यस कवितासङ्ग्रहको दृष्टिविन्दु मूलतः प्रथम, द्वितीय र तृतीय पुरुष रहेको छ ।

### ४.१.९ भाषाशैलीय विन्यास

संरचनाको निर्माण गर्ने बनोटरूपी साम्य घटकहरूको व्यवस्थापनलाई भाषाशैलीय विन्यास भनिन्छ । यो अभिव्यक्ति/प्रस्तुतीकरणसँग सम्बद्ध सर्वप्रमुख पक्ष हो र लेखकैपिच्छे फरकफरक हुन्छ ।[टछ] गद्यात्मक शैलीमा लेखिएको प्रस्तुत कवितासङ्ग्रहमा छन्दोबद्ध विन्यास पाइँदैन । सम्पूर्ण कविताहरू गद्यमा नै रचना गरिएको तत्सम एवम् आगन्तुक शब्दहरूको अधिक मात्रामा प्रयोग गरिएको पाइन्छ । सरल एवम् जटिल विम्बहरूको प्रयोग पनि यस कवितासङ्ग्रहभित्र आबद्ध भएर आएका छन् । जस्तैः ठ्वास्स गनाउने ती पाइलाहरू (इतिहास किंवदन्ती होइन, पृ.२२), सगरमाथा बोकिरहेछौं (हामी अत्याधुनिक कला क्यानभासको, पृ.२७) आदि जस्ता विम्बहरूको प्रयोग पाइन्छ । आगन्तुक शब्दहरूको अत्यधिक प्रयोग यस कवितासङ्ग्रमा पाइन्छ । जस्तै क्यानसर, अफिस, डिस्को, डोग्स, ब्लड, हर्टएटेक, प्यारालाईसिस, नेक्रोफिलिया, क्वाइन्, वाइन, फाइन, ऐपेन्डिक्स, प्रुफ, मिस्टेक आदि त्यस्तै तत्सम शब्दको प्रयोग पनि यस कवितासङ्ग्रहमा अधिक मात्रामा नै रहेको पाइन्छ । जस्तै लालसा, इन्धन, वृहस्पति, मानसपटल, मस्तिष्क, विशाल, अस्मिता, विवश, निर्भय

---

टढ. ऐजन, पृ. ३१० ।

टछ. ऐजन ।

आदि । प्रस्तुत कवितासङ्ग्रहमा सस्तो सभ्यता, सस्तो जीवन, खिइसकेको युग, जिन्दगी, घाइते बिरामी, पौरूषता, कुहिएका ती वीर्यहरू आदि सहज एवम् कठिन विम्बहरूको प्रयोग पाइन्छ । प्रस्तुत कवितासङ्ग्रहका कविताहरूमा शब्दालङ्कार प्रयोगभन्दा अर्थालङ्कारको प्रयोग बढी पाइन्छ । अर्थालङ्कार मूलतः विम्बकै रूपमा आरूढ भएर आएको पाइन्छ । समग्रमा तत्सम र आगन्तुक शब्दहरूको अधिक प्रयोग एवम् विभिन्न विम्बहरूको प्रयोग गरिएर रचना गरिएको सङ्ग्रहका कविताहरूमा बोधगम्य एवम् सरल भाषाशैलीको प्रयोग पाइन्छ ।

### ४.१.१० निष्कर्ष

२०३० सालमा 'कवि र कविता' **ऐंसेलु** नामक पत्रिका' विराटनगरबाट प्रकाशित गराई साहित्य यात्रामा प्रारम्भ गरेका रमेश तूफानको **सिपाहीको चिट्ठीबाट** (२०४४) पहिलो कवितासङ्ग्रह हो । कवि तूफान यस कवितासङ्ग्रहमा सामाजिक, सांस्कृतिक, प्रशासनिक, अन्याय, अत्याचार, भ्रष्टाचार, नातावाद, कृपावादजस्ता विकृति तथा विसङ्गतिलाई छर्लङ्ग्याउन सफल भएका छन् । नेपाली साहित्यमा आफूलाई समसामायिक प्रगतिशील प्रखर गद्य कविका रूपमा स्थापित गराउँदै उनले आफ्नो कवितालाई वर्तमानसम्म प्रवाहशील, आकर्षक र प्रभावकारी बनाइसकेका छन् । उनका कवितामा केही मात्रामा विम्ब तथा अलङ्कारको प्रयोग गरिए तापनि समग्रमा कविताको भाषा सरल र सहज रहेको छ । गद्यलयमा कविता लेखन र सामाजिक प्रगतिशील र सामाजिक विसङ्गतिलाई चिरफार गर्ने तूफान उच्च व्यक्तिका रूपमा रहेका छन् ।

## ४.२ रमेश तूफान नाम हुनुलाई कवितासङ्ग्रहको विश्लेषण

### ४.२.१ परिचय

**रमेश तूफान नाम हुनुलाई** (२०५३) कवि रमेश तूफानको दोस्रो कवितासङ्ग्रह हो । यस कवितासङ्ग्रहमा कवि तूफानले २०४४ सालदेखि २०५३ सालसम्म आफूले रचना गरेका कविताहरू समेटेका छन् । यो कवितासङ्ग्रह नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले २०५३ सालमा प्रकाशन गरेको छ । यस कवितासङ्ग्रहमा जम्मा ३० वटा कविताहरू छन् । डिमाइ साइजका ५६ पृष्ठमा यस कवितासङ्ग्रहले आफ्नो आकार ग्रहण गरेको छ । कविले प्रजातन्त्रको अभ्यासद्वारा जनजीवनका विविध क्षेत्रको उन्नति र विकास गर्दै राष्ट्रलाई समुन्नत गराउनु पर्ने जीवनका विविध पक्षमध्ये जातीय साहित्य, कला, संस्कृतिको विकास, संवर्धन र संरक्षण गर्नुपर्नेमा जोड दिएका छन् । समसामयिक विषयको भावभूमिका अडेर यथार्थको अभिव्यक्ति गर्ने तूफान सामान्य भाषाभन्दा प्रतीकात्मक भाषालाई बढी अङ्गीकृत गर्दछन् । उनी थोरै लेखेर पनि धेरै विषयलाई समेट्न सक्ने कुशल कवि हुन् । समाजका विकृति, विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरिएको उनका कवितामा पाइन्छ । कविले वर्तमान मानवजीवन हेय पशु गधाभन्दा खासै भिन्न नरहेको र धेरै हदसम्म साम्य रहेको भावको

व्यङ्ग्यात्मक प्रस्तुति गरेका छन् । यिनका कवितामा जीवन यात्राको निरन्तरता र समापनको वर्णन, नैतिकताविहीन, निर्लज्ज, अशक्त र अभावग्रस्त परिस्थितिको चित्रण तथा दयामाया र मानवतारहित अवस्थाको वर्णन गरिएको छ । मृत्युको अपरिहार्यता दर्साउँदै मानवीय बहुरूपीपन र बहुलट्ठीपनको चित्रण गरिएको यस कवितासङ्ग्रहमा वर्तमान मानवीय सोचाई बहिराको संवाद झैं रहेको धारणा व्यक्त गरिएको पाइन्छ । यिनले वर्तमान जनजीवनका कतिपय शाश्वत पक्षको चित्रण पनि गरेका छन् । आश्वासन बाँड्ने दुष्टहरूले मानिसलाई रुनु न हाँस्नुको अवस्थामा पुऱ्याई निराश तुल्याएको प्रस्तुति पाइने यिनका कवितामा सपना पर्खेर बाँच्ने मूर्ख, मनुष्यहरूको वर्तमान जीवन भकुण्डोजस्तै जसले जता हान्यो उतै जाने अस्तित्वविहीन बन्न पुगेको पाइन्छ । जातपात, विभेद र धार्मिक साम्प्रदायिकता, घृणित र उपलब्धिहीन भएको भावभिव्यञ्जना पाइने यिनका कविताहरूमा दुष्टहरूले सज्जनलाई भयभीत तुल्याउँदा पनि सबैजना मूकदर्शक बनेको वर्तमान यथार्थको व्यङ्ग्यात्मक प्रस्तुति गरिएको छ । मानिसको पतन र मृत्युको कारण मानिस नै स्वयम् रहेको बिडम्बना र विसङ्गत परिस्थितिको चित्रण गरिएका यिनका कवितासङ्ग्रहमा मानिसका बीचमा मानवता र मानवीय अस्मिता हराउँदै गएकाले त्यसको जगेर्ना गर्नुपर्ने आवश्यकता बोध गरिएको छ । बालश्रमिकको चित्रण गर्दै बालअधिकारसम्बन्धी खोक्रा नाराहरूप्रति व्यङ्ग्य गरिएको छ । सोर्सफोर्सविहीन बेरोजगारहरूको जागिर खोजाइको मार्मिक चित्रण गरिएका यिनका कवितामा नैतिकताको पक्षधर तथा जीवन र प्रेमका अनेक भावहरूको प्रस्तुति गरिएको पाइन्छ । प्रस्तुत कवितासङ्ग्रहमा नामलाई महत्त्व नदिएर नाम त पहिचानको सङ्केत मात्र हो र मान्छेले गर्ने कुरा ठूलो हो भन्ने भाव व्यक्त गरिएको छ । रमेश तूफानका ३० वटा कविताहरूबाट यस कवितासङ्ग्रहको स्वरूप निर्माण भएको छ, यो ५६ पृष्ठमा विस्तारित भएको छ ।

## ४.२.२ विषयवस्तु वा भावभूमि

कविताको एउटा महत्त्वपूर्ण घटक वा तत्त्वका रूपमा रहेको भाव वा विचार प्रगीतात्मक आख्यानात्मक एवम् नाटकीय तीनै खाले संरचना भएका कवितामा कुनै न कुनै रूपमा आए पनि यसलाई मूलतः प्रगीतात्मक कविताको संरचक घटक मानिन्छ । आयाम लम्बिँदै गए पनि क्रमशः विकसित र विस्तारित हुँदै जाने भाव वा विचारको विकास र विस्तार क्रमशः प्रतीतात्मक कवितामा पनि आदि, मध्य र अन्त्यका रूपमा क्रमिक वा व्यतिक्रमिक ढङ्गले हुन्छ । यसको आदिमा मूल भावतर्फ अभिमुखीकृत गरी मूलभाव प्रस्तारित गरिन्छ भने मध्यमा यसको विस्तार तथा अन्त्यमा वर्तुलित रूपले पुष्टीकरण एवम् निष्कर्ष प्रस्तुत गरिन्छ । यी सबै दृष्टिबाट हेर्दा भाव वा विचार कविताको (विशेषतः प्रगीतात्मक) अनिवार्य संरचक घटक भएको तथ्य स्पष्ट हुन्छ ।[टट] प्रस्तुत कवितासङ्ग्रहमा

टट. खगेन्द्रप्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** पूर्ववत्, पृ.७८-७९ ।

समाज, प्रकृति, विकृति, विसङ्गति जातीय साहित्य , कला, संस्कृतिको विकास संवर्धनलाई समेटिएको छ । समाजका यावत् समस्याहरूको र सामाजिक विसङ्गति र विकृतिमा रुमलिएको वर्तमान मान्छेको मलीन चित्र उतार्ने काम गरिएको छ । वर्तमान समयले मान्छेको जिन्दगीलाई लखेटेको छ । नातावाद, कृपावादजस्ता समाजमा रहेका विकृति र विसङ्गतिलाई व्यङ्ग्य गरिएको छ । विषयवस्तुका रूपमा मान्छे र उसकै जिन्दगी समाज, समाजमा उसको स्थिति र समयले पारेको प्रभावलाई मूल केन्द्र बनाई कविता सिर्जना गरिएको छ । वर्तमान, रोग, भोक र चिन्ताग्रस्त तथा अस्तित्वहीन र लक्ष्यहीन बन्न पुगेको मानव जीवनका बँचाइ र भोगाइको मार्मिक चित्रण गरिएका उनका कवितामा स्वाभिमानी जीवन बँचाइ र भोगाइको चाहना राखिएको छ ।

## ४.२.३ कविताको मूलभाव

**रमेश तूफान नाम हुनुलाई** कविता सङ्ग्रहभित्र सङ्गृहीत कविताको मूलभावलाई तालिकागत रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

| शीर्षक | मूलभाव |
|---|---|
| १. तिर्खा | दस महिने गर्भावस्थामा रहँदा मानिसले संसारमा आई अनेक कुरामाथि विजय प्राप्त गर्ने आकाङ्क्षा राखेर जन्मन्छ । जब पृथ्वीमा पैताला टेक्छ, उसले त्यसवेला नै आफ्ना आकांक्षाहरू समाप्त गर्छ । यसरी  प्रत्येक मानिसको बानी यस्तो हुन्छ, जसलाई अभर पर्छ उसले अनेक चाहनाहरूको आकाङ्क्षा पोख्छ तर जब त्यसबाट मुक्ति पाउँछ, उसले सबै बिर्सन्छ । समयचक्रमा जब पराजित आँखा उघ्रन्छन्, पश्चातापको भुमरीमा तब पुग्दछ, त्यसवेला नै मानिसले जीवनको यात्रा सुरु गर्दछ । मानिसले ऐस, छउन्जेल कुनै वास्ता गर्दैन तर जब बन्धनमा प्रवेश गर्छ, तब उसले जीवनका अनेक आयामहरू खोज्न थाल्दछ भन्ने अभिव्यक्ति यस कवितामा पाइन्छ । |
| २. गधा | अप्रत्यक्ष रूपमा गधाको संज्ञा मानिसलाई दिँदै कविले संशोधन हुन नसक्ने अर्थात्  गधाबाट गाई बन्न नसक्ने संविधान बनेको चर्चा गरेका छन् । आफ्नो सुविधा लुटेका यी मानिसहरू गधाले चर्ने चरन र बस्ने बासलाई आफ्नो नठानेजस्तै मानेर सरकारी ढुकुटी रित्याउन चाहने र राष्ट्र नै नाङ्गो पार्न चाहने यी सामन्ती प्रवृत्ति गधाभन्दा टाढा नरहेको तथ्य कविले परोक्ष रूपमा अभिव्यक्त गरेका छन् । गधारूपी यी प्रवृत्तिले गर्दा यहाँ इतिहासको त्यो सहनशीलता आनन्ददायी आर्य संस्कृति अब क्रोध, घृणा एवम् गधाप्रवृत्तिको बनेको चर्चा गरेका छन् । |

| | |
|---|---|
| ३. ओडारभित्रका कुरा | कविले यस कवितामा अदृश्यात्मक यात्रा, जहाँ अनियन्त्रित रूपमा जागरुक भएर हिँडिएको हुन्छ तर त्यसको कुनै अन्त्यको टुङ्गो हुँदैन । अवश्य नै अन्त्य त हुन्छ तर त्यो कहिले र कसरी ? पत्रैपत्रका अनेक पत्रहरू फैलाएर यात्रारत हुनु छ, ओडारभित्रको यात्रा जहाँ कुनै प्रकारको आन्दोलन, अनिष्ट चिताउनु नै नपर्ने, यो पल आनन्दबाट मुखतिर हुने । समग्रमा कवि कल्पनात्मक अचेतन मनको यात्रालाई ओडारभित्रको यात्रा जहाँ कुनै प्रकारको आन्दोलन, अनिष्ट चिताउनु नै नपर्ने, यो पल आनन्दबाट मुखरित हुने । समग्रमा कवि कल्पनात्मक अचेतन मनको यात्रालाई ओडारभित्रको यात्रा भनेका छन् । कविले अचेतन मनमा रहेका इच्छाहरूको उडन्ते त्यो यात्रा मिठो हुने तर झसङ्ग हुँदा अन्त्य हुने हुनाले खल्लो महसुस हुने कुरा अभिव्यक्त गरेका छन् । उनले यदि त्यो सुअवसरको यात्रा आए आफू नै हराउने आकाङ्क्षा व्यक्त गरेको पाइन्छ । |
| ४. वेश्यासँगको रात | मानवको कामुकता एवम् उत्तेजनालाई विषयवस्तु बनाएर सिर्जना गरिएको यस कवितामा मानिसलाई पशुवत् बनाएको देखिन्छ । कविताको अन्त्यमा उनले मानवले वस्त्र पहिरिएर आफूलाई मानव देखाउन खोजेको छ  भन्नुले यस कुरालाई जनाउँछ । कामेच्छाको पूर्णानन्दमा लिप्त हुँदाको तृप्तिको क्षण देखाउँदा मानवीय उत्तेजना पक्षको जानकारी गराइएको पाइन्छ । देखावटी रूपमा वेश्या भनी धेरै मानिससँग सम्भोग राख्ने प्रवृत्तिलाई जनाइए पनि त्यसलाई सम्पूर्ण मानवीय प्रवृत्तिसँग नै जोड्ने प्रयत्न गरेको पाइन्छ । यद्यपि मानवको मानवीयता वस्त्रसँग रहेको र त्यो नै सर्वत्र जो कोहीमा पनि प्रस्तुत हुन सक्ने तथ्य अभिव्यक्त गरेका छन् । |
| ५. पागल र मानिस | प्रस्तुत कवितामा कविले दुई भिन्न तरिकाले मानवता र मानवीयतालाई चिनाउने प्रयत्न गरेका छन् । एउटै मानिसभित्र हुने यसो गरूँ कि उसो, या यो कि त्यो भन्ने प्रवृत्तिलाई यहाँ देखाइएको छ भने अर्कातर्फ पागल मानिस र सद्दे मानिसका बीचको भिन्नता केलाइएको छ । आफूभित्रकै दुई भिन्न मत पनि निक्यौल गर्न मुस्किल छ भने सद्दे मानिस र पागलमा कसरी पागल वा सद्दे भन्ने भनी पाठकसमक्ष प्रश्न राखेको अभिव्यक्ति यस कवितामा पाइन्छ । |
| ६. दुई बहिराको सम्बाद | कान नसुन्ने बहिरा व्यक्तिले कुनै कुरा भन्दा वा गर्दा राम्रोलाई नराम्रो र नराम्रोलाई राम्रो सुन्ने गर्दछन् । एउटा कुरा भन्दा अर्को सुन्ने बाहिराको प्रवृत्ति हुनसक्ला तर आजको आम समाज त्यही बहिराको |

| | |
|---|---|
| | भाँती एक कुरा भन्ने वा सुन्ने तर अर्कै गर्ने चलनचल्तीको खुलासा गरिएको पाइन्छ । |
| ७. सीबाजा बज्यो अर्थात्लाई | सीबाजा भनेर यहाँ मृत्युको बखत बजाइने ध्वनि वा बाजालाई समतुल्य गरिएको छ । जब सीबाजा बज्छ, त्योसँगै एक कुशल महान् व्यक्तित्वको महान् गुण अन्त्य हुन्छ, एक रोगी व्यक्तिको रोगान्त हुन्छ । जवनीको जोवन, बालकको बालपन र बृद्धको सम्पूर्ण आयु पनि यही ध्वनिसँगै अन्त्य हुने मृत्युको यथार्थ तथ्यलाई यहाँ सङ्केत गरिएको छ । त्यो बाजाजस्तो व्यक्तिको अन्त्यमा पनि बज्ने, जसले निर्दोष व्यक्तिलाई पनि नछोड्ने कुरालाई देखाइएको छ । निराशावादी अभिव्यक्तिमा झल्किएको यस कवितामा मानिसको जीवन अवश्य ढल्ने र त्यसको अन्त्यमा समान ध्वनि सीबाजा बज्ने र त्यसले चरित्रको गुण अन्त्य हुने तथ्य बोकेको छ । |
| ८. शून्यवाद | निराशावादी एवम् शून्यतावादी ढङ्गको अभिव्यक्तिमा सिर्जित प्रस्तुत कवितामा, आश्वासनको खल्लो सपनामा बाँच्नुपर्ने बाध्यताको तितो अनुभूति पाइन्छ । हरेक समयमा ऐना हेर्दा यो जीवनले मृत्युवरण गरे जस्तो अनुभूति हुन्छ भन्नुले यहाँ निराशाको सङ्केत गरेको छ । निराशाजनक जिन्दगी हावा भरिएको भकुण्डोझैं हो जुन, कति वेला एक लात पाई उफ्रिएर हुत्तिइन्छ थाहा छैन । |
| ९. धर्म | समसामयिकताको परिवेश झल्कने यस कविताले साम्प्रदायिक कलह धर्मले पनि निम्त्याएको छ र त्यसको अन्त्य हुनुपर्छ भन्ने चाहना व्यक्त गरेको पाइन्छ । यहाँका मानिसलाई कुकुरको संज्ञा दिँदैं एक चोक्टा मासु भिनभिन्न धर्मको संस्थाका रूपमा रहेको र दुई कुकुर लडाईं गरेझैं अनेक सम्प्रदायको 'म' पन त्यस्तै रहेको तथ्य यहाँ अभिव्यक्त छ । |
| १०. जातपात | सानातिना विषयलाई टप्प टिपी कविता लेख्न सफल कवि तूफनले २१ औं शताब्दी आइपुग्दा पनि जातीय जञ्जालमा झेलिनु पर्ने बाध्यतातर्फ सङ्केत गरेका छन् । त्यो जातित्व त्यतिञ्जेल मात्र सीमित रहन्छ, जतिञ्जेल प्राण छ तर त्यस पश्चात् त्यो हिन्दू, क्रिस्चियन, सिख, इसाई केही नहुने तथ्यावलोकन गरेको पाइन्छ । यो मात्र मानिसको 'म' पनको निन्दा हो तर जात समग्रमा केही होइन भन्ने तथ्य अभिव्यक्त छ । |

| | |
|---|---|
| ११. सबैले आ-आफ्नो व्यथालाई | समसामयिक अवस्थामा फैलिएको झुठो डर, त्रास एवम् भ्रमको खेतीलाई यस कविताले व्यक्त गरेको छ । यसले मानिसलाई व्यथाको भुँमरीमा चुर्लम्म डुबाई मृत्युको कालो कोठरीमा पुऱ्याएको परिचय गराएको छ । कालो कुकुर भनेर पीतपत्रकारिता वा भ्रमलाई छेड हानेको छ । मानिसलाई केही हुनु छैन तर भ्रमात्मक हल्लाले उसको आत्मविश्वास कमजोर भई अझ त्यो व्यक्तिले मृत्युवरण गर्नुपर्ने स्थितिको बयान यहाँ छ । |
| १२. रमेश तूफान नाम हुनुलाई | कुनै पनि मानवमा आफ्नो निजीपन हुन्छ तर त्यसलाई बोक्रे नामले ढाकिएको र भित्रीपन खुम्च्याइएको तथ्य यहाँ अभिव्यक्त भएको छ । 'म' कसरी भएँ त्यसको खोजी हामी गर्दैनौँ तर भौतिक नाममा रमिएर नै सीमित छौं । त्यतिमात्र नामको पूर्णता होइन, नामभित्रको असलता खोज्नुपर्छ भन्ने अभिव्यक्ति यस कवितामा छ । नाम त केवल प्रशंसा र वदनामको प्रमाणपत्र हो । यी औपचारिकताका नामहरूको प्रतीक मात्र हो । यी औपचारिक नामहरू अब अमन भैसकेको यथार्थ कविले व्यक्त गरेका छन् । |
| १३. त्यो अप्राप्तिलाई | यौनाकाङ्क्षाको तीव्रता चित्रण गरिएको यस कवितामा हरिया डाँडा समतुल्य युवतीको अङ्कमाल र चुम्बनको अप्राप्ति भएको पीडा अभिव्यक्त गरिएको छ । नयनभरि प्राप्तिका सपनाहरू बोकेका कविले प्रेयसीको अनुपस्थितिमा सन्तुष्टिका विलीन एवम् फिक्का भएको चर्चा गरेका छन् । पलाञ्चोकको डाँडाबाट प्रभात र सन्ध्यासम्म पर्खेका कवि प्रेयसीको अनुपस्थितिले चौतारी, माया, प्रेम, स्नेहमूक्त एवम् निरअस्तित्व भएको चर्चा पाइन्छ । साथै कविले लेक भन्ज्याङ्ग आफूबाट टाढा उन्मुक्त भई हाँसेको खुलासा व्यक्त गरेका छन् । परोक्ष रूपमा कविले आफ्नो प्रेयसीको हँसाई आफूबाट सुदूर भई उन्मुक्त भएको अवस्थालाई देखाइएका छन् । |
| १४. विसङ्गति | आजको समयावधि अत्यन्तै डरलाग्दो भएको चर्चा यस कवितामा पाइन्छ । मानिस भएर मानिसलाई नै हत्या गर्ने र त्यही मानिसले नै उत्पत्ति गर्ने स्थितिको चर्चा यहाँ पाइन्छ । मानिस भएकामा गौरव गर्ने यो प्राणी पशुभन्दा निच भएको चर्चा कविले गरेका छन् । विषयमा भोगमा फँसेर मानिसले मूल जड वस्तुलाई त्यही विषयमा लागेको चर्चा यस कवितामा पाइन्छ । समकालीन मानवीय चरित्रका विसङ्गत पक्षलाई चित्रण गर्नु नै यस कविताको मूल पक्ष हो । |

| | |
|---|---|
| १५. शहर | सहरलाई मानिसहरूको पट्टेर जङ्गलका रूपमा चिनाउँदै मानवता हराएको चर्चा यस कवितामा पाइन्छ । घना जङ्गल जहाँ अटेसपटेस हुन्छ, त्यस्तै आजका मानिसहरूको भीड त्यस्तै रहेको पाइन्छ । भोकाएर लम्पसार परेको बाघ जतिकै घुसखोरी मानिसहरू सिमाना, विमानस्थल एवम् सरकारी कार्यक्षेत्रमा लम्पसार भएर बसेका छन् । मानिसलाई लोभ्याउने भाँडाका रूपमा रहेको मानिसको आय चुसी कङ्काल बनाउने ठाउँ बनेको धारणा कविको रहेको छ । सहरिया जीवनशैलीलाई घृणित आँखाले हेर्दै बाघझैं मानिसहरू स्वार्थले लालायित भएका छन् । मानिसका चाहनाहरू पनि कात्तिक महिनाको वैँशले उन्मुक्त कुकुरजस्तै भौँतारिएको छ । नव आगन्तुक व्यक्तिहरू लुटिनुपर्ने, सम्भावनाच्युत सहर कुनै सभ्यता संस्कृति नभएको तर मानिसहरू उन्मत्त भई धरापमा परेको चर्चा कवितामा पाइन्छ । त्यसैले सहरलाई धराप जनावर, भोकाएको बाघ र क्रान्तिको बैंसले उन्मुक्त कुकुरका रूपमा चित्रण गरिएको छ । |
| १६. अवरोधहरू भत्काउनुपर्छ | एक उन्मुक्त अवस्थामा रहेको मानिसलाई एक अपरिचित मानिसले आएर तिमी को हौ भनी प्रश्न गरेको विषयवस्तुलाई लिएर यस कविताको सिर्जना गरिएको छ । स्वतन्त्रताको अवस्थामा अवरोधले छेक्ने र क्रुद्ध आँखाले हेर्ने ती व्यक्तिहरू बीच छेड हानेको पनि यस कविताले देखाएको छ । तिम्रो नाममा वारेन्ट आएको छ भनी दुई अपरिचितले उनलाई ल्याउने लैजाने आदेशले उसले सत्य गुमेको अनुभूति गर्छ । यसरी मेरो उन्मुक्तिमा अवरोध ठडिन्छ भने उन्मुक्तिमा ठडिएका अवरोधहरू पनि भत्काइनुपर्छ र सत्यका पक्षमा निर्णय सुनाउनुपर्छ भन्ने कविताको भाव हो । समग्रमा एक निर्दोष व्यक्तिमाथि गरिने अत्याचारका बिरुद्धको खम्बा ढल्नुपर्छ भन्नु नै यस कविताको उद्देश्य हो । |
| १७. बालक कन्डक्टर | प्रस्तुत कविता बालश्रम विषयमा केन्द्रित रहेको छ । एउटा बालकलाई खलासीको रूपमा काम लगाउने व्यक्ति यस समाजमा देखा पर्छन् । बालश्रम रोक्नुपर्छ भन्ने संयुक्त राष्ट्रसंघको अवधारणा अनुसारको ऐन बनी सक्दा पनि बाल श्रम तथा शोषण रोकिएको देखिँदैन । बालकको शिक्षादीक्षा लिनुपर्ने अवस्थामा उसलाई श्रममा लगाइएको छ, उसको सहारा केही पनि बन्न तयार छैन । उसको शारीरिक स्थिति पनि त्यति राम्रो छैन । कवि तूफानले यस |

| | |
|---|---|
| | कविताद्वारा समाजमा बालश्रम तथा शोषण हटाउनु पर्ने ऐन ल्याए पनि बालश्रम तथा शोषण हटाउने प्रयत्न कसैले गरिरहेको छैन र आफ्नो स्वार्थपूर्तिमा बालकहरूद्वारा श्रम गराइ नै राखिएको छ भन्ने भाव व्यक्त गरेका छन् । |
| १८. बैँस | बैँस भनेको युवा अवस्था हो । विभिन्न चाहना आकाङ्क्षा, इच्छाको प्राप्तिका लागि संघर्ष गर्ने उमेर हो । यौवनले कुनै पनि मानिसलाई भेद भाव गरेको हुँदैन, जुनसुकै धर्म, सम्प्रदाय, वर्गका व्यक्तिमा यौवन प्रवेश गर्दछ । यसले सबै मानिसमा समता ल्याउने प्रयास गर्दछ र यसले सबैमा समभाव पनि राख्दछ तर मानिस आफू-आफूमा बैमनष्यता राख्दछन् । आजको यस वैज्ञानिक युगमा पनि हाम्रो समाजमा वर्गीय विभेद र लिङ्गीय विभेद देखा पर्दछ । हामी सबैले एक आपसमा समान व्यवहार गर्नुपर्छ । हामीलाई प्रकृतिले समान व्यवहार गर्छ भने हामी मानिस किन आपसमा व्यभिचारी बन्दछौँ ? प्रस्तुत कवितामा प्रकृतिले समान व्यवहार गरेजस्तै व्यक्तिहरूले पनि आपसमा हार्दिक समभाव राख्नुपर्दछ भन्ने भाव व्यक्त गरिएको छ । |
| १९. जिन्दगी एक खण्डकाव्य | यो जीवन समस्यै समस्यामा बेरिएको छ, जसले गर्दा जीवन सफल हुन पाउँदैन । मानवजीवनमा आइपर्ने समस्याहरूले गर्दा मानिसलाई न कुनै योजना बनाउन दिन्छ, न त त्यस योजनालाई सफल बनाउन दिन्छ । प्रस्तुत कवितामा मानव जीवन, भोग, रोग, अभाव, अशिक्षा गरिबी आदिको बन्धनमा परेर एउटा सफल जिन्दगी बन्न नसकेको भाव व्यक्त भएको छ । जिन्दगी एउटा दुखान्त खण्डकाव्य बन्न पुगेको आशय कविद्वारा व्यक्त भएको छ । |
| २०. सम्भावनालाई कसेर लात हानिदेऊ | सम्भावना आशावादी हुन्छ । कुनै पनि व्यक्ति कुनै पनि काम आस राखेर नै गर्दछ । स्वार्थी बनेको आजको समाज बिनासित्तै कसैलाई केही पनि सहायता गरिदिँदैन । एउटा न एउटा स्वार्थ लुकेको हुन्छ । आफ्नो स्वार्थपूर्तिका लागि असहाय र निर्धाहरूलाई पनि दण्ड दिन र उनको नास गर्न पनि पछि हट्दैन र सोभ्का सिधा मानिसहरू भोलिको कुनै सुनौलो सपना साकार गर्न आफ्नो ज्यान अर्पण गर्न पनि पछि हट्दैनन्, भोलि कुनै सफलता प्राप्ति हुने सम्भावनाका लागि संघर्ष गरिरहन्छन् तर ती सम्भावनाहरू व्यर्थ भइदिन्छन् । यिनै सम्भावनाका भूमरीमा परेर अनेकौं व्यक्तिले आफ्नो अस्तित्व गुमाउन बाध्य भएका छन् । त्यसकारण सम्भावनातर्फ जोड नदिऊँ, |

| | |
|---|---|
| | सम्भावनालाई त्याग दिऊँ, आजै आफ्नो समय बलियो बनाउनुपर्छ, सम्भावना र फलप्राप्तिको आसमा सोझा र निर्धाहरूले दु:ख पाइरहेको अवस्थामा अब ती व्यक्तिले भोलिको कुनै आस नराखी आफ्नो कर्ममा अडिक रहनुपर्छ भन्ने भाव यस कवितामा व्यक्त भएको छ । |
| २१. मृत्यु दर्शन | मृत्यु ध्रुव सत्य कुरा हो । कुनै पनि नश्वर वस्तुले अमरता प्राप्त गर्न सक्दैन र आफ्नो आयु छउन्जेल मात्र अस्तित्वमा रहन्छ र त्यसले एक दिन नष्ट हुनु नै पर्छ । मानव जीवन जन्मदेखि सुरू हुन्छ भने मृत्युमा गएर अन्त्य हुन्छ । मानवजीवन प्राप्त भएपछि त्यसलाई सफल बनाउनुपर्छ, मृत्यु सत्य हो तर आफ्नो जीवनलाई सफल पार्नुपर्छ । मृत्युसित यो शरीर नष्ट हुने हो, तर आफूले आर्जन गरेको कृति सधैँ जीवित रहन्छ र त्यस कार्यले जीवनलाई अस्तित्ववान बनाएको हुन्छ ।<br>कविले कवितामा मृत्युलाई विसङ्गतिका रूपमा चित्रण गरेको भए पनि त्यस विसङ्गतिलाई पनि आफ्ना सफल कार्यहरूद्वारा अस्तित्व प्रदान गर्नुपर्छ भन्ने भाव व्यक्त भएको छ । |
| २२. मैले पहिरेको जुत्ता र मेरो जिन्दगी | मानिस आफ्नो आर्थिक अवस्था अनुसार आफ्नो भेषभूषा तयार गर्दछ । मानिसको भेषभूषाबाट नै उसको अवस्थाको ज्ञान हुन्छ । एउटा मानिस समस्यामा परेका वेला ऊ आफूले चाहेका योजनाहरू सफल बनाउन सक्दैन, समस्यै समस्यामा जिन्दगी बाँचिरहेको अवस्थामा ऊ विवश भएर एक साधारण जीवन व्यतीत गर्न बाध्य हुन्छ । कविले एउटा समस्यामा परेको मानिसको अवस्थाको चित्रण गर्दै प्राय: जसो निम्न मध्यमवर्गीय परिवारको आय रहेको मानिसको चित्रण गरेका छन् । |
| २३. राष्ट्रियता | राष्ट्रप्रति मानिसहरूले गर्नुपर्ने कर्तव्य, धर्म नै राष्ट्रियता हो । आजको मानव राष्ट्र र राष्ट्रियता भनेर अनेक नारा लगाउँदै जनमानसमा आफ्नो व्यक्तित्व मजबुत पार्ने गर्दछ । राष्ट्रियताका नाममा विभिन्न राष्ट्रिय उत्सवहरू मनाउने गर्दछ । खुसियाली व्यक्त गर्दछन् तर कुनै पनि असहाय र अबलप्रति सहानुभूति तथा सहायता गरेका हुँदैनन् । राष्ट्रियताका चर्का नारा लगाउँदाखेरि उनीहरूलाई साम्प्रदायिकता धर्म आदिको भान हुँदैन तर जब आफ्नो स्वार्थ सिद्धि गर्नुपर्ने हुन्छ तब साम्प्रदायिकता र धर्मका नाममा अहिंसा मच्चाउने गर्दछन् । |

| | |
|---|---|
| | कविले यस कवितामा राष्ट्रियता भनेको अहिंसा, सद्भाव, सहिष्णुताका साथ देशप्रति देखाउने बफादारी हो भन्ने भाव व्यक्त गरेको पाइन्छ । |
| २४. सत्ता | सत्ता भनेको अस्तित्व हो । शासन, जिम्मेवारी तथा लालनपालनको व्यवहार पनि सत्ताले नै बुझाउँछ । यो सृष्टिक्रममा एक पछि अर्काको सत्ता हुने गर्दछ । एउटा प्राणी सुरूमा देखा पर्दा ऊ कसैको सत्तामा हुर्किन्छ भने ऊ एउटा सक्षम प्राणी भइसक्दा उसको सत्तामा अरू पनि निर्भर हुने गर्दछन् । मान्छेले आफ्नो जिम्मेवारी सदाचारका साथ बहन गर्नुपर्दछ किनभने यो सत्ता सधैं एउटै मानिसको हातमा हुँदैन । आज कसैको हातमा छ, भने भोलि कसैको हातमा हुनेछ त्यसकारण आ-आफ्नो समयमा सत्ता र शासनको सदुपयोग गर्नुपर्दछ । आफ्ना अधिकारमा पुग्न सक्ने जति काम कर्तव्य पूरा गरी आफूमाथि निर्भर रहेकाहरूलाई सहायता गर्नुपर्छ भन्ने भाव प्रस्तुत कवितामा रहेको छ । |
| २५. कुनै-कुनै रातलाई | मनिस कुनै अविश्वसनीय घातबाट पिरोलिएको हुन्छ । अझ आफ्नो एकदम विश्वास पात्रबाट घात भएको छ भने ऊ अझ बढी पिरोलिन्छ । मान्छे दिनको उज्यालोमा अरू व्यक्तिसित त्यस पीर मर्कालाई धपाएर स्वस्थ्य देखिन सक्छ तर रात्रीको अन्धकारमा एक्लै ओछ्यानमा पल्टँदा निकै व्यथित बन्दछ । मनमस्तिष्कमा एउटै त्यही घातका कुराहरू नाचिरहन्छन् र उसलाई दुःख दिइरहेका हुन्छन् । कविले यस कवितामा एउटा व्यथित मनको उदाहरण प्रस्तुत गर्दै देशप्रति देश कै सबैभन्दा जिम्मेवार व्यक्तिले गर्ने विश्वासघातको चित्रण गरेका छन् र देश र देशवासीहरू दुःखमा बाँच्न बाध्य भइरहेको भाव प्रस्तुत कवितामा व्यक्त भएको छ । |
| २६. आतङ्कवाद | मान्छेमा जस्तो गुण छ त्यस्तै उसका कामहरू पनि हुन्छन् । दुष्ट मानिससँग दुष्ट्याईंहरू नै पाइन्छन् आज सज्जन मानिसहरूसँग सज्जनता नै पाइन्छ । आज दुष्ट मानिसहरूले आफूजस्तै अनेक दुष्टहरू उत्पन्न गरिरहेका छन् र त्यहाँबाट आतङ्क सिर्जना भएको छ । त्यस काममा सिधासोझा मानिसका पसिना चुस्ने मानिसहरूले नै आफ्नो अनेक सन्जालहरू तयार गरिरहेका छन् । ती सोझा जनताका रगत चुस्ने आतंकवादीहरू जन्माइरहेका छन् भन्ने भाव यस कवितामा व्यक्त भएको छ । |

| | |
|---|---|
| २७. जागीर मनोकाङ्क्षा | आजको समयमा जागिर एउटा महत्वपूर्ण मनोकाङ्क्षाका रूपमा रहेको छ । नेपालको शिक्षा प्रणाली नै कसैले जागिर दिएमा मात्रै कुनै शिक्षित व्यक्तिको भरणपोषण हुने अवस्थाको रहेको छ । अतः मानिस आफ्नो शैक्षिक योग्यता पूरा गरेपछि विभिन्न कार्यालय वा संस्थामा आफ्नो प्रमाणपत्र लिई उभिन्छ र जागिरको लागि निवेदन गर्दछ । कुनै पनि मानिस जतिसुकै राम्रो योग्यता भए पनि सोर्सफोर्सबिनाको छ भने ऊ जागिर पाउनमा समर्थ हुँदैन र त्यसको योग्यतालाई जागिर पाउन नसक्ने भनी समाजले धिक्कार्दछ । यस कवितामा जागिरमुखी शिक्षाप्रणाली र जागिर सिवाय अन्य कुनै वैकल्पिक जीवनयापन गर्ने माध्यम नभएको अवस्थाप्रति व्यङ्ग्य गरिएको छ । |
| २८. अवस्थामा कविता | मानिस अस्वस्थ भएमा कविता लेख्न असमर्थ हुन्छ । आजको समाजमा अस्वस्थ्य किसिमको कविता लेखिएकाले विकृति, विसङ्गति बढेको छ । कविता भनेको सत्य र यथार्थ हुनुपर्छ र मानिसलाई सही ज्ञान प्राप्त भएमा मात्र कविताप्रति सकारात्मक धारणा सिर्जना हुन्छ । |
| २९. अनैतिकता | नैतिकता भनेको नीति तथा धर्ममा चल्नुपर्ने भाव हो । यो समय र परिस्थिति अनुसार फरकफरक हुन सक्छ । एउटा मानिसले अनैतिक कार्य गरेर समाजलाई नैतिक भएको देखाउन सक्छ तर उसका अन्तर्मनमा भने अनैतिकता रहेको स्विकार्दछ । मानिसले बाहिर समाजमा र भित्र आफ्नो अन्तर्मनमा स्पष्ट हुने गरी नैतिकताको व्यवहार गर्नुपर्दछ र अनैतिकतालाई त्याग्नुपर्दछ अनैतिकताले बाहिर समाजमा दण्डित हुनुपर्ने अवस्थाबाट वञ्चित भए पनि आफ्नो अर्न्तमनमा पीडा दिई नै रहेको हुन्छ भन्ने भाव प्रस्तुत कवितामा व्यक्त भएको छ । |
| ३०. तिमीसँगको त्यो भेटपछि | मानिसले आफ्नो जीवनमा कसैसित प्रेम गरेको हुन्छ भने उससँग भेट्ने इच्छा प्रबल हुन्छ । उसँग भेटेर अनेक प्रेमालाप तथा व्यवहार गर्ने इच्छा, आकाङ्क्षा रहेको हुन्छ । आफ्नो कल्पनाको संसारमा डुबेर आफ्नी मायालुसँग मायालु व्यवहार प्रस्तुत गर्ने आकाङ्क्षा रहेको हुन्छ । संयोगवश मायालुको सामाजिक बन्धन र नैतिकता तोड्न नसकेर प्रेमीले इच्छा र आकांक्षाहरूलाई दबाउनु पर्ने अवस्था सिर्जना हुन्छ । प्रस्तुत कवितामा प्रेम साँचो गर्नुपर्छ, सामाजिक नीति, धर्म र मान्यतालाई तोडेर आफ्नो स्वार्थपूर्ति गर्नु हुन्न भन्ने भाव व्यक्त भएको छ । |

### ४.२.४ विषयवस्तु

माथि चर्चा गरिएका कविताको भावभूमिलाई हेर्दा रमेश तूफानका कवितामा निम्नलिखित विषयवस्तु वा भावभूमिको प्रयोग देखिन्छ ।

**(१) सामाजिकता**

राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय समसामयिक समाजको यथार्थ घटनालाई विषयवस्तु बनाएर उनका अधिकांश कविताहरू लेखिएका छन् । समाजमा रहेको विकृति विसंङ्गति, आशा, निराशा, आकांक्षा जस्ता पक्षहरूलाई केलाउने प्रयत्न उनका कवितामा भएको छ । जस्तै

हिन्दु
मुस्लिम
क्रिश्चियन
यो उपलब्धिहीन निष्कर्ष
(जातपात पृ. १६)

**(२) राष्ट्रियता**

यस कवितासङग्रका कविताहरूमा प्रजातन्त्रको अभ्यासद्वारा जनजीवनका विविध क्षेत्रहरूको उन्नति र विकास गर्दै राष्ट्रलाई समुन्नत गराउनु पर्ने हामी समस्त देशवासीहरूको साझा मान्यता हो । यिनै जीवनका पक्षमध्ये साहित्य, कला, संस्कृतिको विकास संवर्द्धन र संरक्षण गर्दै लानु पनि हाम्रो दायित्व हो भन्ने कुरा यस कवितासङ्ग्रहमा रहेको छ । जस्तै :

मलाई हालाबादी पनि नगर
म त निश्चलतापूर्वक
तिम्रो हर्षोल्लासमा गाँसिएको छु
कहिलेकाहीँ
म भित्र
(राष्ट्रियता पृ. ४३)

**(३) प्रेममूलकता**

प्रस्तुत कवितासङ्ग्रहमा राष्ट्रियता जातित्व एवम् मातृपितृ प्रेमको अभिव्यक्ति सफल ढङ्गमा गरिएको छ साथै मानव जीवनका प्रेमसम्बन्धी अभिव्यक्ति उनका कवितामा पाइन्छ :

ब्रा
पेटीकोट
र चोलीसँग
एउटा निर्लज्ज रात
निर्वस्त्र
घुस्रेको छ ।
(वेश्यासँगको रात, पृ.८)

(४) **राजनैतिक**

उनका कविताहरूमा तत्कालीन राजनीति व्यवस्थाप्रति व्यङ्ग्य प्रहार गरिएको छ । नातावाद, कृपावाद चलेको छ । सोर्सफोर्सविना जागिर पाउन नसकिने तितो यथार्थ यस कवितासङ्ग्रहमा व्यक्त भएको छ ।

जस्तै

हाँस्न सकिन्न
रुन पनि सकिन्न
आश्वासन दिनेहरू
खोइ के मजा लाग्दो हो
केवल धाउन मात्र लगाइरहन्छन्

(शून्यवाद, पृ. १३)

समष्टिमा आतङ्क, समाजमा, विकृति, विसङ्गति जातपात, शून्यता, अवरोधजस्ता विषयलाई समेटेर प्रस्तुत कविताहरूको लेखन भएको छ ।

## ४.२.५ सहभागी

प्रस्तुत कवितासङ्ग्रहमा मानवीय, मानवेतर, अतिमानवीय चरित्रहरूकै संगठनमा सिर्जना गरिएको सहभागीका रूपमा कुकुर, पारिजात, गधा, गाई, वेश्या, पागल, मानिस, बहिरा, कसाई, लास, बाघ, राक्षस आदि छन् । कतिपय अदृश्य पात्रको समेत कवितासङ्ग्रहमा उपस्थिति पाइन्छ । समग्रमा यिनै पात्रहरूका सेरोफेरोमा कविले कविता रचना गरेको देखिन्छ ।

## ४.२.६ परिवेश

आन्तरिक र बाह्य दुवै परिवेश प्रयोग गरेर सिर्जना गरिएको प्रस्तुत कवितासङ्ग्रहमा बाह्य परिवेशको चित्रण निकै सबल रूपमा गरिएको छ । जसमा विजय, पराजय, यात्रा, आन्दोलन, बजार, गाउँ, लेक, बेसी, भन्याङ्ग, हाट, धर्म, चौतारी, प्रभात आदिजस्ता दृश्य तथा भौगोलिक वातावरणको चित्रण कवितामा जताततै छरिएर आएको पाइन्छ । घृणा, क्रोध, मनोकांक्षा, माया, प्रेम आदिजस्ता मानिसका आन्तरिक परिवेशको चित्रण पनि निकै राम्रो ढङ्गमा हुन पुगेको देखिन्छ । निकै भयानक र खुलदुली हुने जस्ता विषय पनि यस कवितासङ्ग्रहमा चर्चा गरेको पाइन्छ । राष्ट्रिय अन्तर्राष्ट्रिय घटना विभीषिका आदिजस्ता घटना परिवेशहरूलाई पनि देखाउने काम प्रस्तुत कविता सङ्ग्रहले गरेको पाइन्छ ।

## ४.२.७ उद्देश्य

प्रस्तुत कवितासङ्ग्रहका कविताहरूमा समाजमा देखिने विकृति, विसङ्गति, अन्याय अत्याचार, नातावाद, कृपावाद, जातपात आदिप्रति व्यङ्ग्य गर्दै जनजीवनका विविध क्षेत्रको उन्नति र विकास गर्दै राष्ट्रलाई समुन्नत गराउनु पर्ने उद्देश्य कविताको रहेको छ ।

जीवनका विविध पक्षमध्ये जातीय साहित्य, कला, संस्कृतिको विकास-संवर्धन र संरक्षण गर्नुपर्ने रहेको छ । नामलाई महत्व नदिएर नामलाई पहिचानको सङ्केत मात्र हो, मान्छेले गर्ने कुरा ठूलो हो भन्ने उद्देश्य रहेको छ ।

## ४.२.८ दृष्टिबिन्दु

रमेश तूफानको प्रस्तुत कवितासङ्ग्रहका कविताहरूमा गद्यात्मक, एकालापीय एवम् कवि पात्रका वाचन अभिव्यक्तिको ढङ्ग प्रयोग गरी सिर्जना गरिएको पाइन्छ । यहाँ म, हामी, आफूजस्ता प्रथम पुरूषीय सर्वनाम अत्यधिक मात्रामा पाउन सकिन्छ । जस्तै तसर्थ म मुर्दावादको पक्ष बाँचिरहेछु (रमेश तूफान नाम हुनुलाई, पृ. २०), म आफू हुनुको अस्तित्व नामहरूका हाटमा खोजिरहेछु (रमेश तूफान नाम हुनुलाई पृ.१९) त्यसैगरी कवि पात्रको प्रयोग एवम् तँ, तिमीहरू द्वितीय पुरुष सर्वनाम प्रयोग गरेर पनि कविताहरूको सिर्जना गरिएको पाइन्छ । कात्तिके बैंसले उन्मुक्त कुकुरजस्तै भौंतारिइरहेका छन् (शहर, पृ. २७), मृत्यु त्यसका लागि सहज र जीवन एउटा कठिन यात्रा हो । (बालक कन्डक्टर, पृ.३१) । यसरी प्रस्तुत कवितासङ्ग्रह प्रथम, द्वितीय र तृतीय पुरुष दृष्टिबिन्दु कै सेरोफेरोमा रहेर लेखिएको छ ।

## ४.२.९ भाषाशैलीय विन्यास

कृतिको संरचक घटकका सन्दर्भमा भाषा (सङ्केतित, सङ्केतक), शैली, अग्रभूमीकरण, विचलन, समानान्तरता, विम्ब, प्रतीक, लय, छन्द, अलङ्कार आदिको व्यवस्थापनलाई भाषाशैलीय विन्यास भनिन्छ ।[टठ] भाषा अभिव्यक्तिको मध्यम हो । कवितालाई यही भाषाका माध्यमबाट अभिव्यक्त गरिएको हुन्छ । भाषिक अभिव्यक्तिका क्रममा अनेक विम्ब अलङ्कार एवम् भिन्नभिन्न शैलीको प्रयोग गरिएको हुन्छ । प्रस्तुत कवितासङ्ग्रह गद्यात्मक शैलीमा लेखिएको छ । गद्य शैलीमा लेखिएको यस सङ्ग्रहमा पद्यमय नियमको बन्धन भन्दा सरल, अभिव्यक्तिको ढाँचा रहेको छ । कतिपय एक सब्दे वाक्यदेखि लिएर लामालामा शब्द संयोजनका वाक्य विन्यासको प्रयोग प्रस्तुत कवितासङ्ग्रहमा पाइन्छ । रङ्गीन सपनाका बहस (पृ. ३१) जीवन एउटा कठिन यात्रा हो ( पृ.३१) जिन्दगी भोक र चिन्ताको मार्मिक खण्डकाव्य हो । (पृ.३४) आदिजस्ता विम्ब, प्रतीकहरू संयोजन गरी कवितासङ्ग्रहको रचना गर्ने प्रयत्न गरिएको छ । तत्सम एवम् आगन्तुक शब्दहरूको अधिक मात्रामा प्रयोग गरिएको पाइन्छ । जस्तै रेविच, डेग, सेकेन्डहृयान्ड, वारेन्ट, कन्डक्टर, प्यासेन्जर, स्याक आदिजस्ता आगन्तुक शब्दहरू र नयन, प्रेयसी, मुग्ध, प्रभात मृत्यु, दर्शन, पराजय, अस्मिता आदिजस्ता तत्सम शब्दहरूको समष्टि प्रयोगबाट नै प्रस्तुत कवितासङ्ग्रहको सिर्जना हुन पुगेको छ ।

---

[टठ] **ऐजन**, पृ. १०६ ।

## ४.२.१० निष्कर्ष

रमेश तूफानको **रमेश तूफान नाम हुनुलाई** (२०५३) मा ३० वटा कविताहरू छन् । आजको परिप्रेक्ष्यमा प्रजातन्त्रको अभ्यासद्वारा जनजीवनका विविध क्षेत्रको उन्नति र विकास गर्दै राष्ट्रलाई समुन्नत गराउनुपर्ने हामी समस्त देशवासीको साझा मान्यता रहेको कुरा यस कवितासङ्ग्रहमा व्यक्त भएको छ । जीवनका विविध पक्षमध्ये जातीय साहित्य, कला, संस्कृतिको विकास संवर्द्धन र संरक्षण गर्नु हाम्रो दायित्व रहेको कुरा यस कवितासङ्ग्रहमा व्यक्त भएको छ । समाजमा रहेका विकृति, विसङ्गति, नातावाद, कृपावादप्रति व्यङ्ग्य प्रहार गर्न सफल रहेको यसबाट मानिसलाई सही बाटोमा लाग्न प्रयत्नशील रहेको छ ।

## ४.३ रमेश तूफानका काव्य प्रवृत्ति

कवि रमेश तूफानका दुईवटा कवितासङ्ग्रह प्रकाशित छन् । **सिपाहीको चिट्ठीबाट** (२०४४) प्रकाशित पहिलो कवितासङ्ग्रह हो भने **रमेश तूफान नाम हुनुलाई** (२०५३) दोस्रो कवितासङ्ग्रह हो । यी दुई कवितासङ्ग्रहलाई अध्ययन गर्दा यिनका कवितामा निम्नलिखित प्रवृत्तिहरू देखापर्दछन् ।

### (१) प्रेममूलकता

कवि रमेश तूफानका कविताहरूमा प्रेम प्रणयको भाव अभिव्यक्त भएको पाइन्छ । प्रेम र प्रेमिकाबीचको प्रणय भाव, सन्तानप्रतिको प्रेम र मानवीय प्रेमको उद्घाटन भएको पाइन्छ । स्वतन्त्र चाहना र उन्मुक्त भावनाले प्रेममूलक अभिव्यक्तिका निम्ति कवि तूफानलाई सहयोग गरेका छन् । बात्सल्यप्रेमको अनुभूतिमा सबै खुसी देखिन्छन् भने प्रेमको अभाव र अपूर्णतामा दुःखद वातावरणको सिर्जना भएको देखिन्छ ।

"मेरा हात समाएर
वर्णमाला सिकाउने,
त्यो हात माँगेको हुँ मैले
केवल, स्वतन्त्रता, रमाउनका लागि
त्यो काख मागेको हुँ मैले
मेरो आँखा उघ्रिने बित्तिकै
मलाई बुबा चिनाउने
त्यो औँला मागेको हुँ ताती गर्न मैले ।" [टड]

### ३. प्रयोगशीलता

कवि रमेश तूफानका कविताहरूमा पाइने अर्को विशेषता प्रयोगशीलता हो । भावलाई प्रमुख ठानेर भाषिक व्याकरणिक नियमबद्धताको प्रर्वाह नगर्नु यिनको प्रयोगमूलक प्रवृत्तिका रूपमा देखिन्छ । कविताको संरचना निर्माण गर्दा पङ्क्ति योजनालाई नवीन रूपमा प्रस्तुत गरी प्रयोगशीलताको सङ्केत उनले आफ्ना कविताहरूमा गरेका छन् । जस्तै :

---

[टड] रमेश तूफान, **सिपाहीको चिट्ठीबाट**, (काठमाडौँः रूपायन प्रकाशन, २०४४, पृ. ४० ।

"जब चर्केका बिहानी किरण
लत्रिँदै भ्यान्टिलेसनबाट
मेरा स्वर्णीम सपनाहरू
वि
थो
ल्न
खोज्दछन्
टे
बु
ल
घ
डी-को
चर्को आवाजझैं
तब म सम्झन थाल्दछु । [टढ]

उपर्युक्त कवितांशमा नयाँ किसिमको प्रयोगशीलता छ । उनले बिथोल्न र टेबुल घडीको शब्दहरूलाई तेस्रो हरफमा नलेखी ठाडो हरफमा लेखेका छन् । यो उनको लिपिगत प्रयोगशीलता हो ।

(२) **सामाजिकता**

कवि रमेश तूफानले आफ्ना कविताहरूमा सामाजिक, विकृति, विसङ्गतिप्रति व्यङ्ग्य गरेका छन् । वर्तमान भोक, रोग र चिन्ताग्रस्त तथा अस्तित्वहीन र लक्ष्यहीन बन्नपुगेको मानवको बचाइ र भोगाइको मार्मिक चित्रण गरिएका उनका कवितामा स्वाभिमानी जीवन बचाइ र भोगाइको चाहना राखिएको छ । भनाइ, गराइ र भोगाइका बीच तालमेल नभएको धारणा व्यक्त गर्दै यिनले जिन्दगी गन्तव्यहीन, पीडादायी र विवश भएकाले नयाँ यात्राको प्रारम्भ गर्नुपर्ने धारणा अघि सारेका छन् । मानिसको पतन र मृत्युको कारण मानिस नै स्वयम् रहेको विडम्बना र विसङ्गत परिस्थितिको चित्रण गरिएका यिनका कवितामा मानिसका बीचमा मानवता र मानवीय अस्मिता हराउँदै गएकाले त्यसको जगेर्ना गर्नुपर्ने आवश्यकताको बोध गरिएका छन् ।

(३) **भाषिक सरलता**

रमेश तूफान सरल भाषामा कविताहरू लेख्छन् । उनी गद्यलयमा कविता लेखी आफ्ना अन्तर्मनमा उठेका भावहरू व्यक्त गर्छन् । उनले नेपाली समाजमा चलनचल्तीमा रहेका तत्सम, तद्भव, झर्रो नेपाली र आगन्तुक भाषाका शब्दहरूको प्रयोग गरेका छन् । उनका कविता सरल, सुबोध भाषामा लेखिएको हुनाले सर्वसाधारण पाठकका लागि पनि बोधगम्य छन् । तूफान सरल भाषाको प्रयोग गर्नाले नै चर्चामा आएका छन् ।

अतः रमेश तूफानको भाषिक सरलता पनि एउटा काव्यगत प्रवृति रहेको देखिन्छ ।

टढ. ऐजन, पृ. ३९ ।

# पाँचौँ परिच्छेद

## उपसंहार

**पहिलो परिच्छेद**अन्तर्गत यस शोधपत्रको सामान्य रूपरेखा प्रस्तुत गरिएको छ । यस खण्डमा शोधशीर्षक, शोधकार्यको प्रयोजन, विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधकार्यको सीमाङ्कन, सामग्रीको सङ्कलन विधि र शोधपत्रको रूपरेखासम्बन्धी विवरण प्रस्तुत गरिएको छ ।

**दोस्रो परिच्छेद**अन्तर्गत रमेश तूफानको जीवनी पक्षबारे चर्चा गरिएको छ । रमेश तूफानको जन्म २०११ जेठ २६ गते कोसी अञ्चलअन्तर्गत मोरङ्ग जिल्लाको विराटनगर वडा नं. १० सरस्वती टोलमा भएको हो । पौडी, फुटबल, उफ्री जस्ता रमाइलो खेल खेल्दै र घरपरिवारको काम गर्दै उनले बाल्यकाल बिताएका थिए । उनी साथी भाइसँग असाध्यै मिल्दथे र उनीहरूका लागि सहयोगी पनि थिए । तूफानको अक्षरारम्भ आफ्नी आमा र लक्ष्मीदेवीबाट ५ वर्षको उमेरमा गरेका थिए । उनका पिता जागिरका क्रममा बाहिर जानुपर्ने भएकाले आमाबाट अक्षर सिक्ने काम गरे । उनले माध्यमिक तहको अध्ययन महेन्द्र विद्यालय विराटनगरको एक रात्रि स्कुलबाट गरेका थिए र २०२९ सालमा प्रवेशिका उत्तीर्ण गरेका थिए । २०३४ सालमा महेन्द्र मोरङ्ग क्याम्पस, विराटनगरबाट आई.ए. र त्यही क्याम्पसबाट २०३८ सालमा बी.ए. उत्तीर्ण गरेका थिए । उनले २०४४ सालमा त्रिभुवन विश्वविद्यालय, राजनीतिशास्त्र केन्द्रीय विभागबाट स्नातकोत्तर (एम्.ए.) राजनीतिशास्त्रमा द्वितीय श्रेणीमा उत्तीर्ण गरे ।

क्षेत्री कुलमा जन्मेका रमेश तूफानको थर आचार्य हो । उनले आफ्नो नामका पछाडि २०३० सालदेखि 'तूफान' लेख्न थाले । उनलाई आफ्नै गोत्रकी युवती मनपरेको तर ऊसँग त्यो विवाह गर्न नमिल्ने भएपछि थर लेख्न मन लागेन र तूफान लेख्न थाले । बुबाको सामान्य जागिरले जीवनयापन गर्दै आएका थिए र उपनयन संस्कार अलि ढिलै २० वर्षको उमेरमा हिन्दू संस्कारअनुसार गरेका तूफानको प्रेम विवाह २०३२ सालमा विराटनगर तीन टोलियाका गोपाल गिरीकी जेठी सुपुत्री चुन्नुसँग भएको थियो । तूफानको घर हाल बौद्ध महाङ्काल वडा नं. - ६, काठमाडौँमा छ ।

अत्यन्त सरल र मिजासिलो स्वभावका रमेश तूफान त्यत्तिकै सहयोगी र मिलनसार पनि छन् । तूफानलाई सानै उमेरदेखि जीवन नै सङ्घर्ष हो र लोभलालचा गर्नुहुँदैन भन्ने पारिवारिक चिन्तनको प्रभाव परेको थियो । तूफानमा सानैदेखि दृढ सङ्कल्प थियो, म जसरी भए पनि पढाइलाई पूरा गर्छु भन्ने एउटा अठोट लिएर उनी अघि बढ्न थाले । बुबालाई पढाउन बोझ नपरोस् भनेर उनी आफैं पत्रपत्रिका प्रकाशन गर्ने, चलाउने, विज्ञापन सङ्कलन गर्ने गर्थे । पत्रपत्रिकाबाट हुने आम्दानीले उनको आर्थिक सङ्कट टरेको थियो । तूफानले सानैदेखि धेरै सङ्घर्ष गर्नुपर्‍यो । घरबाट पढाउन नसक्ने स्थिति भएपछि उनी रात

दिन लगनशील भएर पत्रिका प्रकाशन गर्ने र समाचार सङ्कलन गर्ने गर्न लागे । त्यसै समयमा उनले अस्थायी सरकारी जागिर २०२९ सालमा पाएका थिए । त्यसपछि आर्थिक अवस्थामा केही सुधार हुँदै गएको देखिन्छ, तर त्यहाँबाट उनले राजीनामा दिए । त्यसपछि उनले राष्ट्रिय बैङ्कमा सहायक स्तरको पदमा आवेदन दिएर उनी वैकल्पिकमा परेकाले बहुत दुःखी भएका थिए । पछि राष्ट्र बैङ्कले जागिरका लागि बोलाएपछि उनी धेरै खुसी भएका थिए र पहिलेका तुलनामा उनको आर्थिक अवस्था समुन्नत बन्दै गयो । उनले राष्ट्र बैङ्कमा काम गरेपछि आर्थिक अवस्थामा पूर्ण सुधार नभए पनि त्यसले टेवा दिएको थियो । तूफानले राष्ट्र बैङ्कको जागिर खाँदै र पत्रपत्रिका चलाउँदै सजिलोसँग जीवनयापन गर्दै आए । उनी २०४६ चैत्रदेखि हालसम्म राष्ट्रिय समाचार समितिमा कार्यरत छन् । उनी हाल रा.स.स को प्रमुख समाचारदाताका रूपमा कार्यरत छन् ।

तूफान बाल्यकालदेखि नै बहिर्मुखी स्वभाव भएका व्यक्ति थिए । आफ्ना मनका कुराहरू प्रस्टसँग बाहिर निकाल्ने स्वभाव उनमा रहेको पाइन्छ । उनी बाल्यकालदेखि नै सहयोगी भावका देखिन्छन् । अर्काको भलाइ हुन्छ भने जस्तोसुकै कुरामा नाइनास्ति नगरी सहयोग गर्ने सरल स्वभावका देखिन्छन् । उनी बोल्दाखेरि हाँसेर बिस्तारै, कुनै कुरा नछुटाई विवादमा नफस्ने गरी औपचारिक र सन्तुलित किसिमले तटस्थतापूर्वक बोल्ने स्वभावका देखिन्छन् । आफूभन्दा साना र तल्ला कर्मचारीलाई पनि समान साथीको व्यवहार गर्ने, मिलनसार, भर्सक आफूबाट कोही दुःखी नहुन् भन्ने चाहना भएका, कसैलाई चोट पुऱ्याउने काम नगर्ने र वैचारिक बहसमा आफूलाई केही लागेमा तत्काल प्रतिक्रिया देखाउने स्वभाव उनको देखिन्छ । तूफान युवाअवस्थामा महेन्द्र मोरङ्ग क्याम्पस, विराटनगरमा बी.ए. पढ्दै ने.वि.सङ्घमा सक्रिय भएर लागे । २०३६ सालको विराटनगर सडक क्रान्तिमा भाग लिएका, जनमतसङ्ग्रहमा बहुदलको पक्षमा लागेर धेरै प्रचार-प्रसार गरेका र त्यही समयमा सडक कविता क्रान्ति लिएर झापा गएका थिए । तूफान अनेक क्षेत्रसँग सम्बन्ध र सरोकार राख्ने बहुआयामिक बौद्धिक व्यक्तित्वका रूपमा रहेका छन् र यिनको देशका प्रशासनिक, सामाजिक, सांस्कृतिक गरी अनेक संघसंस्थाहरूको विकास र प्रबर्द्धनमा ठूलो भूमिका रहेको देखिन्छ । यसैगरी प्रधानमन्त्री विदेश भ्रमणमा गएका वेला रिर्पोटिङ्गका लागि विभिन्न देशमा भ्रमण गरी ती देशहरूको अध्ययनसमेत उनले गरेका छन् । साहित्य साधना, सामाजिक कार्य, पत्रकारिता, प्रशासनिक सेवा तूफानका जीवनका मूल कार्यक्षेत्रहरू हुन् ।

धर्ममा सामान्य विश्वास गर्ने तूफान समाजसेवा नै ठूलो धर्म हो भन्दछन् । मानिसले स्वतन्त्रापूर्वक बाँच्न पाउनु पर्दछ । स्वतन्त्र वातावरण होस् । कसैको दास बन्न नपरोस्, मानव भएर मानवता गुमाउन नपरोस्, जीवन एक प्रकारको सङ्घर्ष हो । मानिसले प्राप्तिको आशा नगरी कुनै क्षेत्रमा सङ्घर्ष गऱ्यो भने ऊ आफ्नो लक्ष्यमा पुग्न सफल हुन्छ । जीवनमा लक्ष्य प्राप्तिका लागि कर्म गर्दै जानु पर्छ । त्यसका लागि जेजस्ता अप्ठयारा आइपर्दछन्, तिनीहरूको सामना गर्नुपर्छ, एक दिन अवश्य आफ्नो लक्ष्यमा पुग्न सफल

भइन्छ भन्ने धारणा तूफानको रहेको पाइन्छ । जीवनलाई  सङ्घर्ष रूपमा हेर्ने तूफान बहुप्रतिभा सम्पन्न व्यक्ति हुन् ।

**तेस्रो परिच्छेद**अन्तर्गत रमेश तूफानको व्यक्तित्वको चर्चा गरिएको छ । बाह्य रूपमा गोरो वर्ण, हिस्सी परेको अनुहार, सालाखालामा खाइलाग्दो चिटिक्क परेको निकै प्रभावशाली र आकर्षक देखिने उनी शारीरिक रूपमा स्वस्थ्य देखिन्छन् । तूफानको स्रष्टा व्यक्तित्व कविका रूपमा फैलिएको छ भने द्रष्टा व्यक्तित्व रूपमा **सम्वाद र सम्वाद**मा ८ वटा चर्चित उपन्यासहरू **अनुराधा, अलिखित, अबिरल बग्दछ इन्द्रावती, चपाइएका अनुहारहरू, नरेन्द्र दाई, पल्लो घरको झ्याल, माधवी र रूपमती** उपन्यास बारे विभिन्न विद्वान्हरूको दृष्टिकोण उल्लेख गरी सम्पादन गरेका छन् । साहित्येतर व्यक्तित्वअन्तर्गत प्राध्यापन, प्रशासन, पत्रकारिता र समाजसेवा आदि चर्चित रहेका छन् ।

**चौथो परिच्छेद**अन्तर्गत रमेश तूफानको कृतित्त्वको विश्लेषण गरिएको छ । हालसम्म उनका **सिपाहीको चिठ्ठीबाट** (२०४४) र **रमेश तूफान नाम हुनुलाई** (२०५३) कवितासङ्ग्रहहरू प्रकाशित भएका छन् । तूफान एक प्रगतिशील प्रखर गद्य कविका रूपमा स्थापित भएका छन् । सरल शब्दावलीद्वारा गुम्फित छोटाछोटा पदावलीयुक्त वाक्यीय ढाँचामा प्रस्तुत गरिएका, तूफानका कविता सहज, सुबोध र सर्वग्राह्न्य छन् । अन्तर्अनुप्रासीयताका कारण मुक्तछन्दमा संरचित यिनका गद्यकविताहरू प्रायः लयात्मक छन् । छोटा आयाममा विस्तारित यिनका सबैजसो कविता प्रगीतात्मक संरचनामा उनिएका छन् । कतिपय एक सब्दे वाक्यदेखि लिएर लामा लामा शब्द संयोजनका वाक्य विन्यासको प्रयोग उनका कवितामा पाइन्छ । विम्ब र प्रतीकहरूको संयोजन गरी उनले कविताहरूको रचना गरेका छन् र तत्सम एवम् आगन्तुक शब्दहरूको अधिक मात्रामा प्रयोग गरिएको पाइन्छ ।

तूफान पत्रकारिता, समाज सेवा र प्रशासनिक कार्यमा रुचि रहेको र नेपालीमा सिर्जनात्मक विधामा कलम चलाउने रचनात्मक र सिर्जनात्मक कार्यका साथै नेपाली साहित्यमा गद्य कविताको राम्रो प्रयोग गरी कविता लेख्ने कुशल प्रगतिशील कवि देखिन्छन् ।

**पाँचौं परिच्छेद**मा यस शोधपत्रको सार प्रस्तुत गरिएको छ । समग्रमा भन्नुपर्दा नेपाली साहित्यका क्षेत्रमा गद्य कविता लेखन, पत्रकारिता र प्रशासनिक कार्य गरी जीवनलाई बिताउँदै आएका रमेश तूफान नेपाली साहित्यका एक कुशल स्रष्टा हुन् । विभिन्न क्षेत्रमा देखिएको उनको प्रतिभाले तूफान नेपाली साहित्यका एक उच्च व्यक्तित्वका रूपमा चिनिँदै आएका छन् । २०३० सालबाट कविता लेख्न सुरु गरेका तूफानको अथक परिश्रम, निरन्तर साधना र समर्पित भूमिकाद्वारा तूफानले नेपाली साहित्यलाई ठूलो योगदान दिएका छन् ।

# परिशिष्ट

**कवि रमेश तूफानसँग लिइएको लिखित अन्तर्वार्ता**

- कवि रमेश तूफानका बारेमा शोध-खोज गर्ने सिलसिलामा यस शोधार्थीले २०६६।११।९ मा उहाँलाई नै भेटी लिखित अन्तर्वार्ता लिएको थियो । यस परिशिष्ट-खण्डमा सोही लिखित अन्तर्वार्तालाई जस्ताको त्यस्तै प्रस्तुत गरिएको छ ।

(१) तपाईंको जन्म र जन्मस्थान बारे बताइदिनु हुन्छ कि ?

-मेरो जन्म २०११ साल जेठ २६ गते कोसी अञ्चलअन्तर्गत मोरङ्ग जिल्लाको विराटनगर वडा नं १०, सरस्वती टोलमा भएको हो ।

(२) तपाईंको पूरा नाम र साहित्यिक नाम के हो, बताइदिनुहुन्छ कि ?

- मेरो पूरा नाम रमेशकुमार क्षेत्री (आचार्य) हो, मेरो साहित्यिक नाम रमेश तूफान हो ।

(३) तपाईंका बुबाको जन्मस्थान र विवाह बारे बताइदिनुहुन्छ कि ?

- मेरा बुबा गणेशबहादुर आचार्यको जन्म ललितपुर जिल्लास्थित विसङ्खुमा भएको हो । उहाँको पहिलो विवाह काठमाडौंमा भएको र पहिली पत्नी दण्डकुमारी हुन् भने दोस्रो विवाह विराटनगरमा लक्ष्मीदेवीसँग भएको हो, लक्ष्मीदेवी विधवा भएका अवस्थामा उहाँका दुई छोराछोरीको बिजोग देखेपछि आफन्तको सल्लाह र सुझावअनुसार उहाँसँग विवाह भएको हो ।

(४) तपाईंहरूका कति दाजुभाइ र दिदीबहिनीहरू छन् ?

-मेरा एक दाजु र चार दिदीबहिनीहरू छन् ।

(५) तपाईंको न्वारनको नाम नै यही हो कि अर्को थियो ?

- मेरो न्वारनको नाम जीतबहादुर हो ।

(६) तपाईंका बुबा-आमाको नाम के के हो ?

- बुबाको नाम गणेशबहादुर, जेठी आमाको दण्डकुमारी र मेरी आमाको नाम लक्ष्मीदेवी हो ।

(७) तपाईंको बाल्यकाल कहाँ बित्यो र रुचि के थियो ?

-मेरो बाल्यकाल विराटनगर १० मा बित्यो मेरो त्यतिवेलाको रुचि फुटबल र पौडी खेल थियो ।

(८) तपाईंको बाल्यकालका केही अविस्मरणीय क्षणहरू छन् कि ?

- बाल्यकालमा घर नजिकको सिङ्गिया खोलमा बाढी आउनासाथ पौडिन जाने गर्दथ्यौं त्यो पनि घर परिवारलाई थाहा नदिई । म चार वर्षको छँदा टन्सिलका कारण ठूलो कालबाट बँचेको । त्यसले घाटी पूरा थुनिएपछि सास फेर्न गाह्रो भएको र हिक्क हिक्क गर्दा प्राण जाने अवस्थामा पुगेको । त्यतिवेला मलाई तुलसीका

मोठमा सुताइसकिएको थियो माया मारेर, तर आमाको अदम्य साहस र बुद्धिमत्ताका कारण म बाँच्न पुगें ।

म आठ वर्षको छँदा स्कुल सकेर घर आई बारीको कुनामा दिसा गर्न बसेका वेला मेरा पछाडि एउटा गोमन सर्प फणा फिँजाएर डस्ने तयारीमा रहेछ । त्यो मलाई पहिले थाहा भएन तर पछि थाहा हुनासाथ म त्यहाँबाट भागेँ र बाचेँ । यस्तै एकपटक ठूलो मोटरसाइकल दुर्घटनाबाट बाँचेँ । साथीको आग्रह टार्न नसकेर मोटरसाइकल चढेँ र दुर्घटनामा परेँ । सोही दुर्घटनाका कारण साथीको बोली अझै स्पष्ट हुन सकेको छैन । मलाई डाक्टरले पछाडि बस्ने बाच्दैन भने तर म स्वस्थानीमाताका कारण बाँचेको हुँ ।

(९) तपाईंको बाल्यकालमा साथीभाइसँग कस्तो सम्बन्ध थियो ?

- म साथीभाइसँग असाध्यै मिल्दथेँ र उनीहरूका लागि सहयोगी पनि थिएँ । उनीहरूले केही भनेमा त्यसलाई टार्ने स्वभाव मेरो थिएन । आफ्ना साथीभाइका लागि कतिपटक गाली पनि खाएँ तर सङ्गत छाडिन ।

(१०) तपाईंको अक्षरारम्भ कसबाट भयो । केही बताइदिनुहुन्छ कि ?

- मेरो अक्षरारम्भ मेरी आमा लक्ष्मीदेवीबाट भएको हो । म पाँच वर्षको उमेर छँदा अक्षरारम्भ गिरेँ । पिताले जागिरका क्रममा बाहिर रहनुपर्ने भएकाले त्यो अभिभारा आमाले लिनु भएको हो । आमाले बिहान हुनासाथ सिलोट र खरी थमाएर पढ्न लगाउनुहुन्थ्यो । उहाँ आफ्ना हातले मेरो हात समाएर लेख्न सिकाउनु हुन्थ्यो । त्यतिवेला बिजुलीबत्ती नभएकाले कुपी बालेर राति पढ्नु पर्दथ्यो ।

(११) तपाईं कसरी पढ्दै जानुभयो, केही बताइदिनुहुन्छ कि ?

- म कक्षा १ मा पढ्दा निकै तिखो दिमाग भएको र लगनशील थिएँ । आमाले पढ्न बानी लगाएका कारण यस्तो भएको हो । कक्षा १ मा पढाइ तेज भएकाले मलाई कक्षा २ मा राख्नु पर्नेमा डबल प्रमोशन गरेर एकै पटक कक्षा ३ मा राखियो । प्रारम्भमा यस कुरामा दाजुले आपत्ति जनाउनु भयो तर स्कुलकी प्रधानाध्यापक शारदा आचार्यले मेरो क्षमता अनुसार त्यसो गर्दा खरावी नहुने दाबी गर्नुभयो ।

(१२) तपाईंले माध्यमिक शिक्षा कहाँ आर्जन गर्नुभयो र कति सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गर्नुभयो ?

- मैले माध्यमिक शिक्षा महेन्द्र विद्यालय विराटनगरको एक रात्री स्कुलमा आर्जन गरेँ र २०२९ सालमा प्रवेशिका उत्तीर्ण गरेँ ।

(१३) तपाईं माध्यमिक तहमा कस्तो स्वभावको हुनुहुन्थ्यो ?

- अत्यन्त मिलनसार, सहयोगी र साथीभाइले असाध्यै मन पराउने खालको थिएँ । मसँग पढ्ने कोही डाक्टर र प्राध्यापक हुनुका साथै निजी व्यवसाय गर्दै उच्च पदमा पुगेका छन् ।

(१४) तपाईंले उच्च तहको शिक्षा कसरी पूरा गर्नुभयो, केही बताइदिनुहुन्छ कि ?

- आर्थिक अवस्थाका कारण पितालाई बोझ नपरोस् भनेर आफ्नै परिश्रम र लगनशीलताले गर्दा पढाइ पूरा गरेँ, मैले यसका लागि जागिर र पत्रकारितासमेत गरेँ । मैले सरकारी सेवा, प्रोजेक्ट र राष्ट्र बैङ्कमा काम गरे ।

(१५) तपाईंले क्याम्पसमा पढ्दा राजनीति गर्नुभयो भएन, केही बताइदिनु हुन्छ कि ?

-क्याम्पसमा पढ्दा म  विद्यार्थी राजनीतिमा लागेँ । नेपाल विद्यार्थी संघमा लागेर विद्यार्थी आन्दोलनलाई नेतृत्वसमेत प्रदान गरेँ । यस क्रममा २०३६ सालको आन्दोलनमा सक्रिय भएर लागेँ, साथै त्यतिवेलाको जनमतसङ्ग्रहमा सक्रियतापूर्वक बहुदलका पक्षमा लागेँ, मैले विद्यार्थी राजनीतिका लागि राष्ट्र बैङ्ककोक जागिर समेत त्याग गरेँ । मैले २०३८ सालमा स्नातक र २०४४ सालमा राजनीतिशास्त्र केन्द्रीय विभागबाट द्वितीय श्रेणीमा एम.ए. उत्तीर्ण गरेँ ।

(१६) तपाईंका व्रतबन्ध बारे बताइदिनुहुन्छ कि ?

- मेरो व्रतबन्ध २० वर्षमा भयो, एकजना भट्टराई थरका पुरेतले मलाई मन्त्रदान गरे ।

(१७) तपाईंको वैवाहिक जीवन र सन्तानका बारेमा केही बताइदिनुहुन्छ कि ?

- २०३२ सालमा विराटनगर तीन टोलियाका गोपाल गिरीकी जेठी छेरीसँग गरे, यो प्रेम विवाह गरे । मेरो प्रेमविवाह बुबालाई मन परेको थिएन, आमाले मेरो निर्णय स्वीकार गर्नुभयो । मेरो बुबाको निधन २०४५/११/२० मा र माता लक्ष्मीदेवीको २०६४/८/११ मा भएको हो ।

(१८) तपाईंकी श्रीमतीले कति अध्ययन गर्नुभएको छ र उहाँको स्वभाव कस्तो छ, केही बताइदिनु हुन्छ कि ?

- कक्षा दश उत्तीर्ण गरेकी उनी सहयोगी र दयालु छिन् । मेरो जेठो छोरा् रविको जन्म २०३४/ १/ १० मा छोरी रोजीको  २०३५ भदौमा र कान्छो छोरो रमन २०३८/९/२९ मा जन्मे । जेठो छोरो बिरामी भएकाले पढाइ अगाडि बढाउन सकेन ।

(१९) तपाईंको आर्थिक अवस्थाबारे बताइदिनुहुन्छ कि ?

- प्रारम्भमा निकै कम । म निम्न परिवारमा जन्मे तर मैले दृढ सङ्कल्प गरेर आफ्नो पढाई अगाडि बढाएँ र जागिरबाट आर्थिक अवस्थामा सुधार ल्याएँ ।

(२०) तपाईंले आफ्नो पढाइलाई कसरी पूरा गर्नुभयो, केही बताइदिनुहुन्छ कि ?

- मेरो पढाइ ढिलो सम्पन्न हुनुको कारण आर्थिक अवस्था कमजोर भएकाले हो तर दृढ सङ्कल्पका कारण त्यो पूरा गरेको छु र आर्थिक अवस्थामा पनि सुधार ल्याउन सकेको छु ।

(२१) तपाईं हाल के गर्दै हुनुहुन्छ र हालको आर्थिक अवस्था कस्तो छ, केही बताईदिनु हुन्छ कि?

- हाल म राष्ट्रिय समाचार समितिको दसौं तहमा प्रमुख समाचारदातामा कार्यरत छुँ । आर्थिक अवस्था ठिकै छ । बौद्ध महाङकाल वडा नं. ६ मा बस्दै आएको छु यहाँ एक घर छ ।

(२२) तपाईंको रुचिका बारेमा बताईदिनु हुन्छ कि ?

- पत्रकारिता, लेखन, सम्पादन, साहित्य र प्रशासन नै हो । दर्शनशास्त्र, पुराना इतिहास र साहित्यिक अध्ययन । धर्मप्रति सामान्य विश्वास ।

(२३) तपाईं युवा उमेरमा कस्तो खानेकुरा मन पराउनुहुन्थ्यो ?

- पिरो, अमिलो र फलफूलहरू । हाल मांसहारीभन्दा साकाहारी मन पराउँछु ।

(२४) तपाईं फुर्सद समय के गर्न मन पराउनुहुन्छ त्यसबारे केही बताइदिनुहुन्छ कि ?

- पहिले साथीभाइसँग हिडडुल गर्दथे । हाल पनि साथीभाइसँग समय बिताउने र पुस्तक पत्रपत्रिका पढेर समय विताउने, सादा जीवनका साथै गीत सङ्गीत र व्याडमिन्टनमा विशेष रुचि ।

(२५) तपाईंले शैक्षिक सेवा गर्नुभयो भएन, केही बताइदिनु हुन्छ ?

- मैले २०५५ साल कात्तिक २०५८ साल पुससम्म राजनीतिशास्त्र विषयमा वाल्मीकि क्याम्पसमा अध्यापन गराउने गरेको ।

(२६) तपाईंले गर्नु भएको प्रशासनिक सेवाबारे बताइदिनु हुन्छ कि ?

- प्रारम्भिक पढाइका समयमा आर्थिक अवस्थाका कारण सरकारी सेवामा रही कार्य गरेँ । केही समय बैङ्क र प्रोजेक्टमा कार्य गरेँ । २०४६ सालदेखि राष्ट्रिय समाचार समितिमा कार्यरत छु ।

(२७) तपाईंको राजनीतिक संलग्नताबारे बताइदिनु हुन्छ कि ?

- म ग्रीसेली दार्शनिकका विचार अनुसार मानिस राजनीतिक प्राणी भएको मान्यता राख्दछु । तसर्थ राजनीतिलाई आस्वीकार गर्ने व्यक्तिले पनि कुनै न कुनै रूपमा यसलाई वरण गरेको ठान्दछु । २०३० सालदेखि राजनीतिप्रति रुचि लिँदै आएँ । २०३६ सालमा सडक कविता क्रान्ति थालेँ विराटनगरमा ।

(२८) तपाईंको संस्थागत संलग्नताबारे बताइदिनुहुन्छ कि ?

- सम्पादक समाज नेपालको उपाध्यक्ष, राजनीतिशास्त्र सङ्घको महासचिव, नेपाल प्रेस युनियनको संस्थापक र पूर्व अध्यक्ष । नेपाल परिवार नियोजन सङ्घ र नेपाल रेडक्रस सोसाइटीको आजीवन सदस्य । नेपाल पत्रकार महासङ्घको पार्सद । विश्वदूत साप्ताहिकको पूर्वकार्यकारी सम्पादक । नव समानान्तरको प्रधान सम्पादक, आन्दोलन र पुनस साहित्यिक पत्रिकाको सम्पादक ।

(२९) भ्रमणबारे बताइदिनुहुन्छ कि ?

- नेपालका ६१ वटा जिल्ला भ्रमण । विदेश प्रधानमन्त्रीसँग रिपोटिङ्गका सिलसिलामा भारत, बङ्गलादेश, पाकिस्तान, इजरायल, फ्रान्स, चीन, तिब्बत, कङ्गो (अफ्रिका) ।

(३०) सम्मान तथा पुरस्कारवारे बताइदिनु हुन्छ कि ?

- सम्मान र पुरस्कारप्रति कम चासो । पाएकोमा धेरै खुसी पनि नहुने, अस्वीकार पनि नगर्ने । २०५४ सालमा प्रतिभा पुरस्कार प्राप्त, षडानन्द प्रतिभा पुरस्कार, प्रतिष्ठानबाट **'रमेश तूफान नाम हुनु'** कवितासङ्ग्रहलाई रा.स.स. बाट पत्रकारिता पुरस्कार प्राप्त ।

(३१) तपाईंको धारण र मान्यतावारे बताइदिनु हुन्छ कि ?

- साहित्य समाजका कुसंस्कार र रूढ मान्यता विरुद्ध हुनुपर्दछ यो सामाजिक न्यायको पक्ष रहनुपर्दछ ।

(३२) तपाईंका सुख दुःखका क्षणहरू बारे बताइदिनु हुन्छ कि ?

-२०६४ सालमा आमाको निधन र बुबाको २०४५ सालमा भएको निधनबाट निकै दुखि ।

(३३) तपाईंको साहित्यिक लेखन कहिलेदेखि र लेखनारम्भ गर्नुभयो ?

- २०३० सालदेखि दाजु जीतबहादुर भक्त ॐ आफू स्वयम् पनि साहित्यिक हुनु भएकाले मलाई यसमा लाग्न प्रेरित गर्नुभयो । उहाँ म एक होनहार लेखक होस भन्ने चाहनुहुन्थ्यो । मेरो सार्वजनिक रूपमा प्रकाशित २०३० सालमा 'कवि र कविता' नामक कविता **ऐंसेलु** नामक पत्रिकामा ।

(३४) तपाईंले कहिलेदेखि साहित्यमा लाग्नुभयो, केही बताइदिनुहुन्छ कि ?

- २०३० साल

(३५) तपाईंले किन अन्तर्जातीय विवाह गर्नुभयो ?

- मलाई आफ्नै गोत्रको युवती मनपरेको तर त्योसँग विवाह गर्न नमिल्ने भएपछि अन्तर्जातीय विवाह गर्ने प्रण गरेँ ।

(३६) तपाईंले कहिलेदेखि तूफान टाइटल लेख्न थाल्नुभयो, किन र साहित्यसम्बन्धी के कस्तो काम गर्नुभयो, बताइदिनु हुन्छ कि ?

- २०३० सालबाट । २०३९ सालमा राष्ट्रिय कवि सम्मेलन गरेको त्यसमा नेपाल अधिराज्य लगायत भारतका नेपाली भाषा साहित्यकारहरूलाई आमन्त्रित गरिएको ।

(३७) तपाईंको शारीरिक व्यक्तित्व बताइदिनुहुन्छ कि ?

- विहान योग गर्ने त्यसपछि ब्याडमिन्टन खेल खेल्ने ।

(३८) तपाईंमा कस्तो किसिमको प्रवृत्ति रहेको छ ?

- कामप्रति लगनशील, जिम्मेवारीपूर्ण, हैसियतभन्दा माथिको काम नगर्ने धैर्यपूर्वक सम्पन्न गर्ने ।

(३९) तपाईंले गर्नु भएको प्रशासनिक कार्यबारे बताइदिनुहुन्छ कि ?

- २०२९ सालमा प्रमाणपत्र तहमा अध्ययन गर्दा आर्थिक अवस्थाका कारण प्रशासनिक सेवामा प्रवेश गरेँ ।

(४०) तपाईंको जीवनी, व्यक्तित्व र कवित्वका बारेमा शोधार्थी नारायणप्रसाद दुवाडीले गर्दै अनुसन्धान गर्दै हुनुहुन्छ , कस्तो लागेको छ ? केही बताइदिनुहुन्छ कि ?

- उहाँ निकै मेहनती देखिनुभएको छ र बडो इमानदारीपूर्वक आफ्नो कार्य गर्न लाग्नु भएको छ ।

धन्यवाद !

मिति:- २०६६/११/९

..................................

रमेश तूफान

बौद्ध महाङ्काल- ६, काठमाडौं

# सन्दर्भग्रन्थसूची


उपाध्याय, केशवप्रसाद, 'मोतीरामको व्यक्तित्व र योगदान', **मोतीस्मृति ग्रन्थ,** काठमाडौंः नेपाली शिक्षा परिषद, २०३९ ।

तूफान, रमेश, **सिपाहीको चिठ्ठीबाट**, काठमाडौंः रूपायन प्रकाशन, २०४४ ।

.................., **रमेश तूफान नाम हुनुलाई,** काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५३ ।

नेपाल, वीरेन्द्र, **गोविन्दराज भट्टराईको जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र ने.के.वि.त्रि.वि., कीर्तिपुर, २०६४ ।

बोगटी, रामबहादुर, **बल्लभमणि दाहालको जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र ने.के.वि.त्रि.वि, कीर्तिपुर, २०६२ ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास,** काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६० ।

.................., **कविताको संरचनात्मक विश्लेषण**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०६२ ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद, **शोधविधि,** ते.सं., काठमाडौं : साझा प्रकाशन, २०६२ ।

सुवेदी, हेमराज, **राजेन्द्र सुवेदीको जीवनी, व्यक्तित्व र कृतित्व**, अप्रकाशित स्नातकोत्तर शोधपत्र ने.के.वि. त्रि.वि. कीर्तिपुर, २०५५ ।